# शिक्षक

www.teacher.org.np

मूल्य रु 30/-

वैशाख २०६७

- ओशो र शिक्षक
- म काम गर्छु: शिक्षा मन्त्री
- पीसीएफ वितरणको तयारी



# बढुवामा विसङ्गति

*कीर्तिपुर मावि, काठमाडौंका शिक्षक पोष्टराज चापागाई ।*




शिक्षक २५ औं अङ्क विशेष


BAJAJ
Distinctly Ahead
BAJAJ
दिल खुस
दिमाग खराब
हरेक Bajaj
मोटरसाइकलसँग
Samsung 21" Color TV
सित्तैमा*
*No Conditions Apply
PRISMA - O/M/10
Sole Authorised Dealer:
Hansraj Hulaschand & Co. Pvt. Ltd.
Teku Road, Kathmandu.
Ph. No: 4230001/4261200, Fax: 4220491
url: www.hhbajaj.com.np
DEALERS: Kathmandu Valley: Balaju, Tel: 4365884; Balkhu, Tel: 4279016; Balkumari, Tel: 5006403; Battisputali,Tel: 4497554; Bhaktapur, Tel: 6611777; Boudha,Tel: 016225725; Dillibazar, Tel: 4441042; Gongabu, Tel: 4359039; Gyaneshwore,Tel: 4435916; Kalanki, Tel: 4286015; Koteshwor Exchange, Tel: 2060424; Kumaripati, Tel: 5520811; Kupondole, Tel: 5011180; Lainchour, Tel: 4425579; Maharajgunj Exchange, Tel: 4720809; New Baneshwor, Tel: 4783875; Sitapaila, Tel: 4286452; Sukedhara Exchange, Tel: 9851073842; Thimi, Tel: 016631386.
Eastern Region: Biratchowk, Tel: 691049; Biratnagar, Tel: 524478; Birtamode, Tel: 540724; Damak, Tel: 582109; Dharan, Tel: 531382; Gaighat, Tel: 420424;Hile, Tel: 540161; Inaruwa, Tel: 9842036656; Itahari, Tel: 585442; Lahan, Tel: 560987; Rajbiraj, Tel: 520625; Siraha, Tel: 520974; Urlabari, Tel: 9842021944.
Central Region: Banepa, Tel: 662264; Bardibas, Tel: 550550; Birgunj, Tel: 523837; Chandranigahapur, Tel: 540663; Chanrauta, Tel: 520528; Dhading, Tel: 520382; Gaur, Tel: 520753; Hetauda,Tel: 522498; Janakpur, Tel: 521526; Jaleshwor, Tel: 521100; Lalbandi, Tel: 501564; Malangwa, Tel: 520703; Narayangadh, Tel: 523689; Parsa, Tel: 582886; Rampur, Tel: 690240; Trisuli, Tel: 561103.
Western Region: Anbukhaireni, Tel: 540404; Argakhachi, Tel: 420286; Baglung, Tel: 520882; Bhairawa, Tel: 527700; Butwal, Tel: 544649; Damauli, Tel: 560579; Gorkha, Tel: 4420717; Palpa, Tel: 520946; Parasi, Tel: 520048; Pokhara, Tel: 522315; Syangja, Tel: 9856027374; Tamghash, Tel: 520582; Taulihawa, Tel: 560246. Mid-Western Region: Dang, Tel: 560743; Lamahi, Tel: 540267; Nepalgunj, Tel: 522751; Surkhet, Tel: 521368; Tulsipur,Tel: 9857820899. Far-Western Region: Dhangadi, Tel: 520892; Mahendranagar, Tel: 525717; Tikapur, Tel: 560366; Lamki,Tel: 540033.

# शिक्षक मासिक

जिप्रका लपु दर्ता नं ५३/०६५/०६६

वर्ष २ पूर्णाङ्क २५

वैशाख २०६७
Apr–May 2010

आवरण: रबिन सायमि


## शिक्षक बढुवामा विसङ्गति

# सरकार नै गम्भीर भएन




'शिक्षक बढुवा' लाई शिक्षकको पेशागत स्तर उन्नतिको माध्यम मात्र होइन, छात्रछात्राको भविष्यसित सीधै सरोकार राख्ने विषयका रूपमा विकसित गर्नु आवश्यक छ।


आवरण ३६-४३
बाबुराम विश्वकर्मा


## गतिविधि


एसएलसी जाँचः जगायो आश ■ खराबको सूची बन्दैछ ■ स्कूलमा भारतीय सहयोग ■ शिक्षाशास्त्र सम्बन्धनमा कडाइ ■ सामुदायिक उमावि शिक्षकको नयाँ नेतृत्व ■ पीसीएफ निर्देशिका जारी ■ शिक्षकले खोले पुस्तकालय ■ राहतमा अनियमितताः अर्को प्रतिवेदनको पर्खाइ ■ शिक्षा ऐन संशोधनको तयारी

पृष्ठ १४-२१


शिक्षक समीक्षा

## २५औं अंक विशेष सामग्री


पृष्ठ २२-३५


## न उड्ने चरो बिचरो !


डा. तीर्थबहादुर श्रेष्ठ

पृष्ठ ५२-५५




## थप सामग्री


| | | |
|---|---|---|
| उदाहरणीय मन्त्री हुन चाहन्छु | सर्वेन्द्रनाथ शुक्ल, शिक्षामन्त्री | ३६ |
| शिक्षक बढुवासम्बन्धी कानुनी व्यवस्था | | ४६ |
| मूल्यांकन प्रणाली नै प्रभावकारी छैन | लवप्रसाद त्रिपाठी | ४८ |
| विनम्र शिक्षकले मात्र सिकाउन सक्छ | ओशो | ४९ |
| Fun with English Words | Laxman Gnawali | ५८ |


## स्तम्भ


विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, सुझाव र प्रतिक्रिया ४, जिज्ञाशा र जवाफ ८, मनका कुरा १०, फुर्सद ६०, जम्काभेट ६४


नव वर्ष २०६७ को उपलक्ष्यमा सम्पूर्ण शिक्षक, पाठक, विज्ञापनदाता एवं शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना।

शिक्षक मासिक


हिमाल एसोसिएसनका लागि **वसन्त थापा** द्वारा प्रकाशित, **सम्पादकः** राजेन्द्र दाहाल
**सल्लाहकार सम्पादकः** केदार शर्मा, **सहायक सम्पादकः** सुदर्शन घिमिरे, **वरिष्ठ संवाददाताः** बाबुराम विश्वकर्मा, **संवाददाताः** प्रमोद आयाम

**कार्यालयः** *शिक्षक* **मासिक,** पाटनढोका, ललितपुर, **पो.ब.नं. १६६, ललितपुर,** फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२, ग्राहक गुनासो- ४२६५६८६
फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# यी पाना तपाइँकै हुन्

पहिलो अङ्कदेखि अहिलेसम्मका पाना सरसर्ती गन्ने हो भने तपाइँले पढ्दै गर्नुभएको *शिक्षक* को पाना, १५०० औं पृष्ठभन्दा माथिको (आवरण बाहेक) हो। २०६४ माघमा प्रकाशित पहिलो अङ्कदेखि गताङ्कसम्म प्रकाशित सामग्रीहरू समसामयिक शैक्षिक सन्दर्भमा नेपालमा वा नेपाली भाषामा प्रकाशित सबभन्दा ठूलो सङ्कलन हो भन्न हामीले हिचकिचाउनुपर्दैन। तपाइँलाई थाहै छ, हामीले धेरै शिक्षकहरूका अनुभव, लेख-रचना र समाचारहरू पनि छापेका छौं। लेखरचनामा (पाठक प्रतिक्रियामा बाहेक) पाठकहरूको यति ठूलो सहभागिता हुने थोरै प्रकाशनहरूमध्येमा पर्छ *शिक्षक* मासिक।

मासिक एक लाखभन्दा बढी पाठकहरूले पढ्न थालेको *शिक्षक* मासिकले आफ्नै तरिकाले मुलुकको शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पार्ने विश्वास छ। हामीले कतिपय स्थानीय रेडियो स्टेशनहरूले समेत हाम्रा लेखहरू पढेको वा तिनमा उठाइएका विषयवस्तुहरूमा छलफल चलाएको पाएका छौं। स्रोत उल्लेख गरेर अर्थात् लेखक र पत्रिकाको नामसहित सामग्री उद्धृत गर्दा हामीलाई खुसी नै लाग्छ किनभने त्यसलाई हामी हाम्रो प्रकाशन र हाम्रा लेखकहरूप्रतिको सम्मान र विश्वासका रूपमा लिन्छौं। र, यो व्यावसायिक धर्म पनि हो।

हामीलाई खुसी लाग्ने अर्को कुरा पनि छ, तपाइँको हातमा रहेको यो सानो पत्रिका कुनै पेशागत समूहलाई लक्षित गरिएको सबैभन्दा ठूलो नेपाली प्रकाशन तथा समुदाय विशेषका लागि लक्षित पत्रकारिताको एउटा नमुना हो। फलस्वरुप यो पत्रिका शिक्षा, शिक्षण र शिक्षकहरूका बारेमा कुरा उठाउने तथा छलफल र विश्लेषण गर्ने फराकिलो साझा मञ्चको रूपमा स्थापित बन्न पुगेको छ। *शिक्षक* किनेर, पढेर, पाठक प्रतिक्रिया पठाएर, लेख-रचना समेत लेखेर हामीलाई धेरै शिक्षक साथीहरूले सघाउनुभएको छ। महिनैपिच्छे सयौंको सङ्ख्यामा आउने पाठकका पत्र, प्रतिक्रिया र रचनाहरूलाई हामीले यसको लोकप्रियता र प्रभावकारिताको प्रमाणका रूपमा लिएका छौं।

अरू धेरै क्षेत्रहरू जस्तै नेपालको शैक्षिक क्षेत्र पनि छलफल, सम्वाद र अन्तरक्रियाहरूको अभावबाट पीडित र प्रताडित छ। शिक्षा नीति र प्रणालीहरूमा व्यापक फेरबदल हुँदा पनि त्यसबाट प्रभावित वर्ग र समुदायका बीचमा छलफल चलाउनुपर्छ भन्ने कुरालाई सरकार र दाताहरूले खासै महत्त्व दिने गरेको पाइँदैन। सामान्यतया शिक्षकहरूमा सरकारले उठाएका हरेक कुरालाई विरोध गर्नै पर्ने प्रतिपक्षी मानसिकता हुर्किएको र कर्मचारीहरूले सदैव 'शासक' को भूमिका निर्वाह गर्ने गरेको पनि संवादहीनताकै परिणाम हो। हाम्रो यस प्रयासले नेपालको शैक्षिकजगतमा व्याप्त संवादहीनतालाई कम गराउन पक्कै पनि योगदान पुगेको छ। हामी घटनाहरू हेर्छौं, प्रवृत्तिहरू केलाउँछौं र सकेसम्म दुष्परिणामहरूप्रति सजग गराउन कोशिश गर्छौं। *शिक्षक* को पत्रकारिता मुलुकको शैक्षिक आवश्यकता र लगानी, शिक्षकहरूको हकहित र प्रतिष्ठा, अभिभावकहरूको सपना तथा विद्यार्थीहरूको उज्ज्वल भविष्यप्रति प्रतिबद्ध छ।

**_शिक्षक_ लाई आफ्नो पत्रिका ठान्नुहोस्, _शिक्षक_ पढ्नुहोस्, _शिक्षक_ का लागि लेख्नुहोस्, _शिक्षक_ को ग्राहक बन्नुहोस्, उपहारका रूपमा पनि _शिक्षक_ नै दिनुहोस्। यी पाना तपाइँका हुन्, तपाइँका लागि हुन्। यिनलाई सार्थक र शक्तिशाली बनाउनुहोस्।**

हामी आफूले जति डम्फू बजाए पनि गएको दुई वर्षमा हामीले के गर्‍यौं र के गर्न सकेनौं भन्ने कुराको सबभन्दा ठूलो साक्षी तपाइँ पाठक/शिक्षकहरू नै हुनुहुन्छ। यसलाई के गरेर अझ राम्रो र प्रभावकारी बनाउन सकिन्छ भन्ने बारेमा पनि तपाइँलाई धेरै कुरा थाहा छ। हामी तपाइँका आवश्यकता, विचार र भावनालाई मञ्च दिने काम मात्र गर्छौं। हामीले पटक-पटक आग्रह गरेको कुरा फेरि दोहोर्‍याऊँ, *शिक्षक* लाई आफ्नो पत्रिका ठान्नुहोस्, *शिक्षक* पढ्नुहोस्, *शिक्षक* का लागि लेख्नुहोस्, *शिक्षक* को ग्राहक बन्नुहोस्, उपहारका रूपमा पनि *शिक्षक* नै दिनुहोस्। यी पाना तपाइँका हुन्, तपाइँका लागि हुन्। यिनलाई सार्थक र शक्तिशाली बनाउनुहोस्। त्यो नै तपाइँले हामीलाई २५ अङ्क पुगेको उपलक्ष्यमा दिने सबभन्दा राम्रो शुभकामना, बधाई वा उपहार हुनेछ।

हाम्रोतर्फबाट भने हाम्रा सबै पाठकलाई वि.सं. २०६७ को शुभकामना।

## बोल्ने ओडार

एउटा वनमा एउटा सिंह बस्थ्यो। एकपल्ट उसले दिनभरि वनमा घुम्दा पनि कुनै जनावरलाई मार्न सकेन। ऊ भोकै थियो। जाँदाजाँदा उसले एउटा ओडार देख्यो। ओडारभित्र कुनै जन्तु बसेको हुनसक्छ भन्ने उसले विचार गऱ्यो। ऊ भित्र पस्यो। तर त्यहाँ कुनै जनावर थिएन। राति कोही न कोही त बास बस्न आउला भन्ने सोचेर सिंह ओडारभित्रै लुकेर बसिरह्यो।

केही बेरपछि त्यहाँ एउटा स्याल आइपुग्यो। त्यो स्याल सधैँ त्यही ओडारमा बस्ने गर्दथ्यो। ओडारभित्र पस्नुअघि उसलाई ओडारभित्र केही बसेको छ कि भन्ने शङ्का लाग्यो। उसले ओडारबाहिर भुइँमा सिंहका पाइलाको चिनो देख्यो। ती पाइला ओडारतिर फर्केका थिए। ओडारबाट बाहिर निस्केको चिनो भने थिएन। त्यो देखेपछि स्यालले पक्कै पनि ओडारभित्र सिंह लुकेको हुनुपर्छ भन्ने अड्कल गऱ्यो। तर सिंह भित्र छ भन्ने कसरी निधो गर्ने?

केहीबेर सोचेपछि स्याल ओडारको मुखैमा गयो र चिच्यायो, "ए ओडार, म आउँदा जहिले पनि तिमीले मलाई बोलाउँथ्यौ। स्वागत गर्थ्यौ। तर आज चुपाचाप छौ। म आएको तिमीलाई मन परेन भने अन्तै जान्छु।"

स्यालको कुरा सुनेर सिंहलाई पक्कै पनि ओडारले स्वागत गर्थ्यो होला भन्ने लाग्यो र उसले भित्रबाट "स्याल भाइ तिम्रो स्वागत छ" भन्यो।



यसरी ओडारभित्र सिंह लुकेको प्रमाणित भएपछि स्याल त्यहाँबाट कुलेलम ठोक्यो।

***शिक्षा:*** ***परिस्थितिको अध्ययन र बुद्धिको प्रयोग गर्ने बानीले ज्यान जोगाउन मद्दत पुग्छ।***

**नेपाली भाषाको वेबसाइट** http://www.balsansar.com/ **बाट**



# प्रतिक्रिया र सुझाव




## आधार नै छैन के सुधार्ने ?

उच्च माध्यमिक शिक्षासम्बन्धी अन्तरक्रिया कार्यक्रम (*शिक्षक* चैत २०६६) मा परिषद्का उपाध्यक्षलगायतले व्यक्त गर्नुभएका विचार उचित नै भए पनि शिक्षा मन्त्रालयका सहसचिव महाश्रम शर्माका विचारहरू पढ्दा उदेक लाग्यो। उहाँले 'उच्च मावि तहको शिक्षामा धेरै समयसापेक्ष सुधार जरुरी छ भन्ने कुरामा एकमत छौं' भन्नुभएको रहेछ। तर उच्च माविमा थुप्रै कुराहरूको आधार नै बनेको छैन भने उहाँले कसरी सुधार गर्नुपर्ने देख्नुभयो? जस्तैः शिक्षकहरूको अवस्था, स्थायी सम्बन्धन, तालिम, परीक्षा आदि। त्यसैगरी उहाँको अर्को विचार छ, "उमाविका लागि सरकारले दिने सहयोगबारे त्यतिबेला स्पष्ट नीति ल्याएको भए समस्या हुने थिएन।" शिक्षा सहसचिवको विचार त यस्तो गोलमटोलपूर्ण छ भने शिक्षाको हालत कस्तो होला ? उतिबेला ल्याइदिनुपर्नेले ल्याइदिएन। अब यति बेलाकाले उति बेलाकालाई मात्र दोष दिएर त हुँदैन। स्नातकोत्तर उत्तीर्ण गरी उमावि तहमा अध्यापन गरिरहेकाहरूले उमावि तृतीय दरबन्दीमा बस्न पाउनुपर्ने कुरा न्यायसङ्गत हुँदैन र!

त्यस्तै उहाँको अर्को कथन छ, "स्नातकोत्तर गरेका शिक्षक ५/६ जना भएपछि उनीहरूले ८ देखि १२ सम्म नै पढाउँछन्।" उहाँले कहाँका उच्च माविहरूको कुरा गर्नुभएको हो नेपालका कि विदेशका ? ११ र १२ कक्षा गरी ३०० जति विद्यार्थीहरू भएको विद्यालयमा कक्षा ११ र १२ मा मात्रै पाँच जना पूर्णकालीन र १० जना जति आंशिक शिक्षकहरूले अध्यापन गर्दा पनि पूर्णकालीन शिक्षकहरूले ४/५ पिरियड पढाउनुपर्ने बाध्यता छ। उहाँले शिक्षाका बारेमा यस्ता अभिव्यक्ति दिएर अध्यापकहरूको कार्यभारको सवालमा नजरअन्दाज गर्नु भए जस्तो भएन र? त्यस्तै उहाँको अर्को धारणा छ, "उमाविहरूको व्यवस्थापन र प्रशासनको जिम्मा केन्द्रमा विभागको हुने र स्थानीयस्तरमा जिल्ला शिक्षाको बनाउनुपर्छ।" विभागले र जिल्ला शिक्षा कार्यालयहरूले अहिले भइरहेका विद्यालयहरूलाई त सञ्चालन गर्न नसकिरहेको अवस्थामा उच्च माविहरूलाई व्यवस्थित र गुणस्तरीय ढङ्गले सञ्चालन गर्न सक्छन् भन्नु शैक्षिक मजाक भएन र? अनि त्यसो गर्नु भनेको एकात्मक शासन प्रणालीकै नमुना भएन र? शायद शिक्षाको नीति निर्माणमा र व्यवस्थापनको क्षेत्रमा शिक्षकहरूको कमजोर भूमिकाको कारणले नै नेपाली शिक्षाले दुःख पाइरहेको छ।

**देव शर्मा**
**शिवालय उमावि, कुश्मा, पर्वत**

## शिक्षा परियोजना र दीक्षितको झोंक

धेरै समयपछि डा. शान्ता दीक्षितको लेख पढ्ने मौका मिल्यो। शिक्षा क्षेत्रमा आफ्ना विचारहरू निर्धक्क, निस्वार्थ र निष्ठाका साथ राख्ने स्पष्टवक्ताको रूपमा चिनिनुहुन्छ। विगतमा जस्तै 'परियोजनै परियोजनाको जञ्जाल' शीर्षकको लेखले पनि उहाँका ती विशेषता समेटेका छन्।

उहाँलाई दातृ निकाय, शिक्षा मन्त्रालय, कर्मचारी र तिनका काम गर्ने तरिका, राजनीतिक अगुवा, नेपालका नाम चलेका शिक्षाविद् आदिसँग धेरै नै झोंक चलेको जानकारी लेखका हरफ-हरफबाट पाइन्छ। त्यसैगरी कार्यक्रमको हकमा पनि परियोजना, शिक्षक तालिम, स्रोतकेन्द्र व्यवस्थापन, फ्ल्यास रिपोर्टका तथ्याङ्क आदिसँग पनि उहाँको चित्त नबुझेको देखिन्छ।

सरकारी क्षेत्रमा दातृ निकायको संलग्नता र विशेष गरी तिनको हस्तक्षेप उहाँलाई मन नपरेको देखिन्छ। लेखको अधिकांश भाग एसएसआरको चिरफारमा

## फर्किएर हेर्ने हो कि ?

सिकाइ त्रि-मुखी प्रक्रिया हो। यो प्रक्रियामा शिक्षक, विद्यार्थी र अभिभावक प्रत्यक्ष संलग्न हुन्छन्। यी तीनवटै पक्षहरू क्रियाशील नभई सिकाइ प्रायः असम्भव हुन्छ। तर, शिक्षक को फागुन अङ्क २०६६ मा "चिटिङ फि रु.५०० देखि रु.२५००" शीर्षकमा छापिएको समाचार पढ्दा ज्यादै दुःख लाग्यो। के हामी नेपाली अभिभावक र विद्यार्थीले चाहेको शिक्षा यस्तै हो त? के नेपाली विद्यालयहरू शैक्षिक बेरोजगार उत्पादन गर्ने उद्योगहरू मात्र हुन्? के अब विद्यार्थीहरूले पढ्नुपर्दैन? के अब शिक्षकहरूले पढाउनु नपर्ने हो? आफ्नै सन्ततिहरूको भविष्य अन्योलतर्फ उन्मुख हुँदा अभिभावकहरू किन मौन छन्? हामी शिक्षक, विद्यार्थी र सम्पूर्ण अभिभावकहरू चिटिङ संस्कारलाई किन मलजल गरिरहेका छौं? खुलेआम विद्यार्थीहरूबाट मनलागी पैसा असुलेर चिट चोराउनेहरूलाई किन कारबाही हुँदैन? शिक्षाको व्यापारीकरण बढिरहँदा र 'चिट संस्कृति' मौलाउँदै जाँदा सम्बन्धित सम्पूर्ण पक्षहरू किन मूकदर्शक बनिरहेका छन्?

पेशाले म पनि शिक्षक नै हुँ। यदि मैले सम्पूर्ण शैक्षिक निकायलाई गाली गरेको ठहरिँदैन; 'चिट संस्कृति' प्रति लालायित हुँदै गरेका विद्यार्थीहरूलाई घृणा गरेको ठहरिँदैन र आफू जलेर अरूलाई उज्यालो प्रदान गर्ने गुरुहरूको मानहानि गरेको ठहरिँदैन भने हामीहरूले आ-आफ्नो ठाउँबाट आ-आफ्नो काम, कर्तव्य र अधिकार एवम् हाम्रो शैक्षिक गुणस्तरतर्फ एकपटक फर्किएर हेर्ने हो कि ?

**राजन भुजेल**
**भाषा निमावि, बडकादियाले-५, खोटाङ**

बितेको छ। लेखकलाई एसएसआर नयाँ परियोजनाको रूपमा राम्रो लागेको देखिन्छ। दिएका सुझावहरू निश्चित रूपमा उहाँको रातो बङ्गलाको सफल सिकाइ र अनुभवको आधारमा प्रस्तुत भएको हुनुपर्छ।

'तालिम प्राप्त शिक्षकको अभाव छ', 'शिक्षा मन्त्रालयलाई शिक्षकको तलब र सानो मसलन्द खर्च पुऱ्याउनमै हम्मे पर्छ', 'किन सरकारले चलाएका विद्यालयहरूमध्ये एउटालाई पनि हामीले नमुना रूपमा पाउन नसकेको?' आदि वाक्यहरू सरकारी त के अन्य सामान्य शिक्षाकर्मीलाई पनि पचाउन गाह्रो पर्नेछ। यस्ता वाक्यले नेपालको शिक्षा सम्बन्धमा डा. दीक्षित कति जानिफकार हुनुहुन्छ भन्ने कुराको अड्कल जसले पनि काट्न सक्छ।

"वैदेशिक सहयोगबाट नै शिक्षाको गुणस्तरको मापदण्ड तोकिन्छ, पाठ्यक्रमको विकास र परिमार्जन गरिन्छ र शिक्षकले तालिम पाउँछन्। सरकारले शिक्षा प्रणालीको राम्रो खाका कोर्न नसकेकाले दातृ संस्थालाई शिक्षा क्षेत्रमा हात हाल्न कर लागेको छ" भन्दै शिक्षा क्षेत्रमा आफूलाई चित्त नबुझेको कुराबाट शुरु भएको लेख "एसएसआर (एउटा अर्को परियोजना) ले केही वर्षसम्म काम गर्दै जानेछ। तर, यो योजनाले निरन्तरता पाउनुपर्छ... वैदेशिक शुभचिन्तकहरूले यसको सहयोग गर्नुपर्छ (पाठकलाई जानकारी रहोस् कि यसको दातृ निकाय एडीबी हो" भनेर अन्त्य गरिएको छ।

**प्रकाशसिंह अधिकारी, काठमाडौं**

## एकलकाँटे नहोस् !

कुनै-कुनै घटना-सन्दर्भहरूमा *शिक्षक* अलि एकलकाँटे रूपमा प्रस्तुत हुने गरेको छ। उदाहरणको लागि, यही चैत अङ्कको 'दलित प्रअ हटाउन माओवादी दबाब' शीर्षकको समाचारलाई मैले सहज रूपमा लिन सकिनँ। म धनकुटाको घोर्लिखर्कभन्दा धेरै टाढाको मानिस हुँ। म शिक्षकहरू कुमार विश्वकर्मा र राजेन्द्रप्रसाद चौधरी कसैलाई पनि चिन्दिनँ। न त वि.व्या.स. अध्यक्ष लिलम विश्वकर्मासँग मेरो कुनै सम्बन्ध छ। निज चौधरीलाई विद्यालयको रकम हिनामिना गरेको; शैक्षिक योग्यता नपुगेको; विद्यालयको शैक्षिक स्तर सुधार गर्न नसकेको आदि आरोप लगाइए तापनि मुख्य कारणचाहिँ व्यवस्थापन समितिको निर्णय नमानेकाले प्रअबाट हटाइएको कुरा समाचारबाट सहजै बुझ्न सकिन्छ। माथिल्लो शैक्षिक योग्यता प्राप्त शिक्षक उपलब्ध हुनेबित्तिकै र प्रअले विव्यासको निर्णयमा असहमति जनाउने बित्तिकै विव्यासले प्रअ हटाउने परम्परालाई प्रश्रय दिने हो भने नवनियुक्त प्रअ कुमार विश्वकर्माजीले बुझिराख्नुभए हुन्छ– कुनै दिन तपाईंको पनि विव्याससँग मत/मतान्तर भयो र तपाईंभन्दा बढी शैक्षिक योग्यता भएको शिक्षक विद्यालयमा उपलब्ध भयो भने तपाईंले स्पष्टीकरणको मौका पाउनुभन्दा अगाडि तपाईंको पनि चौधरीजीकै हालत हुनेछ। यस घटनामा आफ्नो निर्णयलाई बलियो बनाउन विव्यासले 'दलित कार्ड' अगाडि सारेको छ भने शिक्षक ले यसलाई माओवादी पार्टीकै मान-मर्दन गर्ने मसलाको रूपमा प्रयोग गर्न खोजेको आभास हुन्छ। शिक्षक ले कुनै पार्टीको शिक्षासँगको संलग्नताको राम्रो र नराम्रो पक्षको विश्लेषण गर्न कुनै घटनाविशेषसँग जोडेर सामान्यीकृत गर्ने होइन, उक्त पार्टीले त्यस्ता घटनाहरूलाई हेर्ने दृष्टिकोण र बनाउने नीति र त्यसले समाजमा पार्ने दीर्घकालीन असरको बारेमा विश्लेषण गर्न सक्नुपर्छ।




**बालकुमार जमरकट्टेल, शिक्षक**
**नवयुग मावि, जैसीदेवल, काठमाडौं**

## 'प्रेरक प्रसङ्ग' राम्रो लाग्यो

२०६६ फागुन महिनाको *शिक्षक* मा समावेश प्रेरक प्रसङ्ग अन्तर्गतको अनूदित रचना 'दुई पाना कागज' एकदमै उत्कृष्ट लाग्यो। विद्यार्थीलाई कसरी सिकाइप्रति रुचि बढाउने भन्ने बारेमा सोच्नु सबै शिक्षकहरूको दायित्व हुन्छ। 'दुई पाना कागज'ले म जस्तै हजारौं शिक्षकलाई प्रभावित बनाएकोमा प्रस्तुतकर्ताप्रति हार्दिक आभार व्यक्त गर्छु।

**टीका डुम्रे**
**सिर्सेकोट-१, डाँडाखर्क, स्याङ्जा**



## डा. वाग्लेको मन छुने लेख

विभिन्नखाले पत्रिकाहरूको भीडमा मलाई सबभन्दा बढी मनपर्ने पत्रिका हो *शिक्षक*। यसले शिक्षकको पेशागत सीप विकासमा राम्रो सहयोग गरेको छ। यसमा समेटिएका सामग्रीको अध्ययनबाट शिक्षकको मनोबल र आत्मविश्वास बढेको छ। पठनपाठन प्रभावकारी र रोचक बनाउन मद्दत गरेको छ।

*शिक्षक* मा छापिएका प्रायः सबै सामग्रीहरू मन पर्छन् मलाई। हालसम्म प्रकाशित सामग्रीमध्ये सबभन्दा बढी मनपरेको सामग्री चाहिँ फागुन २०६६ को अङ्कमा छापिएको डा. मनप्रसाद वाग्लेको 'शिक्षक विकास: किन र कसरी?' शीर्षकको विश्लेषणात्मक लेख हो। जिज्ञाशा र जवाफ स्तम्भ नहटाउँदा राम्रो। शहर र राजधानीबाहिरका राम्रा विद्यालय र

# प्रतिक्रिया र सुझाव

शिक्षकलाई समेट्न मोफसल शीर्षकको नयाँ स्तम्भ थप्दा राम्रो । मोफसलका शिक्षक सामग्रीलाई पनि स्थान दिनुपर्‍यो । पत्रिका प्रकाशित हुनासाथ वेबसाइटमा राखिहाल्नुपर्‍यो ।

**बद्रीप्रसाद घिमिरे**
**कालिका उमावि, टेकानपुर, सिन्धुपाल्चोक**

## विदेशीले थाहा नपाइदिएका भए हुन्थ्यो

सानो उमेरदेखि नै हाम्रा विद्यार्थीहरूले अनेक ज्ञान, सीप र अभिवृद्धिका कुराहरू सिक्दै गएर, खासगरी कक्षा १० को अन्त्यमा गएर चाहिँ डकैती नै गर्न जान्ने हुने रहेछन् । २०६६ फागुनको *शिक्षक* मा प्रस्तुत 'प्रतिक्रिया र सुझाव' देखि लिएर आवरण लेख तथा अन्य सामग्रीहरूबाट यही कुराको पुष्टि हुन्छ । लाग्यो– हाम्रो देशमा विद्यमान यस्ता शैक्षिक विकृतिका कुराहरू पढ्नु नपरेको भए कति राम्रो हुन्थ्यो ! हामीले त पढ्नै पर्‍यो– कति ढाँट्नु, कति लुकाउनु ? तर विदेशीहरूले चाहिँ यो अङ्क नपढिदिएका भए हुन्थ्यो ।

**अनिमेष पाठक**
**सिद्धिचरण मार्ग, ओखलढुङ्गा**

## *शिक्षक* पाउन गाह्रो, पढ्न रमाइलो

प्राचार्य नारायणप्रसाद चापागाईंले जनसङ्ख्या विषय पढाउनुहुँदा *शिक्षक* मासिक पत्रिकाबाट सिकेका कुराहरू हामीलाई सुनाउनुहुन्थ्यो । उहाँले हामीलाई पनि *शिक्षक* मासिक पढ्न सुझाव दिनुहुन्थ्यो । यसरी मेरो मनमा *शिक्षक* मासिक के हो ? यसमा के पाइन्छ भन्ने कुराले कौतुहल जगाइरहेको थियो ।

श्री जालपादेवी माध्यमिक विद्यालय, आमभञ्ज्याङमा भएको २८औं जुनियर युवा गोष्ठीमा सहभागिता जनाएर फर्कने क्रममा सदरमुकाममा आएर *शिक्षक* मासिक पत्रिका खरिद गरेँ । *शिक्षक* मासिक अध्ययन गरेपछि यो शिक्षक र विद्यार्थीका लागि अत्यन्त उपयोगी रहेछ भन्ने कुरा थाहा पाएँ । यसमा संलग्न हरेक कुराहरू तार्किक र ज्ञानवर्द्धक लाग्यो । यसरी यसको नियमित अध्ययन गर्ने अभिरुचि बढ्यो । किताबी ज्ञानको साथै आजको प्रतिस्पर्धाको युगमा *शिक्षक* अत्यन्त उपयोगी छ भन्ने ठानेँ । तर हेटौंडामा *शिक्षक* मासिक आएको एक साता नपुग्दै पाउन मुस्किल पर्छ । यसर्थ म सम्पादकसमक्ष यसको सङ्ख्या-वृद्धि गर्न हार्दिक अनुरोध गर्दछु ।

**सिवेसकुमार सिंह**
**महेन्द्र उमावि, छतिवन-६, मकवानपुर**

## अस्थायी शिक्षकको यो हाल !

मानसिक हिसाबले अस्वस्थ दुईजना मानिसले एकदिन सडकछेउको घर देखेपछि आश्चर्य मानेछन्, "हेर ! यति राम्रो घरलाई किन सडकको घाममा राखेका होलान् !" त्यसपछि तिनीहरू घरलाई ठेल्न थालेछन् । ठेल्दाठेल्दै घाम अस्तायो । अनि सन्तोषको सास फेर्दै तिनले भनेछन्, "बल्लबल्ल शीतलमा सारियो !"

सन्दर्भ; अस्थायी शिक्षकको हो । पेन्सन पाक्ने अवधिसम्म अस्थायीको अस्थायी नै रहिरहेका शिक्षकहरूलाई सम्बन्धित निकायहरूले, बिरालोले मुसो खेलाए झैं खेलाइरहेका छन् । कार्यदल, सुझाव, प्रतिवेदन, सम्झौता, घोषणाहरूको गणना गरेर साध्य छैन । बेफ्वाँकमा खर्च भइरहेछ, गरिब देशको श्रम र सम्पत्ति । जनार्दन कार्यदलको प्रतिवेदन ज्यादै राम्रो थियो । अहिले त्यो कहाँ पुग्यो ? शिक्षक (माघ २०६६) को गतिविधि बाट 'शिक्षा ऐन संशोधन गर्ने तयारी' बारे बुझियो । तर त्यसमा विगतका सहमतिहरूलाई सम्बोधन गर्ने गरी 'संशोधन' हुने हो, होइन ! यस सन्दर्भमा मेरो सानो अनुरोध के छ भने– कार्यरत अस्थायी शिक्षकहरूलाई निश्चित प्रतिशत छुट्याएर आन्तरिक प्रतिस्पर्धा गराइयोस् । विगतको पचास प्रतिशतको विज्ञापनमा वैकल्पिक सूचीमा परेका उम्मेद्वारहरूलाई यथाशीघ्र स्थायी नियुक्ति दिइने व्यवस्था मिलाइयोस् । अन्यथा, घर सार्दा सार्दै साँझ परेझैं


## *शिक्षक* का पुराना अङ्क



*शिक्षक* मासिकको २०६५ सालका अंकहरू 'बाइण्डिङ' गरिएको सङ्ग्रह तयार भएको छ । इच्छुक पाठकहरूले नजिकको पत्रिका पसल वा शिक्षकको कार्यालय (फोनः ५५४८१४२) मा सम्पर्क राख्नुहोला ।

**मूल्य रूः ३५०/-**



**विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा**
**एम.एड.(अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)**
**बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)**
**+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ ।**

- ✓ २०६७ वैशाख १५ मा हुने क्याम्पसको वार्षिकोत्सव समारोहमा आमन्त्रण ।
- ✓ एकवर्षे बि.एड. तथा एम.एड. प्रथम वर्षको नयाँ कक्षा सञ्चालन २०६७ वैशाखबाट ।
- ✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत् सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन ।
- ✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म

**पहिलो सामुदायिक शिक्षा क्याम्पस**

**काठमाडौं शिक्षा क्याम्पस**
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोनः ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
नोटिस बोर्ड नं.: क्याम्पस विषेश सूचना (१६१८०१४२३०२४०)
विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१) उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ ।

E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

अस्थायी शिक्षकहरू यो संसारबाट बिदा भई नसकून् !

कमला राजभण्डारी
गुराँस निमावि दिब्दी, जलेश्वरी–८, खोटाङ

## दलहरू टाढै बस !

म उच्च शिक्षा अध्ययन गरिरहेको एक विद्यार्थी हुँ । तर म 'विद्यार्थीहरूले राजनीति गर्नुहुँदैन' भन्दिनँ; किनभने सही समानता र आफ्ना हक-अधिकारहरूको सुनिश्चिततामा तल्लीन गराउन राजनीति गर्नै पर्ने हुन्छ । तर, आज राजनीतिको नाममा फोहोरी, अशुद्ध र घृणित जाग्दो राजनीति भइरहेको छ । क्याम्पस र +२ तिर प्रत्येक शैक्षिक सत्रमा १८० दिन मात्र पढाइ हुन्छ । त्यसमा पनि मुसो मरे चक्काजाम, बिरालो मरे विद्यालय बन्द जस्ता अराजनीतिक क्रियाकलापले शैक्षिक क्षेत्रमा विषम परिस्थिति हावी भइरहेको छ । आजका मुनाहरू फक्रिन पाइरहेका छैनन् । विद्यार्थीको प्रतिनिधित्व गर्दै आएका विद्यार्थी नेताहरू यस बारेमा मौन रहने गरेका छन् ।

यसर्थ अब हामी सबै विद्यार्थी वर्ग सचेत हुनुपर्ने बेला आएको छ । यदि कुनै पनि दलले शैक्षिक क्षेत्रलाई राजनीतिको थलो बनाएर हस्तक्षेप गर्छ भने हामी सबैले त्यसको अवज्ञा गर्नै पर्छ । शैक्षिक संस्था स्वतन्त्र हुनुपर्छ । यदि आजका कोपिलाहरूले फुल्न पाएनन् भने भोलि देश कुन मोडतिर धकेलिन्छ । त्यसैले नेपालका सम्पूर्ण राजनीतिक दलहरू शैक्षिक क्षेत्रलाई आफ्नो राजनीतिकरणको थलो बनाई गैरजिम्मेवार नबन्नुस् !

हिमाल उदासी
सिद्धेश्वर–१, साँफे, निश्छलबजार, अछाम

## मेरा केही सुझाव

*शिक्षक* पत्रिका मलाई अति मनपर्छ । सबैभन्दा बढी 'हेराइ-बुझाइ' स्तम्भ मन पर्छ । मलाई यसमा निम्न कुराहरू थप र परिमार्जन गरेमा अरू राम्रो हुन्थ्यो होला जस्तो लाग्छ ।

- कथा, कविता र चुट्किलाहरू समावेश गर्ने;
- प्रत्येक पृष्ठको अन्त्यमा महत्त्वपूर्ण भनाइहरू राख्ने;
- 'अविस्मरणीय क्षण' स्तम्भ राखी शिक्षकका अविस्मरणीय क्षणहरू क्रमश: प्रकाशित गर्ने;
- शब्दखेल, सुडोकु र अन्ताक्षरी अत्यन्त सजिला भएको हुँदा यिनीहरूलाई पनि सामान्यज्ञान जस्तै कठिन बनाउने;
- पत्रिकाको मूल्य बढाएर भए पनि प्रत्येक स्तम्भका तीनजना सहभागीलाई पुरस्कृत गर्ने;
- 'फुर्सद' स्तम्भलाई सामान्य व्यवस्थापन गरिएमा लेखहरू नकाटिने ठाउँहरू प्रशस्त छन् । यसमा विशेष ध्यान दिने। सकिन्छ भने अन्य प्रतियोगितात्मक स्तम्भहरू थप्ने;
- सामान्यज्ञानमा ठेट उत्तर आउने (अनुमानित होइन) प्रश्न समावेश गर्ने;
- 'सामान्यज्ञान' स्तम्भ राख्ने र एक पटकमा एक पेजभरी सामान्यज्ञान दिने;
- सामग्रीलाई स्थानाभाव भएमा पृष्ठ र मूल्य बढाउने ।

गुप्तबहादुर भण्डारी
महेन्द्र प्रावि, मलम्पार,
मल्कवाङ–७, म्याग्दी



## जिज्ञाशा

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ७ मा 'प्रावि, निमावि र मावि तृतीय श्रेणीको पद खुला प्रतियोगितात्मक परीक्षाबाट र द्वितीय तथा प्रथम श्रेणीको रिक्त पद बढुवाको माध्यमवाट पूर्ति गरिने' व्यवस्था छ। २०५२ सालको खुला विज्ञापनबाट नियुक्त भएका माध्यमिकसरह समान न्यूनतम शैक्षिक योग्यताका नि.मा. द्वितीय श्रेणीका शिक्षकहरूलाई विद्यमान नियमावली अनुसार नियुक्ति पदस्थापन गर्दा माध्यमिक तृतीय श्रेणीमा गर्नुपर्नेमा त्यसो गरिएको छैन। खुला नि.मा. द्वितीय श्रेणीका शिक्षकलाई मा.शि. तृतीय श्रेणीमा पदस्थापन, रुपान्तरण गर्ने विषयमा सरकार र शिक्षक युनियनबीच दुईपटक सम्झौता भएपनि त्यसको कार्यान्वयन नहुँदा हाम्रो बढुवा, अध्यापन अनुमति, सरुवा समेत प्रभावित भएको छ। हामीलाई कहिलेसम्म मा.शि. तृतीय श्रेणीमा पदस्थापन गरिएला?

**खुशीराज गौतम, इन्दु कोइराला, धुथर मण्डल, प्रमोदकुमार दास, ज्योतिप्रसाद चौधरी, सुबोधकुमार मण्डल, अर्जुन झा तथा २०५२ सालको खुला विज्ञापनको आधारमा नियुक्त नि.मा. द्वितीय श्रेणीका शिक्षकहरू, मोरङ**

## जवाफ

सो व्यवस्था कार्यान्वयनका लागि विद्यमान शिक्षक सेवा आयोग नियमावली-२०५७ र शिक्षा नियमावली-२०५९ संशोधन गर्नुपर्ने हुन्छ। हाल नियमावली संशोधनको प्रक्रिया अगाडि बढाइएको छ।

**विदुरराज गिरी**
**उपसचिव, शिक्षा मन्त्रालय**

## जिज्ञाशा

२०५२ सालमा खुलेको शिक्षक आयोगको नतिजा २०६० मा प्रकाशित भएपछि शिक्षक सेवा आयोगले नयाँ भर्ना खोलेको छैन। दुई-दुई वर्षमा नयाँ विज्ञापन गरेर निश्चित सेवा अवधि पूरा गरेका शिक्षकलाई निवृत्तिभरण दिई नयाँलाई शिक्षण पेशामा आवद्ध गराउन आयोगले नयाँ विज्ञापन कहिले गर्छ?

**शालिग्राम अर्याल 'बन्धु'**
**टापु भञ्ज्याङ राष्ट्रिय निमावि स्वरेक-४, टापुभञ्ज्याङ, स्याङ्जा**

## जवाफ

शिक्षकको खुला प्रतियोगितात्मक परीक्षा सञ्चालनलाई प्रत्येक वर्ष स्वीकृत कार्यक्रममा समेट्ने गरिएको छ। शिक्षा ऐन, २०२८ मा 'तोकिएबमोजिम' विज्ञापन गर्नुपर्ने उल्लेख भएपनि त्यसलाई परिभाषित गर्न शिक्षक सेवा आयोग नियमावली संशोधन गर्नुपर्ने हुन्छ। हाल नियमावली संशोधनको प्रक्रिया अगाडि बढाइएको छ। सो संशोधन भएपछि आयोगले खुल्ला विज्ञापनको प्रक्रिया शुरु गर्नेछ।

**वैकुण्ठप्रसाद काफ्ले**
**उपसचिव, शिक्षक सेवा आयोग**

## जिज्ञाशा

११ कात्तिक २०६६ मा सरकार-शिक्षक सहमतिको बुँदा नं. १२ मा 'राहत शिक्षकलाई पनि अन्यसरह तलब र महँगी भत्ता दिने' भनिएको छ। तर, हामीले अहिलेसम्म बढेको तलब पनि पाएका छैनौं। सोही बुँदामा राहत शिक्षकहरूले कल्याणकारी कोषको रकमलाई निरन्तरता नदिने भनिएको छ। के म जस्ता राहत शिक्षकले सो कोषमा अब रकम जम्मा गर्नुपर्दैन? हामीले यसअघि जम्मा गरेको कोषको सञ्चित रकम झिक्न वा निकाल्न मिल्छ? यस कोषमा सरकारले हामीबाट कट्टी गरिएको बराबरको रकम कोषमा थपिदिन्छ?

**गङ्गाबहादुर तारम**
**खायादेवी प्राथमिक विद्यालय, गोरुजुरे, लेखफर्सा-१ सुर्खेत, राहत शिक्षक**

## जवाफ

राहत शिक्षकहरूको गत साउन महिनादेखि बढेको तलब/भत्ता पठाउन हामीले अर्थ मन्त्रालयमा पत्राचार गरेका छौं। अर्थबाट निकासा आएपछि सम्बन्धित जिल्ला शिक्षा कार्यालयमार्फत बढेको तलब दिइने छ। राहत शिक्षकहरूको तलबबाट कल्याणकारी कोष नकाट्न कुनै पत्राचार भएको छैन कोषमा जम्मा भएको रकम सम्बन्धित शिक्षक पदबाट बाहिरिँदा मात्र प्राप्त गर्न सक्छन्।

**कृष्णप्रसाद ढुङ्गाना**
**उपसचिव, शिक्षा विभाग**

## जिज्ञाशा

१. विवाहित वा अविवाहित महिला शिक्षकले आफ्नो आमाबुबाको किरिया बिदा कति दिन पाउँछन्?
२. महिला शिक्षक किरिया बस्दा लोग्नेले (स्कूलको शिक्षक वा कर्मचारी भएमा) किरिया बिदा कति दिन पाउँछन्?
३. पर्व वा 'क्याजुअल' बिदा लिँदा त्यसको बीचमा पर्ने सार्वजनिक बिदाको दिन छुट्टै बिदा लिनुपर्छ कि पर्दैन? जस्तै शुक्रबार र आइतबार पर्व वा क्याजुअल बिदा लिँदा शनिबारको बिदा लिनुपर्ने कि नपर्ने?
४. श्रीमती सुत्केरी हुँदा शिक्षक श्रीमान्ले


मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोनः ४२७७५५२/४२८१९७२

काठमाडौंबाट

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

काठमाडौंतर्फ

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौडाः ०४७-२०५३५।

यात्रुहरुको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

श्रीमती स्याहार बिदा पाउँछ कि पाउँदैन ? पाएमा कति दिन पाउँछ ?

५. हाल अध्ययन बिदाको प्रावधानमा के कस्तो संशोधन गरिएको छ ?

हरिप्रसाद ढुङ्गाना
महेन्द्र मावि, फ्लीं–६, टेक्कुर, म्याग्दी

## जवाफ

१. शिक्षा नियमावलीअनुसार १५ दिन पाइन्छ ।
२. त्यो अवस्थामा लोग्नेलाई बिदा दिने प्रावधान छैन ।
३. छुट्टै बिदा लिनु पर्दैन ।
४. ऐन/नियममा यो प्रावधान छैन ।
५. अध्ययन बिदाको प्रावधानमा संशोधन भएको छैन ।

पदमसिंह विष्ट, शाखा अधिकृत, शिक्षा विभाग

## जिज्ञाशा

विगतमा कर्मचारीको तलब बढ्दा बालविकास सहयोगी कार्यकर्ताको पनि तलब बढ्दै आएको छ । तर, यस पटक तलब बढेको हो वा होइन ?

रिङ्कु झा
जनकपुरधाम–४, धनुषा

## जवाफ

आर्थिक वर्ष २०६६/०६७ मा बालविकास सहयोगी कार्यकर्ताको तलब वृद्धि गरिएको छैन ।

कृष्णप्रसाद ढुङ्गाना
उपसचिव, शिक्षा विभाग

## जिज्ञाशा

बीएड पास गरेको निमावि तहको स्थायी शिक्षकले मावि तहको अध्यापन अनुमतिपत्रविना सो तहको खुल्ला प्रतियोगितामा उम्मेदवार हुन पाउँछ कि पाउँदैन ? निमावि तहको स्थायी तथा बी.ए. उत्तीर्ण भई २०६१ सालदेखि पढाइरहेको शिक्षकले माध्यमिक तहको शिक्षण अनुमतिपत्रको लागि आवेदन दिन पाउनुपर्ने होइन र ? तर, सोलुखुम्बुका एकजना शिक्षकलाई यहाँका जिशिअले आवेदन गर्न दिएनन् । किन ?

कर्मागेलु शेर्पा
जुनवेंसी मावि, सोलुखुम्बु

## जवाफ

प्रत्येक तहको शिक्षणका लागि अध्यापन अनुमतिपत्र आवश्यक छ । माथिल्लो तहको अध्यापन अनुमतिपत्र लिएको व्यक्तिले तल्लो तहमा पनि उम्मेदवार बन्न सक्छ । तर, निमावि तहको स्थायी शिक्षकले बी.एड. गर्दैमा माध्यमिक तहको खुल्ला प्रतियोगितामा उम्मेदवार हुन पाउँदैन, अनुमतिपत्र लिनैपर्छ । ५ मङ्सिर २०६३ देखि निरन्तर पढाइरहेको शिक्षकले अस्थायी अनुमतिपत्रका लागि आवेदन भर्न पाउने व्यवस्था यस वर्ष गरिएको थियो । तर, उहाँलाई किन दिइएन, यसबारे जानकारी भएन ।

वैकुण्ठप्रसाद काफ्ले
उपसचिव, शिक्षक सेवा आयोग

**(अनुरोध: यस स्तम्भमा शिक्षक मित्रहरूले सामना गर्नुपरेका शैक्षिक र प्रशासनिक समस्या, चुनौती वा जटिलताको आधिकारिक जवाफ प्राप्त गरी प्रकाशित गर्न प्रयास गरिने छ । आफ्ना प्रश्न वा जिज्ञासासँगै सम्भव भएसम्म कुन निकाय वा व्यक्तिबाट जवाफ खोजिएको हो भन्ने समेत उल्लेख गरी पठाउनुहोला । – सम्पादक)**




# 'मेरो उपलब्धी'

**सतीशचन्द्र यादव**
सन्हैठा-३, सिरहा

**मैले शिक्षक भएर आफ्ना छोराछोरी र विद्यार्थीलाई मात्रै पढाइनँ, पढ्दै नपढ्नेहरूकाबीच शिक्षाको महत्त्व स्थापित गरें। मेरी छोरीले पढेको देखेर अरुले छोरीलाई स्कूल पठाउन थाले। छोराहरू त पहिले नै गइहाले। यही परिवर्तन मैले चाहेको थिएँ। जसमा म सफल भएँ।**

शिक्षक को एउटा पुरानो अङ्कमा मलेशियाका एकजना सेवा-निवृत्त शिक्षकको "आफूभन्दा धेरै पढेका, धनी र शक्तिशाली भाइसकेका विद्यार्थीहरू भेट्न आउँदा मलाई अत्यन्त खुसी लाग्छ" भन्ने आशयको भनाइ पढ्दा मलाई रोमाञ्च भयो। लाग्यो, संसारभरका सबै शिक्षकलाई हुने साझा अनुभूति रहेछ यो। मलाई पनि त्यस्तो अनुभव भएको छ, एक पटक होइन, पटक पटक।

- एकदिन मेरो घरमा प्रहरी आएको देखेर हामी सबै छक्क पऱ्यौं। तर, प्रहरी रहेछन् मेरा पुराना विद्यार्थी राजेन्द्र चौधरी। डीएसपी भइसकेका राजेन्द्रले त्यसरी ढोगभेट गरेर मेरो विद्यार्थी भएको बेलीविस्तार लगाउँदा म पुलकित भएँ।
- एकपटक काठमाडौं गएको बखत सर्वोच्च अदालतका एकजना न्यायाधीशले भेटेर गुरुको सम्मान गरे र मेरो विद्यार्थी भएको बताए।
- छोराको भर्ना गराउन इन्जिनियरिङ क्याम्पस पोखरा जाँदा त्यस क्याम्पसमा अध्ययनरत इन्जिनियरहरूमध्ये ३८ जना मेरा विद्यार्थी रहेको थाहा पाएँ।
- सिरहा सदरमुकामस्थित सत्यनारायण सूर्यनारायण मर्वैता यादव बहुमुखी क्याम्पसका अधिकांश अध्यापकहरू मेरै विद्यार्थी रहेका छन्।

यसरी समाजका विभिन्न क्षेत्रमा स्थापित र सफल व्यक्तिका रूपमा आफ्ना विद्यार्थीहरूलाई पाउँदा आफ्नो उचाइ सधैं बढिरहेको अनुभूति हुन्छ।

म वि.सं. २००३ मा मधेशको एउटा अशिक्षित र अत्यन्तै पिछडिएको गाउँमा जन्मिएको हुँ। अनेक दु:ख गरेर मैले २०२८ सालमा भारत, मधुवनीस्थित रामकृष्ण महाविद्यालयबाट बीएस्सी उत्तीर्ण गरें र सिरहा जिल्लाको रुब्बुराम जनता माध्यमिक विद्यालय माडर, चन्द्रगञ्जमा शिक्षक भएँ। म पढ्ने गाउँमा पढ्ने तथा पढाउने वातावरण थिएन। बरु पढाउनु भनेको विनासित्तिको लगानी हो भनेर अभिभावकलाई भड्काउनेहरू थिए। मलाई भने पढेर स्थानीय समाजको शैक्षिक विकास गर्ने रहर थियो।

त्यसबखत अन्य क्षेत्रमा जान पनि सहज थियो, अहिलेको जस्तो प्रतिस्पर्धा थिएन। तै पनि म शिक्षक नै भएँ। किनभने म बसेको समाजमा सबैभन्दा बढी शिक्षाको आवश्यकता थियो र म एउटा असल शिक्षक बन्न चाहन्थें। त्यसैले म शिक्षक भएर गुणस्तरीय विद्यालय र शैक्षिक वातावरण फक्रेको स्थानको खोजीमा थिएँ। सोहीअनुरुप २०३३ सालमा सिरहा जिल्लाकै बस्तीपुर माध्यमिक विद्यालय बस्तीपुरमा सरुवा भयो र २०६१ साल चैत महिनामा पेन्सन लिएँ। अहिले सोही विद्यालयमा जेठो छोरा काशिन्दर यादव अध्यापनरत छन्। अन्य दुई छोरा र एक छोरी पनि उच्च शिक्षा प्राप्त गरेर विभिन्न क्षेत्रमा कार्यरत छन्।

छोरी विमलाकुमारी यादव गाउँमै पढेलेखेकी पहिलो महिला बनिन्। यसरी मैले छोराछोरीहरूलाई पढाएको देखेर स्थानीय गाउँमा शिक्षाको लहर नै चल्यो र अहिले मेरो गाउँका मात्रै रुण्डै ४८ जना विद्यार्थीहरू त्रिभुवन युनिभर्सिटी कीर्तिपुरमा पढ्दैछन्। जसमध्ये अधिकांशत: निम्नवर्गीय किसानका छोराछोरीहरू छन्। त्यसैले म भन्छु, "मैले शिक्षक भएर आफ्ना छोराछोरीहरूलाई मात्रै पढाइनँ, आफ्ना विद्यार्थीहरूलाई मात्रै पनि पढाइनँ, पढ्दै नपढ्नेहरूकाबीच शिक्षाको महत्त्व स्थापित गरें।" छोरीलाई स्कूल पठाउनै हुँदैन भन्ने मान्यता रहेको समाजमा मेरी छोरीले पढेको देखेर अहिले जो कोहीले पनि छोरीलाई स्कूल पठाउन थाले। छोराहरू त पहिले नै गइहाले। यही परिवर्तन मैले चाहेको थिएँ। जसमा म सफल भएँ।

यो सफलता म अध्यापनरत विद्यालयको कारण पनि हो। मेरो घरदेखि बस्तीपुर मावि रुण्डै एक दिनको बाटो थियो। बस चढेर जाँदा पनि एक बिहान मज्जाले लाग्थ्यो। तर, उक्त विद्यालय मिश्रित समाजको बीच रहेकाले शैक्षिक वातावरण सुदृढ रहेको थियो। फलस्वरुप स्कूल निकै चर्चामा थियो। त्यसले मेरा छोराछोरीलाई पढाउन कठिन भएन र मेरा छोराछोरी बिदामा गाउँ फर्किंदा हरेक पटक एउटा सन्देश प्रवाह हुन्थ्यो। सतीशका छोराछोरी पढ्दैछन् भनेर। हो; त्यही देखासिकीले गाउँमा पढ्ने लहर चल्यो र अहिले जो कोही पनि पहिलो प्राथमिकता पढाइलाई दिन्छन्।

एउटा भनाइ छ, "सठ सुधरे संगती पाई, पारस पर कुधात सुहाई" अर्थात्, जसरी पारसमणिले छुँदा फलाम पनि सुन हुन्छ त्यसरी नै बिग्रेको मान्छेले पनि राम्रो सङ्गत पायो भने त्यो सप्रिन्छ। त्यसैले शिक्षक हुनु भनेको एउटा जागिर मात्रै होइन, ऊ समाजलाई डोऱ्याउने एउटा समाजसेवी पनि हो। उसले पढाउन मात्र होइन, समाजमा राम्रा उदाहरणहरू स्थापना गरेर समाजलाई नै राम्रो सङ्गत र प्रेरणा दिन सक्छ र सधैं अग्लो-अग्लो भइरहन सक्छ।

# बेपत्ता साथीलाई स्मृतिपत्र




**रमेश 'समर्थन'**
जनज्योति उमावि, चन्द्रनिगाहपुर, रौतहट

***शिक्षक* मासिक त पढ्छौ होला ! त्यसको ०६६ पुस अङ्कमा मेरो सही नामसहित एउटा संस्मरण पुरस्कृत भई छापिएको छ । त्यो त पढेकै हुनुपर्ने शिक्षक भएका नाताले । अथवा अन्य कुनै पदमा पो छौ कि ? मसित भेट हुँदा त तिमी पनि शिक्षक नै थियौ । छन त नेपालमै छौ होला !**

अहिले तिमी कहाँ छौं मलाई थाहा छैन । तर, तिम्रो पुर्ख्यौली थलो तनहुँको गजरकोट, अत्रौली हो भन्ने मलाई थाहा छ ।

शास्त्री प्रथम वर्षको परीक्षा चलिरहेको थियो । म सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयअन्तर्गत गोरखपुरस्थित गोरक्ष संस्कृत विद्यापीठमा पढ्थें । दुई वटा पत्रको परीक्षा भइसकेको थियो । मङ्गलबार थियो त्यो दिन । बारको सम्झना किन छ भने त्यतिबेला म हनुमानको भक्त थिएँ र मङ्गलबार ब्रत बस्थें । त्यसै दिन परीक्षा पनि थियो । म आफ्नो भगवान हनुमानलाई चढाउन लड्डु किन्न पसलमा गएँ । लड्डु लिएँ र गोजी छाम्छु त पैसा छैन । म छाँगाबाट खसें । कोठामा आएर खोजें । फेला पर्नु थिएन, परेन । मसँग केवल दस पैसाको ढ्याक बचेको थियो । म बिलखबन्दमा परें ।

सन् १९८१ जूनको घटना हो यो । परदेशको ठाउँ, परीक्षाको समय र पैसा हराएको पीर । म किंकर्तव्यविमूढ थिएँ । अचानक सल्यानका एक साथी नारायण उपाध्याय र तिमी मलाई खोज्दै आयौ । हामी त्यसैबेला चिनियौं पहिलो पटक । तिमीहरूले मलाई सान्त्वना मात्र दिएनौ, त्यसपछिका मेरा सबै आवश्यकता पूरा गर्ने विश्वास दिलायौ । मलाई तिमीहरू त्यतिबेला मुनामदनका मदनका अगाडि भोटेदाइ आएर *"मेरो छ घर एक कोस पर तिमी ता मर्दैन, म बोकी लान्छ हुन्छ कि हुन्न, फरक पर्दैन"* भने जैं लाग्यो र तुरुन्तै तिमीहरूका खुट्टा समाएर 'ईश्वर मेरा र साथीभाइ क्या राम्रो वचन !' भनूँ भनूँ जस्तो लाग्यो, तर भनिनँ । मनमनै कृतज्ञता चाहिँ प्रकट गरें ।

त्यो तिमीहरूको कोरा आश्वासन र क्षणिक भावुकता थिएन । तिमीहरूले बाँकीका दिनमा मैले खर्च गर्नेभन्दा बढ्ता नै मेरा निम्ति खर्च गऱ्यौ । खाना, खाजा, रिक्सा र सिनेमा समेतमा साथै राख्यौ । म तिमीहरूको (तिम्रो बढी) छायाँ भएँ । फलस्वरुप परीक्षा सकिएपछि त म तिमीसित दिल्ली पो उछिट्टिएँ, यहाँ निमावि शिक्षकको जागिर छोडेर ।

दिल्लीमा हामी तीन वर्ष सँगसँगैजसो रह्यौं । लड्यौं, करायौं, रिसायौं, हाँस्यौं र रोयौं पनि तर एकअर्काको मनबाट छुट्टिएनौं । हामीले त्यहाँ सांस्कृतिक कार्यक्रमहरू पनि गरेका थियौं । रामलीलामा तिमी राम र म लक्ष्मण भएका थियौं । अरू साथीहरू थिए- शिव रावल, रवि बोहोरा, नारायण शर्मा र नारायण श्रेष्ठ अनि चन्दा साह, रुपा साह, सीता सापकोटा र सीता विक । यीमध्ये शिव, सीता र मेरो प्रसङ्ग त बिर्सेका छैनौ नि ! तिमी घुम्रिएको लामो कपाल पाल्थ्यौ । म तिमीलाई दाइ भन्थें । हाम्रो फोटो मसँग छ ।

जहाँसम्म साथीले साथीप्रति गर्ने कर्तव्यको कुरो छ म तिमीसित पटक-पटक पराजित भएको छु । असल साथीको रूपमा म तिम्रो अगाडि वामपुड्के सावित भएको छु, तर बितेका २३ वर्ष जतिमा तिमीले मलाई कतिपटक सम्झ्यौ ? मैले भने हजारौंचोटि सम्झेको छु । म जस्तो स्वार्थी मान्छे त यति छट्पटिएको छु तिम्रो लागि भने तिम्रो हालत के होला ? कारण तिम्रो बराबरीमा म छैन भन्ने विश्वास आज पनि छ ।

एउटा प्रसङ्ग सुनाउँछु है ! म दिल्ली छोडेर आइसकेको थिएँ तर तिमी अझै उतै थियौ । आचार्य तेस्रो वर्षको परीक्षा फाराम भर्नुथियो र म गोरखपुर पुगेको थिएँ, तिमी फर्कदै थियौ । तिमीले आफ्नो लागि खर्च नराखेरै भए पनि मेरो परीक्षा शुल्क तिरेछौ, आफूसँग भएको फोटोबाट प्रतिहरू निकालेर फारम भरिदिएछौ । एक वर्ष भइसकेको थियो हामी छुट्टिएको, फेरि पनि मेरो त्यत्रो विश्वास गऱ्यौ तर म भने केवल आफूलाई पुग्ने पैसा लिएर गएको थिएँ । तिम्रो फारम भर्ने कुरा त मेरो सोचको एउटा छेउमा पनि थिएन । तिमी त्यति अग्ला थियौ, म त्यति होचो थिएँ । तिम्रो पैसा त मैले त्यतिखेरै तिरें तर तिम्रो मित्रताको ऋण मैले यस जुनीमा त तिर्न सकिनँ, अर्को जुनीको आशा छैन, किनभने 'भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ।'

आचार्य उत्तीर्ण भएपछि तिमी मलाई खोज्दै मेरो घरमै पुग्यौ । म अर्कै गाउँ गएको थिएँ । तिमी मलाई खोज्दै त्यहीं पुग्यौ । अपरिचित गाउँमा साथीलाई खोज्दै हिँड्ने तिम्रो दाँजोमा त म के लाग्न सक्थें र ! म तिम्रो ठाउँमा भएको भए या

त 'भेट भएन' भन्दै फर्कन्थें या तिम्रै घरमा बसेर पर्खन्थें। यसरी कस्तुरीले सुगन्धको स्रोत खोजे झैं खोज्दिनथें।

हामीले राष्ट्रिय विकास सेवा राविसे एनडीएस एकैचोटि गर्ने विचार गऱ्यौं र म तिमीलाई खोज्दै दमौली पुगें। मैले तिम्रो लागि गरेको भनेको यही एउटा काम थियो। मित्रतामा लिन जान्दै नजान्ने तिमीले यहाँ अर्को विश्वास दिएर हरायौ। त्रिविविबाट पाइने छात्रवृत्ति बुझ्ने समय तिमीसँग नहुँदा तिमीले मलाई इच्छापत्र दियौ। यो ठूलो कुरो होइन। ठूलो कुरो के हो भने तिमीले एउटा सादा नेपाली कागज हस्ताक्षर र दुवै हातका बुढीऔंलाको छापसहितको छोडेर गयौ। यद्यपि एकवर्षपछि मैले त्यो कागज फर्काएको थिएँ तर छात्रवृत्तिको पैसा तिमीलाई दिइनँ जस्तो लाग्छ। मैले राविसेको प्रमाणपत्र लिइसक्दा पनि तिमीले थालेका रहेनछौं र मेरो निजीप्रति नमुनाका लागि लगेका थियौ जो अझै पनि तिमीसँग होला।

म आशा गर्छु, तिमीले पक्कै पनि राविसे पूरा गऱ्यौ, तिमी पनि जागिरे भयौ। छोराछोरीको बिहे पनि गरिदिइसकेऊ र अब त बाजे पनि भयौ होला किनभने हाम्रो परिचय हुँदा नै तिमी पिता भइसकेका थियौ। तर तिमीले मेरो खोजी गरेनौ किन? मेरो काम गर्ने ठाउँ पनि देखेका थियौ, आउन सक्थ्यौ। मेरो ठेगाना थाहा थियो, चिठी लेख्न सक्थ्यौ। तिमी त हराएको शालिग्राम भयौ।

तिमी पत्रिकाहरू त पढ्छौ होला। साहित्यिक पत्रिकामा त मेरो उपनाम छ, त्यसैले चिनेनौ होला तर हाम्रो प्रिय पत्रिका शिक्षक मासिक त पढ्छौ होला! त्यसको ०६६ पुस अङ्कमा मेरो सही नामसहित एउटा संस्मरण पुरस्कृत भई छापिएको छ। त्यो त पढेकै हुनुपर्ने शिक्षक भएका नाताले। अथवा अन्य कुनै पदमा पो छौ कि? मसित भेट हुँदा त तिमी पनि शिक्षक नै थियौ। छन त नेपालमै छौ होला!

मलाई लाग्छ, *शिक्षक* मासिक नै हाम्रो मिलनको सेतु बन्छ। म यसैमार्फत तिमीसित सम्पर्क खोज्दैछु। अब मैले चिनिनुपर्दैन होला। एकपटक फोनमा सम्पर्क गर्नू 'डाँफेचरी झैं मै वेगमारी आउनेछु साँझैमा।'

साथी, आर्थिक रूपले तिमी र ममा के-कति समानता र भिन्नता छ भन्ने त म जान्दिनँ तर हार्दिक रूपमा तिमी द्वारिकाधीश कृष्ण र म अकिञ्चन सुदामा हुँ। मेरो हृदयको झुपडीलाई मित्रताको उपहारले महल तुल्याइदेऊ।

पाठकमित्र!

यदि तपाइँ मेरो हराएको साथीलाई चिन्नुहुन्छ वा तपाइँसँग उनको सम्पर्कसूत्र छ भने कृपया मेरो साथीलाई 'तिम्रो सुदामा शब्दका कनिका लिएर शिक्षक मार्फत तिम्रो ढोकामा उभिएको छ' भनिदिनुहोला।

**मेरो साथी – भेषराज शर्मा (पोखरेल)**
**उसको साथी – रमेश हरि शर्मा (ढकाल)**
**जनज्योति उमावि, चन्द्रनिगाहपुर, रौतहट**
**मोबाइल नं. ९८४५१३२५१६**




# ‘यो त माष्टर बन्ने रे !’

**नारायणप्रसाद खनाल**
शिवपुर-४, बर्दिया, हालः त्रि.वि. कीर्तिपुर

**कक्षाबाट गुरु गइसकेपछि एकजना साथीले जिस्क्याउँदै “ए यो त मास्टर पो बन्ने रे, विचरा ! चक र डस्टरसँग जिन्दगी काट्ने भो”, भन्यो र कक्षामा हाँसोको लहर फैलियो ।**

कक्षामा पढाउने क्रममा सरले एकदिन तिम्रो भविष्यको लक्ष्य के हो ? भन्दा कसैले डाक्टर, इन्जिनियर, पाइलट आदि उत्तर दिए तर मैले ‘शिक्षक बन्ने’ भनेको थिएँ । कक्षाबाट गुरु गइसकेपछि एकजना साथीले जिस्क्याउँदै “ए यो त मास्टर पो बन्ने रे, विचरा ! चक र डस्टरसँग जिन्दगी काट्ने भो”, भन्यो र कक्षामा हाँसोको लहर फैलियो । मैले मनमनै सोचेँ आखिर त्यही शिक्षकले डाक्टर, इन्जिनियर तयार गर्छ । तर, त्यसले गर्ने पेशा किन सानो सोच्छन् ? साथीहरू हाँसे पनि त्यसले मेरो सपनालाई डगाएन ।

आफ्नो गुरु बन्ने सपना पूरा गर्नकै लागि मैले एमएडसम्म अध्ययन गरेको छु । तर, म पहिले र अहिलेको शिक्षण पेशा ज्यादै फरक पाउन थालेको छु । तुलनात्मक रूपमा पहिलेको भन्दा व्यापक रूपमा शिक्षणसम्बन्धी नयाँ विधि तथा प्रविधिको प्रयोग गर्न थाले पनि शिक्षकको त्यो निस्वार्थ त्याग र तपस्याको कथा हराउँदै गए झैं लाग्न थालेको छ ।

विद्यालयमा पढाउने गुरुले विद्यालयमा अल्छी गरी ‘सरकारी काम कहिले जाला घाम’ भन्दै समय बिताउने र बाहिर ट्युसन सेन्टर चलाएर विद्याको व्यापार गरेको देख्दा अचम्म लाग्छ । विद्यार्थीबाट ‘सरले ट्युसनमा पढाए जस्तो कक्षामा पढाए त क्या जान्ने भइन्थ्यो, हैन ?’ भनेको सुन्दा म रुसङ्ग हुन्छु ।

केन्द्रबाट लिइने एसएलसी, कक्षा ११ वा १२ को परीक्षाको समयमा परीक्षाकेन्द्रभित्र पसी सिकाइदिने र चिट चोराएर आफ्नो विषयमा धेरै विद्यार्थी पास भएको दाबी गर्ने शिक्षक र विदेशी दातृसंस्थालाई कबुल गरेझैं शैक्षिक उपलब्धि बढेको भन्दै मख्ख पर्ने मन्त्रालय र सम्बन्धित निकायको निरीहपन देख्दा मलाई हाँसो उठेर आउँछ । अरु विचरा अबोध विद्यार्थी खुसी हुँदै ‘सर पनि कस्तो सहयोगी, परीक्षामा पूरै सिकाइदिनुभो, चिट पनि चोर्न दिनुभो । अब को मेहनत गर्छ ? यसो सरलाई ट्युसनतिर भेट्नुपर्ला’ भन्दै परीक्षा दिएर घरतिर फर्कदै गरेका विद्यार्थीको कुरा सुन्दा शिक्षक पेशा निस्वार्थ भन्दै वकालत गर्दै हिँड्ने म आफैं ट्वाल्ल पर्छु ।

हाम्रा सरस्वतीका पवित्र मन्दिर राजनीतिको फोहोरी खेल खेल्ने मैदान भएका छन् । विद्यालय व्यवस्थापन समितिलाई सबै अधिकार दिएर निजी विद्यालयसरह सरकारी विद्यालय पनि माथि उठाउन सकिन्छ कि भन्ने सरकारको सपना शिक्षकको नियुक्तिदेखि नै ‘राम्रा होइन हाम्रा’ भन्ने नीतिले गर्दा साकार हुन सकिरहेको छैन । दलीय भर्तीकेन्द्र भएका छन् । शिक्षक सेवा आयोग खुल्ने त कुरा परै जाओस् सरकार अस्थायी शिक्षक, राहत, लियनको नाममा अरु समस्या थपिरहेछ ।

मेरै एकजना साथीले ‘आफ्नो त गाउँमा हेडसर, व्यवस्थापन समिति एउटै प्यानल (पार्टी) को छ सोझै राहत वा पीसीएफ ल्याएर +२ नभए माविमा घुसिन्छ’ भन्दै गफ चुटिरहेको सुन्दा अनि व्यवस्थापन पढेको अर्को साथीले ‘यसपालि त आफू पनि नक्कली कार्यरत बनी मौकामा चौका हानिँदैछ, शिक्षक लाइसेन्स पनि पाइएला । नेपालमा आखिर जागिर केही नपाए अन्तिममा मास्टर त भइएला नि’ भनेको सुन्दा मलाई शिक्षाशास्त्र पढेर पाएको शिक्षक लाइसेन्सले नै गिज्याइरहे झैं लाग्यो ।

हाम्रा विद्यालयका शिक्षकदेखि क्याम्पसका प्राध्यापकहरूको प्रत्येक वर्ष पढाउने त्यही पुरानो शैली, १० वर्ष पहिलेका नोट लेखाउने तर १० वर्षीय अनुभव भन्दै धक फुलाएर गफ चुटिरहेको सुन्दा आफैंलाई अचम्म लाग्छ । निजी विद्यालयभन्दा औसत रूपमा बढी तलबभत्ता एवं सुविधा प्राप्त गरेका हाम्रा सरकारी विद्यालयका शिक्षकले पढाउने विद्यालयको शैक्षिक गुणस्तर किन तुलनात्मक रूपमा कम ? के विद्यार्थी सङ्ख्या बढी हुनु र अभिभावकको कमजोरी भन्दै पन्छिन मिल्ला र ? आफूले पढाउने विद्यालयमा आफ्ना छोराछोरी नपढाएर निजी विद्यालयमा पढाउने सरकारी शिक्षकहरूको योग्यता र निष्ठामा अरुले कसरी विश्वास गर्ने ? वास्तवमा शिक्षकहरूले यस्ता प्रत्येक प्रश्नको जवाफसोच्ने बेला आएको छ । शिक्षकले राजनीति, चाकडी, अल्छ्याइँको जञ्जिरमा फँसेर होइन जाँगर र विवेकका साथ द्रोणाचार्य र वशिष्ठको स्थान ओगट्न जरुरी छ ।

**[ ‘मनका कुरा’ शिक्षकहरूको निजी कुरा पोख्ने स्तम्भ हो । यसमा तपाईं अफ्ना अनुभूति, कथा-व्यथा, अनुभव तथा मर्मस्पर्शी एवं प्रेरक घटनालगायत आफ्नो मर्जीका कुरा लेख्न सक्नुहुनेछ । सुस्पष्ट, सार्थक, सान्दर्भिक र तस्बिरसहितका छोटा लेखाइले विशेष प्राथमिकता पाउने छन् । सं. ]**

# एसएलसी जाँच: जगायो आश

**यस** पटकको एसएलसी परीक्षामा विगतमा भन्दा निगरानी र व्यवस्थापनलाई कडा बनाएर सरकारले परीक्षाको मर्यादाप्रति उठेको चौतर्फी गुनासोलाई सानै तहमा भए पनि सम्बोधन गर्ने प्रयास शुरु गरेको छ। सबैभन्दा अमर्यादित रूपमा सञ्चालन हुने भनिएका पूर्वी तराईका जिल्लाहरूमा अनियमितताका हर्कतहरू विगत वर्षहरूको तुलनामा धेरै नै सार्वजनिक हुनु त्यसको सबैभन्दा ठूलो प्रमाणको रूपमा लिन सकिन्छ। १२ चैतमा शुरु भई २० चैतमा सकिएको २०६६ सालको एसएलसी परीक्षामा चिट चोराएको आरोपमा परीक्षा अवधिभर सप्तरीबाट मात्रै १८ जना शिक्षकहरू पक्राउ परे। सप्तरीमै अरूको नाममा परीक्षा दिने १५८ जना नक्कली परीक्षार्थीलाई प्रहरीले पक्राउ गर्‍यो। सिरहामा पनि एसएलसीमा अनियमितता गर्ने १३ जना निरीक्षक र चिटिङ गर्ने २७ परीक्षा केन्द्रका ५३ जना परीक्षार्थी र अरूको नाममा एसएलसी दिने १२ जना नक्कली परीक्षार्थी कारबाहीमा परेका छन्। परीक्षा अवधिभर रौतहटबाट १९ परीक्षार्थी निष्कासित भए। तीमध्ये ८ जनाको चाहिँ सबै विषयको परीक्षा रद्द गरिएको पनिकाले जनाएको छ।




**विराटनगरस्थित डीएभी बोर्डिङ परीक्षा केन्द्रमा गेसपेपर खोस्दै प्रहरी उपरीक्षक दीपक थापा।**

एउटा परीक्षा केन्द्रमा एक जना नक्कली परीक्षार्थी पक्राउ परेपछि सप्तरीको जिल्लाको पातो परीक्षा केन्द्रबाट ६६ र पत्थरगाडा केन्द्रबाट ४८ जना नक्कली परीक्षार्थीहरू परीक्षा हलबाट आफैं बाहिरिएका थिए। सप्तरीका प्रजिअ तथा परीक्षा समन्वय समितिका संयोजक रामप्रसाद घिमिरेले भने "यस वर्ष परीक्षालाई मर्यादित तुल्याउन हामीले हदैसम्मको प्रयास गर्‍यौं। विगतको जस्तो चिटिङ र अनियमितता हुन दिइएन।"

मोरङमा सहायक प्रजिअ सुरेन्द्र पौडेलका अनुसार, विराटनगरको डीएभी र स्टार बोर्डिङबाट सबैभन्दा बढी चिट बरामद गरिएको थियो। जिशिका, मोरङले चिट चोराएको आरोपमा चारजना निरीक्षकलाई निष्कासन गरेको थियो। पनिकाले परीक्षा शुरु हुनु केही दिन अघि नै चिटिङ र अनियमिततालाई कडाइका साथ नियन्त्रण गर्न र चिटिङमा संलग्न जो-कोहीलाई पनि कारबाही गर्न जिल्ला शिक्षा कार्यालयहरूलाई निर्देशन दिएको थियो। शिक्षा मन्त्रालयले पनि यसपटक १४ जना सहसचिवहरूलाई छुट्टाछुट्टै अञ्चलको जिम्मा दिएर एसएलसी परीक्षा अनुगमनमा खटाएको थियो। दाङ, सल्यान, प्युठान र रोल्पाका परीक्षा केन्द्रको अनुगमन गरेर फर्किएका शिक्षक सेवा आयोगका सहसचिव अशोककुमार अर्यालले *शिक्षक* सँग भने, "ती जिल्लाको परीक्षा सञ्चालन प्रक्रिया मर्यादित नै थियो। चिटिङ र अनियमितताका घटनाहरू खासै देखिएन।"

तथापि चिटिङ नियन्त्रण गर्ने क्रममा विभिन्न जिल्लामा झडपका घटना समेत भएका छन्। चोर्न नदिएको निहुँमा १७ चैतमा डोल्पाको दुनैस्थित सरस्वती उमावि केन्द्रका निरीक्षक जागेश्वर भुसाललाई परीक्षार्थीले कुटपिट गरे। जिशिअ रमाकान्त शर्मा र केन्द्राध्यक्ष रमेश शर्मा गौतमले भने भागेर ज्यान बचाए। रुकुमको शीतल क्याम्पस, चौरजहारी केन्द्रबाट उत्तरपुस्तिका लिएर जाँदै गरेका प्रहरीमाथि स्थानीय अभिभावकले आक्रमण गरेपछि झडप भयो। झडपमा एकजना प्रहरी र एक परीक्षार्थी घाइते भए। चिट चोर्न नदिएकै निहुँमा नवलपरासीको लिटिल एन्जल बोर्डिङ केन्द्रका निरीक्षक अहमद्दिन अन्सारी पनि कुटिए। आफ्नी बहिनीलाई चिट चोर्न नदिएको भन्दै रामग्राम- ४ का रियाज देवान र राजु देवानले उनलाई आक्रमण गरेका थिए। परीक्षाको दिन सप्तरीको भगवतपुर उमाविमा चिट चोराउन नदिएको निहुँमा अभिभावकले प्रहरीमाथि ढुङ्गामुढा प्रहार गरे। त्यहाँ भीड नियन्त्रण गर्न प्रहरीले हवाई फायर गर्नुपरेको थियो। परीक्षालाई मर्यादित बनाउन प्रयास गर्दागर्दै पनि अनियमितता पूर्ण रूपमा रोक्न नसकिएको स्वयं पनिका अधिकारीहरू नै स्वीकार गर्छन्। उपनियन्त्रक डिल्लीराम लुइँटेल भन्छन्, "परीक्षा सुधारका लागि कडाइका



श्रवणकुमार देव



कमल आरएल

**राजविराजस्थित केशो अनिरुद्धवती माविबाट नक्कली परीक्षार्थी दिलीप यादवलाई पक्राउ गर्दै प्रहरी (बायाँ)। मोरङको सर्वोदय उमावि, कदमाहामा चिट सार्दै परीक्षार्थी।**

साथ लागेका थियौं। तर पनि सोचे जस्तो मर्यादित तुल्याउन सकिएन।"

### प्रभाव अनुगमनको

सुर्खेतको एसएलसी परीक्षा विगतको तुलनामा मर्यादित भएको छ। सुर्खेतमा चिटिङ रोक्न परीक्षा समन्वय समितिले गतिला शिक्षकलाई समेटेर 'दौडाहा टोली' गठन गरेको थियो। टोलीले जिल्लाका २२ वटै परीक्षा केन्द्र पुगेर परीक्षाको अनुगमन गरेको थियो। सोही टोलीको सिफारिसमा बजेडीचौर केन्द्रमा चिट चोर्न सघाउने एकजना निरीक्षकलाई निष्कासन गरिएको छ।

उता, झापाको केर्खास्थित शहीद धर्मभक्त उमाविमा गत साल परीक्षार्थीलाई चिट चोराउन अभिभावक, शिक्षक र विद्यार्थीको निकै भीडभाड थियो। परीक्षा हलभित्रै पनि चिटिङ हुन्थ्यो। तर, यसपालि चाहिँ यस्तो विकृति देखिएन। झापाका अरू परीक्षा केन्द्रहरूमा पनि विगतको भन्दा मर्यादित ढङ्गले परीक्षा सञ्चालन भएका छन्। नेपाल पत्रकार महासंघ, झापाका अध्यक्ष मोहनकाजी भन्छन्, "परीक्षा केन्द्र बाहिर त पूरै सुनसान थियो। भित्र पनि चिटिङको बिगबिगी देखिएन।"

आफ्नो विद्यालय हिमालयन आवासीय उमाविका छात्रछात्रालाई चिट चोराएको आरोपमा काँकडभिट्टा परीक्षा केन्द्रका सहायक केन्द्राध्यक्ष महेन्द्रविलास लुइँटेललाई परीक्षा समितिले निष्कासन गऱ्यो।

पूर्वी तराईको तुलनामा पहाडी भेगमा परीक्षामा भएको गडबढी बाहिर आउन सकेन। तराईको रोग पहाडतिर पनि नराम्रोसित फैलिएको भए पनि अनियमितता सार्वजनिक नहुँदा तराईमा जस्तो सुधारको प्रयास पहाडमा हुन नसकेको बुझ्न कठिन छैन। अर्को वर्ष पहाडी र हिमाली भेगमा पनि तराईमा झैं परीक्षामा निगरानी र अनुगमन बढाउनै पर्ने देखिन्छ। जे होस्, इमानदारीपूर्वक प्रयास गर्ने हो भने बिग्रँदो स्थितिलाई सम्हाल्न सकिन्छ र परीक्षालाई मर्यादित बनाउ सकिन्छ भन्ने आशा जगाएर सम्पन्न भएको छ यसपटकको एसएलसी। यस वर्षका सफलता र कमी-कमजोरी दुवैबाट पाठ सिकेर अर्को वर्ष बेलैमा तयारी थाल्ने हो भने अबको केही वर्षमै परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सकिने कुरामा कुनै सन्देह छैन। त्यसनिम्ति खाँचो छ त केवल प्रतिबद्धता र लगनको।

**प्रमोद आयाम**/काठमाडौं, **श्रवणकुमार देव**/राजविराज, **कमल आरएल**/विराटनगर, **कलेन्द्र सेजुवाल**/सुर्खेत र **चेतन अधिकारी**/झापा

## खराबको सूची बन्दैछ

**एसएलसी** सकिएलगत्तै शिक्षा सचिव डा. रामस्वरुप सिन्हाको अध्यक्षतामा बसेको परीक्षा बोर्डको बैठकले परीक्षामा अमर्यादित क्रियाकलाप भए पनि सुधारको अभियान सकारात्मक रहेको ठहर गरेको छ। उक्त बैठकले परीक्षामा जथाभावी गर्नेलाई कारबाही गर्ने निर्णय समेत गरेको छ। परीक्षामा जथाभावी गर्नेलाई कारबाही गर्नका निम्ति नियन्त्रक देवकोटा स्वयं अग्रसर भएका छन्। टेलिभिजन, रेडियो र पत्रपत्रिकामा आएका एसएलसी अनियमिततासम्बन्धी समाचारका कटिङका आधारमा सम्बन्धित जिशिअ, केन्द्राध्यक्षलाई फोन गरेर उनले अनियमितता गर्ने परीक्षार्थीको उत्तरपुस्तिका रद्द गर्न र चिटिङमा संलग्नलाई कारबाही गर्न अनुरोध गर्ने गरेका छन्। परीक्षामा चिटिङ र अनियमिततामा संलग्न शिक्षकको रेकर्ड राखेर आउँदा वर्षका परीक्षामा उनीहरूलाई सहभागी नगराउने निर्णय समेत पनिकाको बोर्डले गरेको छ।

# 'सुधारको थालनी भयो'



प्रमोद आयाम

**चित्रप्रसाद देवकोटा**
**नियन्त्रक**
**परीक्षा नियन्त्रण कार्यालय**

**विगतको तुलनामा यस वर्षको एसएलसी परीक्षा कस्तो रह्यो ?**

गत सालको तुलनामा परीक्षालाई मर्यादित तुल्याउन हामीले यसपालि केही कदमहरू चाल्यौं । चिट चोर्ने र चोराउनेलाई कारवाही गर्नुपर्छ भनेर लाग्यौं । सुरक्षाकर्मीको परिचालन कडाइका साथ गरियो । जिल्लाका परीक्षा समन्वय समितिले परीक्षालाई चुस्त पार्न भूमिका खेले । केन्द्रबाट सहसचिवको नेतृत्वमा अनुगमन टोली खटाइएको थियो । परीक्षामा भएका बद्मासी रोक्ने क्रममा सप्तरीमा मात्रै १५८ जना नक्कली परीक्षार्थी पक्राउ परे । अझै कतिपय परीक्षार्थी प्रहरीको हिरासतमा छन् । अरू ठाउँमा पनि चिटिङ गर्ने/गराउनेलाई कारबाही भएका छन् । तीन जना केन्द्राध्यक्ष र सय जनाभन्दा बढी निरीक्षक पक्राउ परे । चिट चोराएको आरोपमा परीक्षा केन्द्रका परिचर समेत समातिएका छन् । यसपालिको एसएलसी परीक्षामा आपराधिक घटना भए पनि त्यसलाई नियन्त्रण गर्ने प्रयास पनि गरियो । चिटिङ हुँदै भएन त भन्दिनँ तर यसका विरुद्ध जागरुकता चाहिँ आएको छ । सुधारको थालनी भएको छ, अर्को वर्ष परीक्षा पूरै मर्यादित तुल्याउन सकिन्छ भन्ने आत्मविश्वास पलाएको छ ।

**एसएलसी बोर्डको बैठकले एसएलसीको कस्तो समीक्षा गऱ्यो ?**

परीक्षाका क्रममा गरिएका जायज कारबाहीलाई मान्यता दिनुपर्छ र एसएलसीलाई मर्यादित बनाउन चालिएको कदमबाट पछि हट्नुहुँदैन भन्ने निर्णय बोर्डले गरेको छ । चिट चोर्ने र चोराउनेलाई कानुनबमोजिम कारबाही गर्नुपर्छ भन्ने निर्णय पनि भएको छ । चिटिङ रोक्ने परिपाटीलाई थप सुदृढ तुल्याउँदै लैजानुपर्छ र अर्को वर्षसम्म यसलाई सुधारेरै छाड्ने निचोड निकालिएको छ । बैठकले राम्रा केन्द्राध्यक्षको रोस्टर बनाउने, उनीहरूलाई तालिम दिने, नैतिक साहस बढाउने र परीक्षाको मर्यादा कायम राख्न लगाउने निर्णय पनि गरेको छ । त्यसैले चिट चोरेर प्रथम श्रेणीमा पास गर्ने जमाना अब रहँदैन ।

**चिट चोर्ने र चोराउनेहरूलाई के कारबाही होला ?**

कानुनी कारबाही पनिकाले गर्ने होइन । चिटिङमा संलग्न शिक्षकहरूलाई शिक्षा मन्त्रालयले विभागीय कारबाही गर्छ । अरूलाई प्रजिअले कारबाही गर्नुहुन्छ । चिटिङमा संलग्नहरूलाई कारबाही गर्न गराउनका निम्ति म जिशिअ र प्रजिअसँग समन्वय गरिरहेको छु । अपराध गर्नेहरू कारबाहीमा पर्छन् ।

**चिट चोर्ने परीक्षार्थीको उत्तरपुस्तिका के हुन्छ ?**

एउटाको परीक्षा अर्कोले दिने बित्तिकै त्यो उत्तरपुस्तिका स्वत: रद्द हुन्छ । चिटिङ गर्ने परीक्षार्थीका उत्तरपुस्तिका परीक्षणका क्रममा रद्द गरिन्छन् । अहिलेसम्मको जानकारी अनुसार हजारभन्दा बढी परीक्षार्थीको परीक्षा रद्द हुन्छ ।

**तपाईंको विचारमा यसपालि चिटिङको अनुपात घट्यो कि बढ्यो ?**

चिटिङ विगत वर्षमा भन्दा यसपालि घटेको छ । तथापि हामीले जति आशा गरेका थियौं, त्यो अनुपातमा घटेन । यस वर्ष चिटिङ गर्ने/गराउनेलाई कारबाही गरेपछि अर्को वर्ष चाहिँ चिटिङ रोकिन्छ । चिटका बेफाइदाका बारेमा समाजले अझै बुझ्न सकेको छैन । यस वर्षको कारबाहीपछि चिट चोर्नु र चोराउनु हुँदो रहेनछ भन्ने कुरा धेरैलाई अनुभूति हुनेछ ।

**मर्यादित परीक्षा सञ्चालन गर्न सबैभन्दा बढी कसले व्यवधान सृजना गर्दो रहेछ ?**

यसमा एउटा पक्ष मात्रै जिम्मेवार छैन । नराम्रो काम गर्नमा सबै पक्ष जिम्मेवार छन् । तार्किक र बुद्धि खियाउने प्रश्नहरू दियौं भने विद्यार्थीले पनि मौलिक उत्तर दिन्छन् । त्यस्ता प्रश्न दिन नसक्नुमा हाम्रो कमजोरी छ । हुलदङ्गा गरेर र चिट चोराएर छोराछोरीलाई एसएलसी पास गराउने मानसिकता भएका अभिभावकहरू पनि दोषी छन् । पढाएको कुरा विद्यार्थीले बुझे कि बुझेनन् भनेर शिक्षक पनि चनाखो हुनुपर्ने हो । तर, स्वयं शिक्षकहरू नै चिट चोराएको आरोपमा पक्राउ परेका छन् ।

**परीक्षा त यस्तै भयो । अब उत्तरपुस्तिका परीक्षण कस्तो हुन्छ ?**

उत्तरपुस्तिका परीक्षण गर्नुअघि ९० प्रतिशत शिक्षकलाई हामी अभिमुखीकरण तालिम दिन्छौं । उत्तरकुञ्जिका पनि तयार हुँदैछ । निरीक्षकको हस्ताक्षर नभएका उत्तरपुस्तिका रद्द गर्न लगाउँछु । कापी परीक्षणमा पनि पूरै संवेदनशीलता अपनाइने छ ।

**नतिजा चाहिँ कहिलेसम्म सार्वजनिक गर्नुहुन्छ ?**

शिक्षा अधिकारी, शिक्षक र प्राविधिकहरूको सहभागिता हुने भएकाले नतिजा निकाल्न समय त लागिहाल्छ । तैपनि असारको दोस्रो सातासम्ममा रिजल्ट निकाल्ने सोचाइ छ ।

**बाबुराम/प्रमोद**

# स्कूलमा भारतीय सहयोग




**नेपालस्थित** भारतीय राजदूतावासले सार्वजनिक स्कूलहरूमा आँखा शिविर सञ्चालन गरी शिक्षक तथा विद्यार्थीको आँखाको परीक्षण तथा उपचारका निम्ति नेपाल नेत्रज्योति संघलाई झण्डै चार करोड रुपैयाँ सहयोग दिएको छ।

१६ चैत २०६६ मा भारतीय दूतावास र नेपाल नेत्र ज्योति संघबीच भएको सम्झौतामा विभिन्न जिल्लाका स्कूलमा आउँदो दुई वर्षसम्म घुम्ती आँखा जाँच शिविरहरू सञ्चालन गर्न रु.१ करोड ३ लाख अनुदान सहयोग प्रदान गरिने उल्लेख छ। साथै दृष्टिदोष भएका ८,००० बालबालिकालाई दृष्टि उपकरण तथा न्यून दृष्टि भएका ३०० बालबालिकालाई सहयोगी उपकरणहरू प्रदान गर्न संघलाई थप रु.१ करोड ३ लाख अनुदान प्रदान गरिएको छ। स्कूलहरूमा हुने स्थलगत शिविरमार्फत ट्रकोमा र मोतियाबिन्दुको शल्यक्रिया गर्न भारत सरकारले थप रु.३ करोड ५७ लाख पनि प्रदान गर्ने भएको छ।

भारतले २००१ देखि नेपालमा नि:शुल्क आँखा-शिविरहरू सञ्चालन गर्न नेपाल नेत्र ज्योति संघलाई सहयोग प्रदान गर्दै आएको छ। जसबाट हालसम्म ७५,००० जनतालाई मोतियाबिन्दु र ट्रकोमाको उपचार गरिएको जनाइएको छ। यसअघि रु.१.६३ करोड खर्च गरी १८,००० भन्दा बढी विद्यालय जाने बालबालिकालाई दृष्टि उपकरणहरू वितरण गरिसकिएको छ।

# शिक्षाशास्त्र सम्बन्धनमा कडाइ

**उच्च** माध्यमिक शिक्षा परिषद्ले शिक्षाशास्त्र सङ्कायतर्फको नयाँ सम्बन्धनमा नियन्त्रण गर्ने भएको छ।

परिषद्को हालै सम्पन्न बैठकले शिक्षाशास्त्र पढाउने उमाविको सङ्ख्या आवश्यकताभन्दा बढी भएको ठहर गर्दै नयाँ सम्बन्धनमा कडाइ गर्ने नीति लिएको हो। परिषद्का सदस्य-सचिव रामबहादुर खड्काले भने, "विद्यालय नक्साङ्कनका आधारमा शिक्षाशास्त्र पढाइ नभएका र अति आवश्यक क्षेत्रमा मात्रै नयाँ सम्बन्धन दिइने छ।"



हाल सञ्चालनमा रहेका २,५१० उमाविमध्ये लगभग ६० प्रतिशतले शिक्षाशास्त्र पढाउँदै आएका छन्। त्यसमा ८० प्रतिशत हिस्सा सामुदायिक उमाविको छ। परिषद्का अनुसार, नयाँ सम्बन्धन मागेका ६५० शैक्षिक संस्थामध्ये करिब ६० प्रतिशतले शिक्षाशास्त्रकै निम्ति आवेदन दिएका छन्। परिषद्ले विज्ञान विषयको सम्बन्धनलाई पहिलो प्राथमिकतामा राखेको छ। त्यसपछिको प्राथमिकतामा व्यवस्थापन, मानविकी र अन्त्यमा शिक्षाशास्त्र पर्नेछन्।

## सामुदायिक उमावि शिक्षकको नयाँ नेतृत्व

**नेपाल** सामुदायिक उमावि शिक्षक युनियनको अध्यक्षमा डिल्लीराम सिग्देल निर्वाचित भएका छन्। युनियन सामुदायिक उमाविहरूमा कार्यरत शिक्षकहरूको संस्था हो।

युनियनको २१-२२ चैत २०६६ मा राजधानीमा सम्पन्न दोस्रो राष्ट्रिय महाधिवेशनले १९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो। युनियनको उपाध्यक्षमा भीमप्रसाद दाहाल, बलराम कोइराला, देव शर्मा र प्रकाशबहादुर चन्द निर्वाचित भएका छन्। यस्तै, महाधिवेशनले प्रल्हादराज गौतमलाई महासचिव, बाबुनाथ यादवलाई सचिव र ज्ञानप्रसाद भट्टराईलाई कोषाध्यक्ष चुनेको छ।

महाधिवेशनले सामुदायिक उमाविमा सरकारको पूर्ण लगानी हुनुपर्ने, न्यूनतम पाँच वटा दरबन्दी दिनुपर्नेलगायतका माग अघि सारेको छ।

# पीसीएफ निर्देशिका जारी

**शिक्षा** मन्त्रालयले प्रति विद्यार्थी एकाइ लागत (पीसीएफ) अनुदान वितरणसम्बन्धी निर्देशिका जारी गरेको छ।

निर्देशिका जारी गरेलगत्तै शिक्षामन्त्री सर्वेन्द्रनाथ शुक्लले वैशाखको पहिलो साताभित्र पीसीएफ अनुदान जिल्लामा पठाउन शिक्षा अधिकारीहरूलाई निर्देशन दिएका छन्। निर्देशिकामा कक्षा १ देखि १२ सम्म पीसीएफ अनुदान दिइने उल्लेख भए पनि यस वर्ष बढीमा कक्षा ८ सम्मले मात्र उक्त अनुदान पाउने छन्। बजेट अभावका कारण कक्षा ९ देखि १२ लाई पीसीएफ अनुदान दिन नसकिएको शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालको कथन छ। सरकारले पीसीएफ अनुदानका लागि यो आ.व.को बजेटमा रु.१ अर्ब छुट्याएको छ।

आर्थिक वर्ष २०६४/०६५ देखि शुरु गरिएको पीसीएफ अनुदान पहिलो वर्ष कक्षा ५ सम्मलाई दिइएको थियो भने दोस्रो वर्ष कक्षा ६ सम्म विस्तार गरिएको थियो। २०६५ चैतको *'फ्लास रिपोर्ट'* मा उल्लिखित विद्यार्थी सङ्ख्याका आधारमा विभागले जिशिकामार्फत स्कूलमा


टीका भट्टराई

अनुदान पठाउने छ।

शिक्षकले पाउने शुरु तलब स्केल र भौगोलिक क्षेत्र अनुसार शिक्षक-विद्यार्थी अनुपातका आधारमा पीसीएफ अनुदान दिइन्छ। आधारभूत तह (कक्षा १-५) का लागि हिमाली क्षेत्रमा ४०, पहाडमा ४५ र तराई तथा काठमाडौं उपत्यकामा ५० जना विद्यार्थी बराबर एक जना शिक्षकको अनुपात निर्धारण गरिएको छ। उक्त तहका लागि प्राथमिक तृतीय श्रेणीको शिक्षकको तलबलाई १३ महिनाले गुणन गर्दा आउने अङ्कलाई भौगोलिक क्षेत्र अनुसार निर्धारित विद्यार्थी सङ्ख्याले भाग गरेर प्रति विद्यार्थी एकाइ लागत निकालिन्छ। यस्तै, कक्षा ६-८ का लागि हिमाली, पहाडी तथा काठमाडौं र तराई क्षेत्रमा विद्यार्थी अनुपात क्रमश: ३०, ३५ र ४० निर्धारण गरिएको छ। निर्देशिका अनुसार, कम्तीमा दुई शैक्षिक सत्र पूरा गरेका स्कूलले मात्रै पीसीएफ अनुदान पाउँछन्।

सरकारले पीसीएफका आधारमा अनुदान वितरण गर्ने घोषणा आर्थिक वर्ष २०६६/०६७ को बजेट कार्यक्रममै गरेको भए पनि कुन तहसम्म पीसीएफ अनुदान दिने र शिक्षक-विद्यार्थी अनुपात कसरी निर्धारण गर्ने भन्ने विषयमा स्पष्टता नहुँदा अहिलेसम्म यो काम हुनसकेको थिएन। त्यसमाथि अघिल्ला वर्षमा वितरित शिक्षक अनुदानमा अनियमितता भएको भन्दै दातृ निकायले सहयोग रोक्ने चेतावनी दिएपछि शिक्षा मन्त्रालय थप अन्योलमा परेको थियो। शिक्षक-कोटा वितरणमा अनियमितताको आरोप लागेका शिक्षामन्त्री रामचन्द्र कुशवाहलाई पदबाट हटाएपछि यो कार्यले पुन: गति लिन पाएको हो।

निर्देशिकामा भएको ढिलाइका

# शिक्षकले खोले पुस्तकालय

**हरिसिद्धि** मावि, फूलबारी रामेछापका शिक्षकहरूको प्रयत्नमा छात्रछात्रा र शिक्षकका निम्ति पुस्तकालय स्थापना भएको छ। हाल उक्त पुस्तकालय हरिसिद्धि माविकै हाताभित्र रहे पनि छिट्टै आफ्नै भवन बनाई व्यवस्थापन गर्ने उद्देश्य लिइएको बताइएको छ। रामेछाप जिल्ला प्रशासन कार्यालयमा दर्ता भई सञ्चालनमा आएको सो पुस्तकालयमा अहिले साहित्यिक, पाठ्यपुस्तक र पाठ्यक्रमसँग सम्बन्धित १ हजार पुस्तक उपलब्ध छन्।

दैनिक राष्ट्रिय पत्रिका, मासिक साहित्यिक पत्रपत्रिका, बालपत्रिका प्राय: सबै उपलब्ध हुने व्यवस्था मिलाइएको छ। विष्णुप्रसाद काफ्ले अध्यक्ष रहेको सो पुस्तकालयको सञ्चालनको जिम्मा शिक्षकहरूले नै लिएका छन्। नैतिकवान् र राष्ट्रलाई माया गर्ने विद्यार्थी तयार पार्नु पुस्तकालयको मूल उद्देश्य रहेको अध्यक्ष विष्णुप्रसाद काफ्ले बताउँछन्। शिक्षक तथा साहित्यकार माधव सयपत्रीले सो पुस्तकालयलाई ६० हजार रुपैयाँ बराबरका पुस्तकहरू उपलब्ध गराएका छन्। गाउँमा विद्युतीकरण भएपछि सो पुस्तकालयलाई टेलिसेन्टर र नमुना पुस्तकालय बनाउने योजना रहेको छ। पुस्तकालयको नाम 'सुदीर्घ सयपत्री' पुस्तकालय रहेको छ।



कारण स्कूलहरूले आठ महिनासम्म अनुदान नपाउँदा विद्यार्थीको तुलनामा शिक्षक कम भएका स्कूलहरू मारमा परेका छन्। शिक्षा विभागका उपनिर्देशक हरिप्रसाद लम्सालका अनुसार अनुदान पाउने स्कूलले अब वर्षभरिकै एकमुष्ठ रकम पाउने छन्।

**माथिल्लो तहलाई मर्का**

सरकारको पछिल्लो नीतिले कक्षा ९ र १० पढाउने शिक्षकको अभाव झेलिरहेका स्कूलहरूलाई मारमा पारेको छ। माध्यमिक तहमा विषयगत शिक्षकहरूको खाँचो व्याप्त रहे पनि सोही तह यस वर्ष अनुदानको अवसरबाट बन्चित भएको छ। सहसचिव नेपालका अनुसार आउँदो वर्षदेखि चाहिँ कक्षा ९ र १० लाई पनि पीसीएफ अनुदान दिइने छ।

भर्ना विवरण र हाजिरी पुस्तिकामा विद्यार्थी सङ्ख्या बढी देखाएर बढी अनुदान लिने प्रवृत्ति पीसीएफ पद्धतिको मुख्य चुनौती बनेको छ। अनुगमन संयन्त्र बलियो भएन भने पीसीएफ अनुदान पनि राहत शिक्षक कोटा जस्तै अपारदर्शी र भ्रष्टाचारको स्रोत बन्ने देखिन्छ। यसलाई स्वीकार गर्दै शिक्षामन्त्री सर्वेन्द्रनाथ शुक्ल भन्छन्, “पीसीएफलाई पारदर्शी र सन्तुलित बनाउनका लागि हामी प्रभावकारी अनुगमन संयन्त्र बनाउँदैछौं।”

**प्रमोद आयाम**



# राहतमा अनियमितता: अर्को प्रतिवेदनको पर्खाइ

राहत शिक्षक अनुदान वितरणमा भएको अनियमितताबारे छानबिन गर्न गठित समितिले कानुनी प्रक्रियालाई मिचेर अपारदर्शी र अनियमित ढङ्गले अनुदान वितरण भएको निष्कर्ष निकालेको छ। विद्यार्थीको सङ्ख्यालाई आधार नमानी राजनीतिक पहुँच र प्रभावका आधारमा राहत शिक्षकको अनुदान वितरण गरिएको ठहर समितिले गरेको छ।

योजना आयोगका सदस्य डा. तीर्थराज खनियाँको संयोजकत्वमा गठित तीन सदस्यीय समितिले शिक्षक अनुदान स्वीकृत गर्दा शिक्षा मन्त्रालय र विभागबीच आपसी समन्वय नभएको तथ्य पनि औंल्याएको छ। समितिले ६ चैतमा सार्वजनिक गरेको प्रतिवेदन अनुसार, आर्थिक वर्ष २०६५/०६६ को १२ हजार स्वीकृत राहत कोटामध्ये ८ हजार ६०५ कोटा वितरणका लागि सचिवस्तरीय निर्णय भएकोमा विभागले पटकपटक कोटा थपेर १० हजार ३७ पुऱ्याएको प्रतिवेदनमा जनाइएको छ। “पटकपटक कोटा थप गर्दा सचिवस्तरीय निर्णय भएको देखिएन। कोटा थप्नुको कारण र औचित्य पनि पुष्टि भएको पाइएन” प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदन अनुसार, कतिपय जिल्लाका राहत कोटा विभाग र जिल्ला शिक्षा कार्यालयको विवरण समेत फरकफरक छन्। राहत कोटाका लागि तोक आदेश भएका अधिकांश पत्रमा तत्कालीन शिक्षामन्त्री र शिक्षा राज्यमन्त्रीको निर्देशन रहेको पाइएको छ। मन्त्रीको निजी सचिवालयबाट सीधै शिक्षा विभागका महानिर्देशक र विभागमार्फत जिल्ला शिक्षा कार्यालयमा अनुदान निकासा गरिएको थियो।

तत्कालीन शिक्षामन्त्री रामचन्द्र कुशवाहको गृह जिल्ला पर्साका लागि एउटै व्यक्तिले ४८ वटा विद्यालयको पत्र एकमुष्ट बुझेको तथ्य छानबिनका क्रममा फेला परेको जनाइएको छ। प्रतिवेदनमा लेखिएको छ, “ती कोटा के आधारमा वितरण भए? किन एउटै व्यक्तिलाई पत्र बुझाइयो भन्ने विषयमा थप अनुसन्धान गर्नुपर्ने देखियो।” शिक्षक कोटा आवश्यक नै नपर्ने भक्तपुर जिल्लामा ३६ कोटा वितरण भएको छ।

राहत अनुदान वितरणमा अनियमितता र चलखेल भएको प्रतिवेदनको निचोड छ। अनियमितताका निम्ति शिक्षामन्त्री, राज्यमन्त्री र विभागका महानिर्देशकलाई दोषी देखाइए पनि उनीहरूको नाम किटिएको छैन। अनियमिततामा संलग्न जिल्लास्तरका अधिकारीहरूको पहिचान पनि प्रतिवेदनले गर्न सकेको छैन।

शिक्षामन्त्री सर्वेन्द्रनाथ शुक्लले समितिको सिफारिसको आधारमा अनियमिततामा संलग्न व्यक्तिलाई कारबाही गर्ने प्रतिबद्धता जनाएका छन्। ६ चैतमा मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले भनेका थिए, “राहत कोटामा अनियमितता गर्नेलाई जसरी पनि कारबाही गर्छु। कसैलाई पनि कुनै किसिमको छुट दिइने छैन।” अनियमित ढङ्गले वितरित कोटालाई खारेज गरी तीन महिनाभित्र पुन: वितरणको व्यवस्था गर्ने जानकारी पनि उनले दिएका छन्।

१५ दिनको सीमित अवधिका कारण खनियाँको समितिले सबै दोषीको पहिचान गर्न नसकेको भन्दै त्यसबारे थप छानबिन गर्न मन्त्रालयले सहसचिवहरू खगराज बराल, दिवाकर ढुङ्गेल, देवकुमारी गुरागाईं, सूर्य गौतम र भरत नेपाली प्याकुरेललाई विभिन्न जिल्लामा पठाएको छ। टोलीलाई राहत कोटाको अनियमिततामा र त्यसमा संलग्न व्यक्तिको पहिचान गरी प्रतिवेदन तयार गर्न १५ दिनको म्याद दिइएको छ।

यसैबीच शिक्षक कोटा वितरणमा अनियमितता भएको आशङ्कामा शिक्षामा दिने सहयोग रोक्का गरेका दातृ संस्थाहरूले नयाँ मन्त्रीको नियुक्तिसँगै त्यस्तो रोक्का फुकुवा गरेका छन्।

# शिक्षा ऐन संशोधनको तयारी

**सरकारले** यसै आर्थिक वर्षदेखि लागू भएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (जसले विद्यालय तहको पुनर्संरचना गरी कक्षा १ देखि ८ सम्मलाई आधारभूत र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तह बनाउने छ) कार्यान्वयन गर्नका लागि शिक्षा ऐनमा संशोधन गर्ने तयारी शुरु गरेको छ। त्यसनिम्ति शिक्षा ऐन २०२८ मा आठौं संशोधन गर्न बनाइएको विधेयक संसद्को चालू अधिवेशनमै प्रस्तुत गरिने जानकारी शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालले दिएका छन्। उनका अनुसार, मस्यौदा विधेयक अहिले कानून र अर्थ मन्त्रालयमा पठाइएको छ र त्यहाँबाट आएका सुझाव समेटेर मन्त्रिपरिषद्ले पारित गरेपछि संसद्मा पेश गरिने छ।

सरकारले २०६५ असारमा विद्यालय सुधार कार्यक्रम (एसएसआरपी) कार्यक्रम स्वीकृत गरेको भए पनि सो अनुरुप शिक्षासम्बन्धी ऐनहरूमा आवश्यक संशोधन र परिमार्जन भएको छैन। सो कार्यक्रमले अघि सारेका कैयन् कुराहरू लागू गर्न वर्तमान ऐन संशोधन नै गर्नुपर्ने भए पनि दाताहरूलाई चित्त बुझाउन शिक्षा मन्त्रालयले गत भदौमा आधारभूत तह (कक्षा १-८)को निर्देशिका जारी गरेको थियो। जबकि साविकको शिक्षा ऐनले आधारभूत तह भन्ने नै चिन्दैन। ऐनसँग बाझिने गरी निर्देशिका बनाएपछि मन्त्रालयभित्रै आलोचना भएको थियो। "त्यसैले हामी ऐनमा संशोधन गर्न लागिपरेका हौं", सहसचिव नेपाल भन्छन्, "शिक्षकहरूसँग भएका सम्झौतालाई कार्यान्वयन गर्न पनि ऐन संशोधनको खाँचो थियो।"

राजा महेन्द्रले जारी गरेको शिक्षा ऐन-२०२८ लाई विस्थापित गरी पूरै नयाँ ऐन बनाउन आवश्यक भएको कुरामा कसैको विमति नरहे पनि नयाँ ऐन बनाउन खोज्दा अहिलेको राजनीतिक माहोलमा साविकको ऐनका राम्रा कुरासमेत गुम्ने खतरा भएको निष्कर्ष निकाल्दै शिक्षा मन्त्रालयका अधिकारीहरू तत्कालको बाधा-अड्काउ फुकाउन ऐन संशोधनको बाटो समात्न पुगेका हुन्।

प्रस्तावित ऐनमा फेरि एकपटक कार्यरत शिक्षकहरूलाई प्रक्रिया पुऱ्याएर स्थायी गर्ने बाटो खोल्न लागिएको छ। २०६१ साल साउन २१ भन्दा पहिले नियुक्त शिक्षकहरूलाई आन्तरिक



प्रतिस्पर्धाबाट स्थायी गरिने कुरा प्रस्तावित मस्यौदामा उल्लेख गरिएको छ ।

सरकारको प्रस्तावलाई संसद्ले हुबहु स्वीकार गरिदियो भने खुला प्रतिस्पर्धाबाट शिक्षक छानिने परिपाटीलाई फेरि एकपटक गहिरो धक्का लाग्नेछ र त्यसबाट योग्य व्यक्तिहरू शिक्षण पेशामा आउन अरू निरुत्साहित हुनेछन् । भनसुन वा सोर्स वा थोरै बीचको प्रतिस्पर्धाका आधारमा स्कूल व्यवस्थापन समितिले राखेका अस्थायी शिक्षकहरू नै स्थायी हुन पाउने छन् । यसअघि दुईपटक अस्थायी शिक्षकहरूले त्यस्तो मौका पाइसकेका छन् । त्यसैले शिक्षकका पेशागत संस्थासँग सम्झौताको हवाला दिए पनि सरकारी प्रस्ताव विवादित बन्न जानेछ । किनभने यसले योग्य शिक्षकबाट पढ्न पाउनुपर्ने विद्यार्थीको नैसर्गिक अधिकारलाई कुण्ठित गर्नेछ ।

## उदार लाइसेन्स र शिक्षक काउन्सिल

अस्थायी शिक्षकका पक्षमा बढी नै झुकाव राखेको मन्त्रालयले अर्कोतिर राम्रो नम्बर ल्याएर 'ग्र्याजुएट' गर्ने विद्यार्थीहरूलाई शिक्षण पेशामा आकर्षित गर्न उदार लाइसेन्स नीति अगाडि सारेको छ । सहसचिव नेपाल भन्छन्, "७० प्रतिशतभन्दा बढी नम्बर ल्याएर 'ग्र्याजुएट' गर्ने प्रतिभाशाली जनशक्ति सहजै शिक्षक बन्न पाउन भनेर यो प्रावधान राख्न लागिएको हो ।"

> **संशोधन प्रस्ताव संसद्बाट पारित भएमा खुला प्रतिस्पर्धाबाट शिक्षक छानिने परिपाटीलाई फेरि एकपटक गहिरो धक्का लाग्नेछ र त्यसबाट योग्य व्यक्तिहरू शिक्षण पेशामा आउन अरू निरुत्साहित हुनेछन् ।**

अहिले १० महिने तालिम प्राप्त वा शिक्षा मुख्य विषय लिएकाले मात्र लाइसेन्स परीक्षामा सहभागी हुन पाउने व्यवस्था छ । जसले गर्दा विज्ञान, अङ्ग्रेजी र गणितलगायतका विषय पढेका प्रतिभाशाली र शिक्षक बन्न चाहने व्यक्तिहरू निरुत्साहित हुने गरेका छन् । यस्ता प्रतिभाशाली व्यक्तिहरूलाई सोझै स्थायी शिक्षक बनाउनुपर्ने सुझाव सरकारको तर्फबाट शिक्षकलाई तालिम दिने निकाय शैक्षिक जनशक्ति विकास केन्द्रले केही समयअघि मन्त्रालयलाई दिएको थियो ।

यता शिक्षक सेवा आयोगले दिँदै आएको शिक्षक अनुपतिपत्र जारी गर्ने कामका लागि शिक्षक काउन्सिल नामक छुट्टै संस्था स्थापना गरिने भएको छ । आयोगले शिक्षकको स्थायी तथा बढुवाको समेत काम गर्ने भएकाले लाइसेन्स दिने निकाय छुट्टै आवश्यक परेको भनी आवाज उठिरहेको सन्दर्भमा उक्त नयाँ व्यवस्था हुन लागेको हो । तर त्यस्तो काउन्सिलको गठन चाहिँ शिक्षक सेवा आयोगले नै गर्ने छ । ८ सदस्यीय काउन्सिलमा शिक्षक युनियनलगायत शिक्षकका पेशागत संस्था समेतको सिफारिसमा सात जना र दुई जना शिक्षा प्रशासक रहने छन् ।








कृष्णप्रसाद ढकाल

# सिस्नुपानी र मल्हम



**आफ्नो दायित्व निर्वाह नगर्ने, गैरजिम्मेवार हुने, समयमा पाठ्यपुस्तक उपलब्ध गराउन नसक्ने, परीक्षाका बेला विद्यार्थीको उत्तरपुस्तिकामा लेखिदिने जस्ता कुकर्म गर्ने फटाहाहरूका लागि शिक्षक भतभती पोल्ने सिस्नुपानी हो। बारम्बार सिस्नुको पोलाइ खप्ने या सुध्रने; रोजाइ हामी शिक्षककै हो।**

सरकारलाई सचेत पार्ने, शिक्षा बिगार्न लागिपरेकाहरूलाई खबरदारी गर्ने, आफ्नो कर्तव्यबाट दायाँबायाँ लागेकाहरूलाई सही मार्गमा ल्याउने, शिक्षकहरूलाई पेशेवर बन्न प्रेरित गर्ने, समुदायलाई आफ्नो दायित्व बोध गराउने र सम्पूर्ण शिक्षा सरोकार समूहहरूलाई नै शैक्षिक विकासमा जुट्न *शिक्षक* ले जुन जमर्को गरेको छ, त्यो साह्रै सराहनीय छ। आगामी दिनहरूमा पनि यस्ता पवित्र कार्यले निरन्तरता पाउन् भन्ने शुभेच्छा व्यक्त गर्दछु। *शिक्षक* साँच्चिकै शिक्षकहरूको सहयोगी हो। हामी शिक्षकहरूले गर्नुपर्ने के? र, गर्नै नहुने के? यी दुवै पाटोलाई यसले आफ्ना सबै अङ्कमा राम्रोसँग प्रस्ट्याएको छ। *शिक्षक* का सबै अङ्कहरू राम्रोसँग पढ्ने र सोहीअनुरुप व्यवहार गर्ने हो भने पेशेवर बन्न, शिक्षक शिक्षक नै भएर रहन अनि हामी आफैंले गुमाएको मर्यादा पुन: स्थापित गर्न सजिलै सकिन्छ।

*शिक्षक* ले नेपाली शिक्षकको व्यवहारमा परिवर्तन खोजेको छ। लगनशीलता, अनुशासन, सच्चरित्रता, इमानदारी र पेशाप्रति समर्पण हुन आग्रह गरेको छ। यो सब हाम्रै भलाइका लागि हो। हामीलाई समाजमा पुन:स्थापित गर्नका लागि हो। हाम्रो गुमेको मर्यादा फिर्ता गराउनका लागि हो। हामीलाई कसैको पछुवा नभई समाजको अगुवा बनाउन *शिक्षक* ले ठूलो कसरत गरिरहेको छ भन्ने म ठान्दछु।

आफ्नो दायित्व निर्वाह नगर्ने, गैरजिम्मेवार हुने, समयमा पाठ्यपुस्तक उपलब्ध गराउन नसक्ने (२०६५ असार अङ्क), परीक्षाका बेला विद्यार्थीको उत्तरपुस्तिकामा लेखिदिने (२०६५ असोज), विद्यालयलाई राजनीतिक मञ्च बनाउने, नक्कली प्रमाणपत्रधारी शिक्षकलाई राजनीतिक संरक्षण दिने (२०६६ भदौ), लठ्ठीधारी शिक्षक, हेलमेट टिचर (२०६५ वैशाख), मदिरा र मास्टर (२०६६ जेठ), अवैध कामका अगुवा शिक्षक (२०६६ जेठ), नालायकहरू (२०६६ फागुन) आदि कुकर्म गर्ने फटाहाहरूका लागि भने *शिक्षक* भतभती पोल्ने सिस्नुपानी हो। बारम्बार सिस्नुको पोलाइ खप्ने या सुध्रने; रोजाइ हाम्रो हो।

शिक्षकहरूको पेशागत सीप विकास गर्न र आफ्नो कर्तव्यबाट चिप्लिएका शिक्षकहरूलाई सही बाटोमा हिँडाउन *शिक्षक* ले अधिकतम प्रयत्नहरू गरेको छ भन्ने मेरो ठम्याइ छ। शिक्षकको मात्र नभएर शिक्षासँग सरोकार राख्ने सबैका लागि *शिक्षक* साह्रै लोकप्रिय मासिक पत्रिका हो भन्ने मेरो बुझाइ हो।

हरेक अङ्कमा फरक-फरक विषयवस्तुका

## शिक्षक समीक्षा

सामग्रीहरू उत्तिकै आकर्षक ढङ्गले प्रस्तुत गर्नु यसको विशेषता हो । कक्षाकोठाभित्र विज्ञान कसरी पढाउने ? अङ्ग्रेजी कसरी पढाउने ? त्यस्तै गणित कसरी बुझाउने ? भन्ने विषय प्रत्यक्ष रूपमा शिक्षकका सरोकारका विषयहरू हुन् । दुई वर्षदेखि आफ्ना सबै प्रकाशनहरूमा यी विषयहरूलाई बढी महत्त्वका साथ स्थान दिनु साह्रै सराहनीय कार्य हो ।

*शिक्षक* लाई शुद्ध शिक्षक भएर रहन, विद्यार्थीको असल सहयोगी बन्न, विद्यार्थीलाई बुझाउन सक्ने क्षमताको विकास गर्न, सबैले मनपराउने साझा व्यक्तित्व निर्माण गर्न, आफ्नो विषयमा दक्ष हुन, एक कुशल र सफल शिक्षक बन्न, पेशेवर र प्रतिस्पर्धी हुन, आफ्नो ज्ञान र क्षमता बढाउन, सरकारी विद्यालयलाई जागिर पकाउने थलो मात्र नबनाउन, राजनीतिक दलको पछुवा नहुन, शिक्षकहरूको हक, अधिकार र पेशागत विकासका लागि सजग रहन, बालबालिकाहरूको विचार, धारणा र भावनाको कदर गर्दै बालमैत्री व्यवहार गर्न, समाजमा पथ-प्रदर्शक बन्न, कुशल, इमानदार र अनुशासित नागरिक उत्पादन गर्न *शिक्षक* पत्रिकामा छापिएका सामग्रीहरू शिक्षकका निम्ति पर्याप्त छन् भन्ने मेरो सोचाइ रहेको छ । तर, पनि निम्न सामग्रीहरू समावेश हुनसके अझ सुनमा सुगन्ध पो हुनेथियो कि भन्ने लाग्छ–

शैक्षिक समस्या र समाधान स्तम्भ, शिक्षण विधि र सिकाइ प्रक्रिया, कक्षाभित्रको शिक्षण अवस्था, शिक्षक गतिविधि, विद्यार्थी-अभिभावकको अपेक्षा, कक्षा व्यवस्थापन र विद्यालय व्यवस्थापनसँग सम्बन्धित सामग्री, दुर्गम जिल्लाका शिक्षकहरूको अनुभव र भोगाइ, प्रश्नोत्तर स्तम्भ, शिक्षकको मनका कुरा, शिक्षकका लेख-रचनाहरूलाई बढी प्राथमिकता र विद्यार्थी स्तम्भ ।

*शिक्षक* मासिकको मूल उद्देश्य शिक्षकहरूको पेशागत सीप विकास गर्नु हो । यसमा प्रकाशित सबैजसो लेख रचनाहरूले यही सवाललाई प्राथमिकताका साथ उठाउने गरेको पाइन्छ । जबसम्म शिक्षण पेशालाई हामीले व्यावसायिक बनाउन सक्दैनौं तबसम्म हामी विशुद्ध शिक्षक भएर रहन पनि सक्दैनौं । हामी विशुद्ध शिक्षक नहुँदासम्म शिक्षाको स्तर पनि उठ्न सक्दैन भन्ने कुरालाई पत्रिकाले बारम्बार उठाउने गरेको पाइन्छ । यसै सन्दर्भमा २०६५ असोजको अङ्कमा छापिएको प्रदीप नेपालको 'शिक्षकका सङ्गठन: हिजो र आज' शीर्षकको लेखमा भनिएको छ, "शिक्षक त आखिर शिक्षक हो । विद्यार्थीलाई नपढाइ उसको पेशागत दायित्व पूरा हुँदैन, जीविका चल्दैन, उसको दिमाग माझिँदैन । तर, हाम्रा शिक्षक मित्रहरू न असल शिक्षक हुनसके न पार्टीका असल कार्यकर्ता । पार्टीभित्र उनीहरूको भूमिका लेवी बुझाउनेमा खुम्चियो ।"

२०६६ माघको अङ्कमा प्रकाशित लेख 'राजनीति त गारौं तर शिक्षाको !' भन्ने लेखमा भोला दाहाल भन्नुहुन्छ, "राजनीतिक दल र तिनका नेताको पछिलाग्ने तर आफ्नो विद्यालयको पढाइलाई बिर्सने प्रवृत्तिले शिक्षकलाई ठूलो हानि गरेको छ ।" यस्तै २०६६ कात्तिकको अङ्कमा प्रा. कृष्ण खनाल भन्नुहुन्छ, "जुन दिनसम्म पार्टीहरूले शिक्षकलाई एउटा आश्रित कार्यकर्ता मात्र ठान्छन्, त्यो दिनसम्म शिक्षा र शिक्षकलाई सुधार्ने कुरा एउटा कोरा कल्पना मात्र हुन्छ । त्यो सम्भव नै छैन ।"

माथिका सबै भनाइबाट के प्रस्ट हुन्छ भने हामीले दलगत संलग्नता त्यागेर पेशेवर हुनुको कुनै विकल्प छैन । शिक्षकहरू अरूको होइन आफ्नै विद्यार्थीको बन्नुपर्छ । शिक्षकहरू त अरूको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने पेशाकर्मी हुन् । शिक्षक सबै पेशाको जननी हो । यसरी *शिक्षक* मासिकका सबै अङ्कहरू नियाल्दा यसको मूल अभिप्राय भनेको नेपाली शिक्षकहरूको पेशागत सीप विकास गर्नु हो भन्ने कुरा प्रस्ट हुन्छ ।

*शिक्षक* मासिकले शिक्षकहरूलाई पेशेवर बन्न घचघच्याएको छ । उनीहरूलाई आफ्नो कर्तव्यबोध गराएको छ, जिम्मेवारीप्रति सजग तुल्याएको छ । यति मात्र नभई आफ्ना कमी-कमजोरीका सम्बन्धमा पश्चात्ताप गर्ने तहसम्म पुर्‍याएको छ । अब सच्चिनु नै पर्छ भन्ने सोच बढाएको छ । आफ्नो पेशाप्रति प्रतिबद्ध रहने र आफ्नै विद्यार्थीसँग घुलमिल हुन प्रेरित गरेको छ ।

शिक्षण पेशाप्रति पूर्ण समर्पित हुने र प्रभावकारी पठनपाठनलाई नै सर्वस्व ठान्ने शिक्षकहरूको सङ्ख्या अत्यधिक छ । *शिक्षक* मासिकले चौतर्फी रूपमा शिक्षकलाई घचघच्याएका कारणले पनि यसो हुन गएको हो भन्ने लाग्दछ ।

शिक्षण पेशाप्रति पूर्ण समर्पित हुने र प्रभावकारी पठनपाठनलाई नै सर्वस्व ठान्ने शिक्षकहरूको सङ्ख्या अत्यधिक छ । २०६६ वैशाख अङ्कमा छापिएको *शिक्षक* मासिकले गरेको संक्षिप्त सर्वेक्षणले एउटा विद्यालयमा नराम्रा शिक्षक सामान्यत: एक जनाभन्दा बढी नभएको देखाएको छ । नराम्रा शिक्षकको सङ्ख्या सामान्यत: घट्ने क्रममा छ । *शिक्षक* मासिकले चौतर्फी रूपमा शिक्षकलाई घचघच्याएका कारणले पनि यसो हुन गएको हो भन्ने लाग्दछ ।

समष्टिमा *शिक्षक* शिक्षककै लागि हो । यसले लथालिङ्ग अवस्थामा रहेको शिक्षा क्षेत्रलाई सुधार्ने जुन जमर्को गरेको छ त्यो प्रशंसनीय कदम हो ।

नकारात्मक पक्ष म देख्दिनँ । तर पनि तलका विषयमा शिक्षकको ध्यान जान सके झनै

शिक्षक समीक्षा

# सन्दर्भ सामग्रीको रूपमा *शिक्षक*

**मधु राई**

**ठ्याक्कै** डेढ वर्ष भयो मैले *शिक्षक* मासिक नियमित रूपले पढ्न थालेको। शिक्षाप्रति समर्पित सृजनशील शिक्षकहरूले यसलाई सन्दर्भ सामग्री माने हुन्छ। र, मैले पनि यसलाई सन्दर्भ सामग्री मानेको छु। धेरै शिक्षकहरू पत्रपत्रिका र बाहिरी पुस्तक पढ्दैनन् तर यो डेढ वर्षको दौरानमा मैले विराटनगरमा *शिक्षक* मासिक पढ्ने थुप्रै शिक्षक पाठकहरू फेला पारेकी छु र तीमध्ये कतिपय पाठकहरू पत्रिकाबारे छलफलसमेत गर्न थालेका छन्। केही महिला शिक्षकहरू शिक्षासम्बन्धी लेख लेख्न समेत थालेका छन्। यसरी लेख्न रुचाउने कतिपयलाई मैले पाठक प्रतिक्रिया र लेखहरू पठाउन प्रोत्साहित गर्दै पनि आएको छु।

मलाई मनपर्ने स्तम्भमध्ये 'विश्व अनुभव' पर्छ। नेपाली शिक्षा र शिक्षण पेशासम्बन्धी नकारात्मक सोच राख्ने र कामभन्दा कुरा बढी गर्नेहरूले यो स्तम्भ पढ्नु जरुरी छ। यो स्तम्भ मेहनती र सृजनशील शिक्षकहरूका लागि प्रेरणादायी छ। यसको नियमित अध्ययनले हाम्रो यथास्थितिवादी सोचलाई परिवर्तन गर्न मद्दत गर्छ। यस्तै अर्को मनपर्ने नियमित स्तम्भमध्ये अङ्ग्रेजी भाषा सम्बन्धी सामग्री हो। विशेषगरी स्कूल र कलेज पढ्दा राम्ररी अङ्ग्रेजी सिक्न नपाएका शिक्षक र अभिभावकहरूका लागि यो स्तम्भ पठनीय छ। यसको नियमित अध्ययनले शिक्षकको पेशागत दक्षता मात्र होइन आफ्ना विद्यार्थीलाई सहज तरिकाबाट कसरी अङ्ग्रेजी सिकाउने भन्ने आधारभूत ज्ञान पाइन्छ।

२०६५ साल असारको संयुक्ताङ्कको चिन्तन पानामा छापिएको सामग्री 'शिक्षक नै पाठ्यपुस्तक' पनि सङ्ग्रहणीय छ। उक्त सामग्रीले 'सकिन्छ भने पुस्तक हटाउ नत्र घटाउ' भन्ने सन्देश दिन्छ। २०६५ साल पुसको अङ्कमा प्रकाशित पाउलो फ्रेरिईको 'सही शिक्षाले द्वन्द्व घटाउँछ' पनि पठनीय र मननयोग्य लेखमा पर्छ। त्यस्तै गत वैशाख महिनाको कक्षाकोठा पानामा छापिएको स्वास्थ्य शिक्षणसम्बन्धी 'लुँडोले पार्छ सजिलो' शीर्षकको सामग्री ज्ञानवर्द्धक छ। विशेषगरी प्राथमिक तहका विद्यार्थीलाई उक्त खेलको माध्यमबाट स्वास्थ्य शिक्षाको अतिरिक्त ज्ञान दिन सकिन्छ।

लेख्ने सीपले पेशागत दक्षता मात्र होइन यसले नयाँ सीप सिक्न समेत प्रेरित गर्दो रहेछ भन्ने मैले *शिक्षक* नियमित पढ्न थालेपछि महसुस गरें। मैले शिक्षक बाट पाएको ज्ञान आफ्ना शिक्षकहरूमा मात्र सीमित नराखी अभिभावक र छिमेकी विद्यालयका अभिभावक र शिक्षकसम्म पुऱ्याउने प्रयास गर्दै आएको छु। मैले साप्ताहिक र मासिक रूपमा शिक्षक-अभिभावक सबलीकरण कार्यक्रम शुरु गरेको छु। यो कार्यक्रमले मलाई मेरो पेशागत दक्षता बढाउन ठूलो मद्दत गरेको छ। यसको श्रेय म *शिक्षक* लाई दिन चाहन्छु।

## सुधार्नुपर्ने पक्ष

सार्वजनिक र निजी शिक्षाबीचको खाडल पुर्न *शिक्षक* ले पुलको काम गर्न सक्छ। निजी विद्यालयका बहुसङ्ख्यक शिक्षकहरू नेपाली भाषाको पत्रपत्रिका पढ्दैनन्। वास्तवमा प्रिन्सिपलहरू आफ्ना शिक्षकहरूलाई शिक्षक पत्रिका पढ्नुपर्छ भन्दैनन्। यस्तो अवस्थामा *शिक्षक* ले दुवैखाले शिक्षा र शिक्षकका लागि सन्तुलित सामग्री पस्कने हो कि! त्यस्तै नियमित पाठकहरूबीच सञ्जाल बनाउन ठाउँठाउँमा शिक्षक पाठक क्लब खोल्ने हो कि?

राम्रो हुन्थ्यो भन्ने मेरो सोचाइ रहेको छ।

- *शिक्षक* कसको हो? *शिक्षक* 'शिक्षकको हो' कि? 'शिक्षकको पनि' हो? अथवा 'शिक्षकका लागि' हो? यसबारेमा *शिक्षक* अलमलमा परेको जस्तो लाग्छ। यदि शिक्षकको हो भने बहुसङ्ख्यक लेख रचनाहरू शिक्षकहरूकै हुनुपर्ने हो। तर, त्यस्तो भएको देखिएन। अत: 'शिक्षकका लागि' वा 'शिक्षकको पनि' *शिक्षक* मासिक भएको मेरो लखकटाइ छ।
- फिनल्याण्ड, अमेरिका, बेलायत, दक्षिण कोरियाको शैक्षिक गतिविधिलाई भन्दा सार्क मुलुकको शिक्षालाई बढी प्राथमिकता दिँदा प्रभावकारी होला कि भन्ने मेरो सुझाव रहेको छ।
- विद्यार्थी आफ्ना शिक्षकलाई के भन्छन्? उनीहरूको भावनालाई पनि शिक्षकले समेट्न सके अरु प्रभावकारी हुन्थ्यो कि?
- महिला, दलित, जनजाति र दुर्गमका शिक्षकहरूको लेख, रचनालाई प्राथमिकता दिँदा अरु बेस हुन्थ्यो कि!

शिक्षक मा छापिएकामध्ये मलाई सबैभन्दा बढी मन परेको सामग्री 'आवरण' हो। तर, लेखको कुरा गर्ने हो भने २०६५ माघको अङ्कमा छापिएको प्रा.डा. विद्यानाथ कोइरालाको 'निर्मित' कसरी भयो? 'विनिर्मित' कसरी हुने? मलाई बढी मन परेको छ।

हटाउनुपर्ने स्तम्भ केही देख्दिनँ। थप्ने हो भने 'हाम्रा मनका व्यथा' र 'शैक्षिक समस्या र समाधान' स्तम्भ राख्न सके बेस हुनेथियो।

आफ्नो लक्ष्य पूरा नहुञ्जेल *शिक्षक* ले निरन्तर रूपमा सबैलाई सजग बनाइनै रहोस्। *शिक्षक* नेपालका सबै विद्यालयहरूमा पुऱ्याउन हामी सबै लागि परौं। शैक्षिक सुधारका लागि *शिक्षक* ले उठाएका हरेक कदमलाई हामी सम्पूर्ण नेपाली शिक्षकहरूले सहयोग गरौं भन्ने आग्रह गर्न चाहन्छु।

(ढकाल नेपाल शिक्षक युनियनका अध्यक्ष हुन्।)

शिक्षक
समीक्षा

# सबैका लागि होस् !

**दलबहादुर गुरूङ**

विद्यालय निरीक्षकको तयारीका लागि काठमाडौं गएको थिएँ। के पढ्दा आयोगमा नाम निकाल्न सकिन्छ भनेर पुस्तक/पत्रिकाको खोजीमा दौडेको बेला पुरानो बानेश्वर चोकमा रहेको एउटा पुस्तक पसलमा शिक्षक भेट्दा मनै फुरुङ्ग भो। दुई वर्षको दौरानमा २४ वटा शिक्षक जन्मिसकेका छन्। प्रत्येक शिक्षक उत्तिकै लायकका छन्, योग्य छन्, मनले खाने खालका छन्।

शिक्षक कहिलेकाहीँ बेलामा आई नपुग्दा मनै खिन्न हुन्छ। थुप्रै पत्रिकाहरू गर्भमै तुहिएको मैले भुलेको छैन। यो शिक्षक पनि त्यस्तै हुने पो हो कि भनेर मनमा आशङ्का उब्जिन्छ। शिक्षक को स्थायित्वका बारेमा यसका सम्पादक/व्यवस्थापकले मात्र चिन्ता गरेर पुग्दैन, हामीले पनि उत्तिकै चिन्ता गर्नुपर्छ। किनकि शिक्षक शिक्षक मात्र बनेन यो त सबैका लागि शैक्षिक चौतारी बनेको छ। यसले शिक्षकहरूलाई कसरी पढाउने भनेर सिकाएको छ, शिक्षकको दु:खसुखलाई समेटेको छ, नयाँ ज्ञानगुनबाट सबैलाई ज्ञानी बनाएको छ, शिक्षासम्बन्धी नियम/विनियमको जानकारी गराएको छ। प्रधानाध्यापकहरूको शैक्षिक योजना र कार्यान्वयनबारे सबैलाई जानकारी गराएको छ। यसले शिक्षालाई जीवनको पाटोसँग जोड्ने उत्तम सञ्जेल जस्ता शैक्षिक व्यक्तित्वको गुण सबैसामु बाँडेको छ। शैक्षिक हस्ती डा. विद्यानाथ कोइरालाका ताजा तथा ज्ञानबर्द्धक लेख/रचना सबैलाई पढाउने शिक्षक साधुवादको पात्र बनेको छ। पाठकको प्रतिक्रियालाई उच्च मूल्याङ्कन गर्दै ग्राह्यता पनि दिएको छ शिक्षक ले।




शुरुदेखि नै मैले शिक्षक पढ्दै र अरूलाई पढ्नुपर्छ भन्दै आएको छु। मेरा पनि दुइटा कविता, एउटा शैक्षिक विचार र एउटा शिक्षक भएको नाताले लेखेको शैक्षिक अनुभव र अनुभूति छापिएको छ। मलाई धेरै साथीहरूले धन्यवाद समेत दिएका छन् तर त्यसको श्रेय शिक्षक पत्रिकालाई दिन चाहन्छु। कारण सबैका अघि पुऱ्याउने काम त पत्रिकाले नै गऱ्यो नि ! मकवानपुर, छतिवनमा रहेको महेन्द्र उच्च माविका अपरिचित मित्र जनार्दन खनालले त्यति टाढाबाट मेरो कवितालाई माया गरेर रजिष्ट्री चिठ्ठी पठाउनुभएको थियो। उहाँलगायत थुप्रै साथीहरूको प्रशंसा बटुलेको छु मैले। तर, म त्यसको जस शिक्षक लाई दिन चाहन्छु।

शिक्षक मा सुधार गर्नुपर्ने थुप्रै पक्षहरू पनि छन्। लाग्छ, मैले यो मनैदेखि देखेको कुरा लेख्दैछु। शुरुशुरुमा केही शैक्षिक फिल्महरूको चर्चा गर्थ्यो तर आजभोलि किन आउन छोड्यो ? यसैका आधारमा मैले मेरा विद्यार्थीहरूलाई तारे जमिन पर फिल्म देखाएको थिएँ। विद्यार्थीहरूले सो फिल्म हेरेपछि धेरै ज्ञान हासिल गरेका थिए। लाग्छ आउँदा दिनहरूमा सो कामले निरन्तरता पाउने छ। शिक्षासम्बन्धी कुनै महत्त्वपूर्ण पुस्तक/लेख/रचनाको विश्लेषण शिक्षक पत्रिकामा हुनसके जाती हुनेथियो। प्रत्येक महिनामा पालैपालो गरी उदाहरणीय विद्यालयको चिनारी, सो विद्यालयको कार्यप्रगतिको जानकारी गराउन सके शिक्षक को माध्यमद्वारा अरू विद्यालयले पनि सिक्ने अवसर पाउने थिए। निश्चित विषयवस्तु दिएर शिक्षकहरूलाई सधैं लेख्ने कला सिकाउने काममा कतै बिट मर्ने पो हो कि भन्ने चिन्ता अझै मनबाट भाग्न सकेको छैन। शैक्षिक व्यक्तित्व/शिक्षकहरूका साहित्यिक रचनाका लागि निश्चित पाता छुट्याइदिन सके सुनमा सुगन्ध हुनेछ। प्रत्येक पाली कुनै निश्चित जिल्लाको शैक्षिक तथ्याङ्क समावेश गर्न सकिएमा शिक्षक लाई भन्नुपर्ने ठाउँ रहने छैन। अभिभावकहरूका चासो/भोगाइ/अनुभव समेट्ने निश्चित पाता राख्न सके अभिभावकले गुनासो गर्ने बाटोबाट टाढै बस्थ्यो होला शिक्षक। अभिभावकको समेत पत्रिका बन्न सक्थ्यो होला शिक्षक। शैक्षिक सरोकारवालाभित्र अभिभावक पनि पर्ने भएकाले उनीहरूको सहभागितालाई नकार्न मिल्दैन कि ? त्यतिमात्र होइन मेधावी विद्यार्थीहरूसँग गरिएको कुराकानी एउटा पातोमा समावेश गर्न सकिएमा विद्यार्थीहरूको समेत पत्रिका बन्न सक्नेथियो शिक्षक ! शिक्षक-शिक्षकहरूबीच समन्वय कायम गर्ने कला, सीप र क्षमताको विकास गर्ने खालको तौर/तरिका समेत समेट्नुपर्ने देखिन्छ।

शिक्षक पत्रिका केवल शिक्षकहरूलाई भन्दा पनि शिक्षासँग सरोकार राख्ने सबैका लागि हुनुपर्दछ। जसका कारण पत्रिकाको आयु बढ्ने छ। हाम्रै ग्राहकको आर्थिक सहायताले हामीलाई निरन्तर वर्षौंसम्मको शैक्षिक यात्रामा साथ दिइरहने छ। हामी र हामी जस्ता थुप्रै शैक्षिक उन्नतिमा सरोकार राख्ने शैक्षिक मनुष्यहरूलाई ज्ञान प्रदान गरिरहने छ शिक्षक ले। र, आफूलाई थप नयाँ उचाइमा उठाउने छ शिक्षक ले। आफू उठ्दा सबैलाई उठाउने छ शिक्षक ले। शिक्षक निरन्तर प्रकाशन भइरहोस् भन्ने हामी सबैको शुभेच्छा।

**दोभान उच्च मावि, दोभान पाल्पा**

शिक्षक समीक्षा



प्रत्यूष वन्त

*शिक्षक* मा छापिएका रिपोर्टहरू खँदिला ('इन डेप्थ') छन्, र केहीलाई 'खोजी पत्रकारिता'को नजिकको श्रेणीमा पनि राख्न सकिन्छ ।

## *शिक्षक* का २४ अङ्क

# विषयगत पत्रकारिताको उपलब्धि




विद्यालय-शिक्षकहरूमा केन्द्रित म्यागेजिनका रूपमा *शिक्षक* को यात्रा २७ महिना पहिले शुरु भएको थियो । पहिलो अङ्कदेखि नै यो पत्रिकाको सम्पादन राजेन्द्र दाहालले गरेका हुन् (यद्यपि उनको नाम पत्रिकाको केही अङ्कको प्रिन्टलाइनमा उल्लेख गरिएन) । दाहाललाई तीनजना पूर्णकालीन पत्रकारको समूहले सघाउँछ । म्यागेजिनमा प्रकाशित धेरैजसो विश्लेषणहरू विद्यालय शिक्षक, प्राज्ञिक वर्ग, सरकारी कर्मचारी र सामाजिक अभियन्ताहरूले लेखेको पाइन्छ ।

करिब डेढ लाख शिक्षकहरूको काँधमा नेपालका पचास लाखभन्दा बढी बालबालिका (१२ कक्षासम्मका) लाई साक्षर, शिक्षित र सुयोग्य नागरिक बनाउने जिम्मा रहेको भन्दै म्यागेजिनको पहिलो अङ्कको सम्पादकीयले *शिक्षक* केन्द्रित पत्रिकाको औचित्य स्पष्ट पारेको थियो । स्तरीय विद्यालय शिक्षा र नेपालको उन्नत भविष्यबीच सोझो सम्बन्ध रहेको उल्लेख गर्दै सम्पादकीयमा समाज र प्रेसले स्कूल, बालबालिका र शिक्षकका गतिविधिमाथि निरन्तर चासो राख्नुपर्छ भन्ने निष्कर्षका आधारमा म्यागेजिन प्रकाशन शुरु गरिएको बताइएको थियो । स्कूल शिक्षासँग सम्बन्धित सबै विषय म्यागेजिनको चासोको विषय भए पनि तिनलाई हेर्ने आधारभूत कोण चाहिँ शिक्षक वा शिक्षण पेशा हुनेमा जोड दिइएको थियो ।

*शिक्षक* को उद्देश्य प्रस्ट्याउँदै सम्पादकहरूले शिक्षक र समुदायबीच शिक्षा, शिक्षण र शिक्षकका बारेमा संवादको ढोका खोल्न चाहेको र त्यसबाट शिक्षकको बौद्धिक र पेशागत क्षमता अभिवृद्धिमा सघाउ पुग्ने विश्वास गरेका थिए । पत्रकारिताका माध्यमबाट सम्पादकहरूले शिक्षण पेशाको सामाजिक प्रतिष्ठा पुनर्स्थापित गरी शिक्षकको मनोबल उकास्न तथा 'शिक्षण'लाई जागिरभन्दा रोजाइको पेशाको रूपमा स्थापित गर्ने उद्देश्य *शिक्षक* ले राखेको थियो । शिक्षक समुदाय र नीतिनिर्माताबीचको सम्बन्ध-सेतु सुदृढ गर्नुका साथै शिक्षा र शिक्षण विधिको क्षेत्रमा देश-विदेशमा भइरहेका चाखलाग्दा, ज्ञानबर्द्धक र उपयोगी चिन्तन, क्रियाकलाप र प्रविधिहरू शिक्षकहरूसम्म पुऱ्याउने साझा चौतारीको रूपमा सम्पादकहरूले म्यागेजिनलाई प्रस्तुत गरेका छन् । अर्को शब्दमा भन्ने हो भने यो स्कूले शिक्षामा मात्रै केन्द्रित विशेष म्यागेजिन नभई शिक्षकलाई केन्द्रमा राखेर विभिन्न विषयलाई केलाउने म्यागेजिन हो ।

अहिलेसम्म शिक्षकले २४ अङ्क पूरा गरिसकेको छ जुन नेपालका धेरै म्यागेजिनहरूको औसत आयुभन्दा धेरै हो । त्यसैले अब यसका सम्पादक र पाठक (विशेषगरी शिक्षक)हरूको दायित्व हो- यसले शुरु अङ्कमा गरेका महत्त्वाकाङ्क्षी उद्देश्यमा कतिको खरो उत्रन सक्यो भनेर केलाउने । म त्यस पक्षमा आधिकारिक टिप्पणी गर्ने अवस्थामा छैन । त्यसको साटो म यो लेखमा *शिक्षक* मा छापिएका सामग्रीहरूलाई पत्रकारिताको कोणबाट मूल्याङ्कन गर्न चाहन्छु ।

### म्यागेजिन

शुरुदेखि नै यो म्यागेजिनमा सम्पादकीय र विद्यालय शिक्षा सम्बन्धित छोटा समाचारहरू प्रकाशित हुँदै

आएका छन्। त्यसबाहेक, यसमा पाठकहरूद्वारा लेखिएका पत्रहरू पनि प्रशस्त प्रकाशन गरिन्छन्, जसका लागि पछिल्ला अङ्कहरूमा चार पेजसम्म छुट्याइएको छ। प्रत्येक ६४ पाने अङ्कमा केही रिपोर्टहरू पनि हुन्छन् जुन प्राय: सम्पादन समूहका सदस्य र स्वतन्त्र पत्रकारले तयार पार्छन्। आवरण कथामा प्राय: विशेष रिपोर्टका अतिरिक्त शिक्षक या अनुसन्धाताहरूका विचार-लेख, अनुभवजनित निबन्धहरू, अन्तर्वार्ता अन्य सम्बन्धित व्यक्तिहरूसँग गरिएका कुराकानीहरू राखिएको हुन्छ। कहिलेकाहीँ आवरण कथासँग सम्बन्धित अन्य देशका अनुभवहरूले पनि स्थान पाउँछन्।

म्यागेजिनमा अन्य विचार-लेखहरू, कहिलेकाहीँ कुनै मुद्दा या विषयमा एकभन्दा धेरै लेखकका विचार, शिक्षक र विद्यार्थीका संस्मरणहरू छापिन्छन्। अन्य भाषाबाट नेपालीमा अनूदित लेख-निबन्ध, स्कूले शिक्षासँगै सीधै सम्बन्ध नभएका फिचर र 'सेल्फहेल्प' निबन्ध जस्तै 'अङ्ग्रेजीमा कसरी लेख्ने' जस्ता सामग्री पनि यो म्यागेजिनमा छापिएका छन्। असल शिक्षकहरूको व्यक्तिचित्र र अन्तर्वार्ताले पनि *शिक्षक* मा स्थान पाएका छन्। त्यस्तै, म्यागेजिनमा पुस्तक या फिल्मको समीक्षा पनि सामेल गरिन्छन्। यदाकदा प्रतिवेदनहरूका सम्बन्धित केही अंश पनि प्रकाशन भएको पाइन्छ।

हालैका अङ्कमा केही नयाँ स्तम्भ थपिएका छन्। 'मनका कुरा' शिक्षकहरूले आफूलाई छोएको, मनलाई छोएका कुनै मुद्दा, विषयमा भावना व्यक्त गर्ने चौतारी हो। प्रश्न-उत्तर स्तम्भ पनि हालै थपिएको हो जसमा पढाइरहेका शिक्षकहरूले सोधेका सवालहरूको जवाफ सम्बन्धित निकायबाट दिइन्छ।

*शिक्षक* मा छापिएका रिपोर्टहरू खँदिला ('इन डेप्थ') छन्, र केहीलाई 'खोजी पत्रकारिता'को नजिकको श्रेणीमा पनि राख्न सकिन्छ। त्यस्ता रिपोर्टहरू प्राय: पत्रकारहरूले तयार पारेका छन् र ती उपलब्ध डकुमेन्टहरूको गहन अध्ययन-विश्लेषण भन्दा पनि ठूला दैनिक र खबरपत्रिकामा पाइने जस्तै मूलत: संलग्न व्यक्तिहरूसँग गरिएका वार्तामा आधारित हुन्छन्। तर, पत्रकारिता क्षेत्रमा देखिएको 'बेस्ट प्राक्टिसेज'सँग यी रिपोर्टहरू हाराहारीमा छन् भन्न सकिन्छ। धेरै रिपोर्ट स्वाभाविकै हिसाबले नीति र व्यावहारिक समस्यामा केन्द्रित छन् (उदाहरणका लागि 'हेल्मेट' शिक्षक, शिक्षा क्षेत्र सम्बन्धित कर्मचारीहरूको विदेश भ्रमण, निजी शिक्षालयहरूका शिक्षकको अवस्था आदिलाई लिन सकिन्छ) भने केही रिपोर्ट 'मानवीय रुचि'का विषयमा केन्द्रित छन् (उदाहरणका लागि: पहाडमा मधेशी शिक्षक, हङकङका विद्यालयमा नेपाली शिक्षक, सेवा निवृत्त भएका तर नथाकेका शिक्षक आदि)।

एउटा विशेष मुद्दा या विषयमा केन्द्रित गरेर आवरण कथा तयार गर्ने र सोही विषय सम्बन्धित भिन्न विधाका अन्य सामग्रीसहितको 'प्याकेज' तयार गर्ने कार्य आफू सम्पादक रहेको *हिमाल खबरपत्रिका* मा दाहालले धेरै अभ्यास गरेका हुन्। तसर्थ; सोही नमुना *शिक्षक* मा पनि दोहोरिनु कुनै अनौठो भएन। केहीमा बाहेक प्राय: अङ्कहरूमा कभर स्टोरीहरूको प्याकेजिङ गतिलो, खँदिलो पाइन्छ (उदाहरणका लागि, विद्यार्थीका नजरमा असल शिक्षक, महिला शिक्षकले नेतृत्व गरेको स्कूल, नक्कली शैक्षिक प्रमाणपत्रधारी शिक्षक, एसएलसी परीक्षा आदि)।

प्रत्येक अङ्कमा विचारमूलक लेखहरू समेत सामेल गरिन्छन्। तीमध्ये धेरै व्यक्तिगत अनुभवमा आधारित रचना देखिन्छन्। र, थोरै मात्र नेपालको शैक्षिक क्षेत्र या स्कूल-शिक्षाका विभिन्न आयाममा केन्द्रित अध्ययन-अनुसन्धानमा आधारित लेखहरू पाइन्छन्। त्यस्ता धेरै लेख विभिन्न प्राज्ञिक जर्नलमा प्रकाशित भएका छन् र सन् १९५० देखि नै विभिन्न परामर्शदाताहरूले तयार गरेका रिपोर्टहरू पनि हामीसँग उपलब्ध छन्। यस्ता सामग्रीलाई म्यागेजिनका पाठकसमक्ष पुऱ्याउन सम्पादकहरूले शिक्षा क्षेत्रमा काम गरेका अनुसन्धाताहरूलाई लेखनका लागि ऊकुऊक्याउन, काममा लगाउन जरुरी हुन्छ। हालसम्म थोरै मात्र यस्ता अनुसन्धाताहरूको लेख *शिक्षक* मा छापिएको छ। र, म्यागेजिनमा काम गर्ने पत्रकारहरूले पनि अनुसन्धाताहरूले गरेका कामहरूलाई समेत ध्यान दिनु जरुरी छ।

> यो मासिक पत्रिका पढ्ने हजारौँ शिक्षकहरूले मुलुकभर छरिएर रहेका अन्य सहकर्मीहरूसँग एक भावनात्मक सम्बन्ध महसुस गरे भने म आश्चर्य मान्दिनँ। त्यस्तो आत्मिक सम्बन्धले दीर्घकालीन रूपमा कक्षाकोठामा सकारात्मक परिवर्तन ल्याउन सक्छ भन्ने मलाई लाग्छ। त्यो सम्भावनालाई मूर्तरूप दिन मात्रै पनि *शिक्षक* चिरकालसम्म जीवित रहनुपर्छ।

शुरुदेखि नै नेपालको शिक्षा क्षेत्रमा विदेशी दाताहरूको संलग्नता हुँदै आएको छ तर तिनका बारेमा थोरै मात्र रिपोर्ट र लेखहरू छापिएका छन्। यो विषयका विभिन्न पक्षहरूबारे राम्ररी खोजखाज गरिनु जरुरी छ। राज्यले तोकेको पाठ्यक्रम र अन्य निजी शिक्षण संस्थाहरूले प्रयोगमा

# सृजनालाई स्थान दिइयोस्

**ऋषिराम लामिछाने**

**मलाई** *शिक्षक* मासिक पत्रिका असाध्यै मनपर्छ। हरेक महिनाको पहिलो हप्ता कति बेला *शिक्षक* हातमा पर्ला र पढौँला जस्तो लाग्छ। यो पत्रिका सरल र स्तरीय छ, रोचक र ज्ञानवर्द्धक पनि। यसले समयसापेक्ष घटना र शैक्षिक विकृतिहरूको चिरफार गरेको छ। शिक्षण पेशामा संलग्न भएकाले मैले यसमा प्रकाशित लेख-रचनाहरू पढेर नयाँनयाँ शैक्षिक ज्ञान र अनुभवहरू बटुल्ने गरेको छु।

*शिक्षक* मा साहित्यसम्बन्धी स्तम्भ थप्दा उचित हुन्छ भन्ने लागेको छ। नयाँ वर्ष २०६७ को शुभकामना !

**रुद्र निमावि तार्कुघाट-३, लमजुङ**

ल्याइरहेको पाठ्यक्रमबारे पर्याप्त चर्चा भएको छैन । यो निकै महत्त्वको विषय हो किनकि हामीले बहुलतालाई (बहुधार्मिकता, बहुसांस्कृतिकता, बहुभाषिकता)लाई स्वीकार गरिसक्यौँ र नेपाल गणतान्त्रिक मुलुक पनि भइसक्यो । केही ध्यान नेपालको परिवर्तित हुँदै गएको उच्च शिक्षातर्फ पनि दिनु आवश्यक छ किनभने स्कूलका शिक्षकहरूले नै विद्यार्थीहरूलाई उनीहरूको भविष्यको बाटोतर्फ डोऱ्याउँछन् ।

औपचारिक शिक्षासँग प्रत्यक्ष सरोकार नराख्ने भए पनि प्राकृतिक संसारबारे कलम चलाउने डा. तीर्थबहादुर श्रेष्ठका लेखहरूले *शिक्षक* मा नियमित स्थान पाएका छन् । ती लेखहरू रोचक छन् तर सम्पादकहरूले अन्य विधामा पनि उनी जस्तै आधिकारिक रूपमा लेख्न सक्नेहरूको खोजी गर्नु जरुरी छ । त्यसबाहेक, सम्पादकहरूले प्राज्ञिक जर्नलमा छापिएका लामा लेखहरूका छोटा अंश छाप्नेतर्फ पनि सोच्नु आवश्यक छ ।

शिक्षक र शिक्षा प्रशासनमा कार्यरत विभिन्न व्यक्तिका प्रोफाइल या व्यक्ति-चित्रहरू प्रायः राम्रा छन् । नेपाली समाजमा स्थानीय तवरमा परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका त्यस्ता व्यक्तिहरूको कथा आधुनिक नेपाली इतिहासमा रुचि राख्नेहरूका लागि पनि महत्त्वपूर्ण स्रोत हुन् । प्रकाशित व्यक्तिचित्रको सङ्कलनलाई छुट्टै पुस्तकका रूपमा प्रकाशन गर्नेतर्फ पनि सोच्ने बेला भोलि आउनेछ ।

विभिन्न शिक्षकहरूसँग गरिएका वार्ता गहन र विषयकेन्द्रित कुराकानी भन्दा पनि सामान्य जम्काभेट जस्ता मैले पाएँ । ती मानवीय सरोकारका विषयका हिसाबले रोचक छन् । तर, ती पढ्दा पत्रकारले अलि मेहनत गरेर तिनलाई पत्रिकाहरूमा गरिने पप-वार्ताको स्तरभन्दा माथि पुऱ्याएको भए हुन्थ्यो भन्ने लाग्छ । उदाहरणका लागि अविवाहित महिला शिक्षकलाई बिहे कहिले गर्नुहुन्छ भनेर सोध्नु किन पऱ्यो ?

*शिक्षक* अहिले १५ हजार प्रति छापिन्छ भन्ने जानकारी मिलेको छ । र, यसको बिक्री मूल्य ३० रुपैयाँले उत्पादनमा लाग्ने खर्च आधा मात्रै पूर्ति हुने बताइन्छ । खुद्रा बिक्री र विज्ञापनबाट उठ्ने पैसाबाट यस्तोखाले पत्रिका चल्न सक्छ कि सक्दैन म भन्न सक्दिनँ । सन् १९९० को दशकको पछिल्लो समय म *हिमाल* द्वैमासिकको सम्पादन समूहको सदस्य हुँदा हामीले पर्याप्त विज्ञापन उठाउन सकेनौँ र खुद्रा बिक्रीबाट सो धानिने अवस्था थिएन । त्यसै भएर *हिमाल* लाई जीवित राख्न सकिएन; सन् १९९८ मा त्यो बन्द भयो । शिक्षा क्षेत्रमा केन्द्रित *शिक्षक* जस्तो पत्रिकाले सार्वजनिक हितका क्षेत्रमा पुऱ्याउन सक्ने दूरगामी प्रभावलाई मध्यनजर गरेर यसको भविष्यको बारेमा चिन्ता गरिनुपर्छ । यसलाई जीवितै राख्न शिक्षा क्षेत्रमा रुचि राख्ने दाता समुदाय र गैरसरकारी संस्थाको निरन्तर अनुदान आवश्यक परेसम्म जुटाइनुपर्छ ।

म कहिल्यै स्कूलको शिक्षक भइनँ तर नेपाल र अमेरिकामा विद्यार्थी जीवन बिताउँदा मैले थुप्रै समर्पित र सक्षम शिक्षकअन्तर्गत पढ्न पाएँ । उनीहरूबाट आर्जेको सीप र ज्ञान मेरो प्राज्ञिक जीवनका आधार हुन् । शिक्षकका थुप्रै अङ्कहरू पढ्दै गर्दा आफ्नो विद्यार्थीकालीन सम्झनाहरू मेरा स्मृतिपटलमा आएका थिए ।

यो मासिक पत्रिका पढ्ने हजारौँ शिक्षकहरूले मुलुकभर छरिएर रहेका अन्य सहकर्मीहरूसँग एक भावनात्मक सम्बन्ध महसुस गरे भने म आश्चर्य मान्दिनँ । सोझै जम्काभेट नहुने तर एकै पेशामा रहेका सदस्यहरूबीचको त्यस्तो आत्मिक सम्बन्धले दीर्घकालीन रूपमा कक्षाकोठामा सकारात्मक परिवर्तन ल्याउन सक्छ भन्ने मलाई लाग्छ । त्यो सम्भावनालाई मूर्तरुप दिन मात्रै पनि *शिक्षक* चिरकालसम्म जीवित रहनुपर्छ । 📖

(इतिहास विषयमा विद्यावारिधि गरेका वन्त नेपाली पत्रकारिताका सिद्धहस्त समीक्षकका रुपमा स्थापित छन् ।)

# ओशोका विचार आइरहून्

**विनोदकुमार पाल**

**शिक्षक** मासिक पूर्ण छ । यो पत्रिका सम्पूर्ण शिक्षित समुदाय, अभिभावक एंव विद्यार्थीहरूको नियमित खुराक भइसकेको छ । म स्वयं औपचारिक रूपले शिक्षासँग सम्बन्धित व्यक्ति नभए पनि शिक्षक मेरो अभिन्न मित्र बनिसकेको छ । शिक्षक लाई मैले शिक्षा र शिक्षकको पहरेदार र मार्गदर्शकको रूपमा हेरेको छु । शिक्षक ले धेरैलाई आफूलाई लागेका मनका कुरा पोख्न उचित स्थान उपलब्ध गराई ठूलो सहयोग गरेको छ ।

## सुधारका लागि थप सुझाव

- लेखन प्रतियोगितालाई निरन्तरता दिनुपर्ने ।
- हिमाल, पहाड र तराईका पिछडिएका समुदायहरूमा शिक्षाप्रति सकारात्मक धारणाको विकास गर्न ती ठाउँका विद्यालय एवं विद्यार्थीहरूका समाचार-कथा प्रकाशित गर्दा राम्रो हुन्छ ।
- ७५ जिल्लामा स्थानीय शिक्षाप्रेमीहरूको रोहवरमा एउटा शिक्षा विकास, शिक्षक मासिक नामक समूह तयार गराई प्रत्येक महिना वा तीन/तीन महिनामा शैक्षिक प्रतिस्पर्धात्मक कार्यक्रम गरी विजय हुने स्कूललाई शिक्षक मासिक वा अन्य पुरस्कार दिए स्कूल र शिक्षक दुवैको हौसला बढ्नेथियो ।
- शिक्षक मासिकमा दार्शनिक ओशोका विचार पढ्न पाउँदा साह्रै आनन्द लाग्छ । ओशोको प्रवचनबाट तयार पारिएका साहित्य शिक्षामा क्रान्तिबाट हिन्दी एवं अङ्ग्रेजी दुवै भाषामा कम्तीमा एक पृष्ठ धारावाहिक रूपमा प्रकाशित गरिदिँदा नेपालका ४०/५० हजार ओशोका प्रशंसकहरू लाभान्वित हुन्छन् । 📖

**रघुनाथपुर-४, शिवनगर, धनुषा**

शिक्षक समीक्षा

# अझै राम्रो पार्नुस् !

**जनार्दन नेपाल,** सह-सचिव, शिक्षा मन्त्रालय

- शिक्षकहरूको पेशागत धर्म, क्षमता अभिवृद्धि र सरोकारका विषयमा स्वतन्त्र विश्लेषण र प्रकाशन गर्ने पत्रिकाको अभाव रहेको अवस्थामा यस्ता पक्षलाई समेटी स्तरीय मासिकको रूपमा आएको यो पत्रिकालाई स्वागतयोग्य कदमको रूपमा लिएको छु।
- पत्रिकाले उठाएका सामग्रीहरू पेशाको मर्यादा अभिवृद्धि गर्न शिक्षक मित्रहरूलाई अभिप्रेरित गर्ने नै पाएको छु। तर, पनि शिक्षकका सबल पक्षहरू व्यवहारमा भएका कौशल र त्यसबाट भएको सफलता, समुदाय एवं विद्यार्थीहरूमा परेको सकारात्मक प्रभाव र प्रेरक प्रसङ्गका विषयमा भने अझै लेखरचनाहरू थप्न सके राम्रो हुने देखिन्छ।
- शिक्षक मा अनुभवीका भन्दा सैद्धान्तिक धरातलमा जोड दिएका लेख बढी हुने गरेको पाइन्छ। तसर्थ आगामी दिनमा शिक्षण-प्रशिक्षण व्यवसायमा संलग्न व्यक्तिका सफलताका कथा र भोगेका कठिनाइहरू झल्किने लेख रचनालाई प्रोत्साहन दिने सुझाव दिन चाहन्छु।
- शिक्षक मासिक शिक्षकहरूको पेशागत सहयोगका लागि राम्रो पाइला देखिएको छ। तर, यसमा शिक्षकहरूका कार्यगत अनुसन्धानका निचोड र अनुभवले खरिएका विषयवस्तुहरूमा सैद्धान्तिक लेपन हुनसके अरू प्रभावकारी हुने ठान्दछु। साथै शिक्षकहरूका बारेमा विद्यार्थी र अभिभावकहरूका धारणाहरू आउन सके अरू सहयोगी हुने ठान्दछु।
- शिक्षक पत्रिका हेरेर कक्षा शिक्षणमा परिवर्तन नै भएको भन्ने खास उदाहरण पाएको छैन। तर, अध्ययनशील शिक्षकहरूका लागि यसले केही ऊर्जा भने अवश्य थपेको छ।
- यसमा प्रकाशित लेखहरू सरल, रोचक र थोरै समयमा नै पढ्न सक्ने किसिमका छन्।
- खासै नकारात्मक पक्ष नभए पनि सुधारका सम्भावनाहरू प्रशस्त छन्। यसलाई 'शिक्षक' पत्रकारिता क्षेत्रको स्तरीय व्यावसायिक पत्रिका मात्र नभएर शिक्षकहरूको आफ्नो पत्रिका बनाउने गरी लेख-रचनालाई व्यवस्थित गर्न पाए अरू राम्रो हुने ठान्दछु।
- शिक्षक मा छापिनेमध्ये शिक्षकका अनुभवका प्रतिबिम्ब अनि कसरी सुधार हुनसक्छ भन्ने धारणाहरू मैले अति रुचि लिई पढ्ने गरेको छु। समग्रमा अन्य लेख रचनाहरू पनि राम्रा छन्।

# पाक्षिक बनाउनु पर्‍यो

२०६४ साल माघ महिनामा शिक्षक मासिकको प्रथम अङ्क बजारमा आउनासाथ अत्यन्तै हर्षित भएको थिएँ- शिक्षकका पीर-मर्का, गुनासा र तीतामीठा अनुभवहरू एक-अर्कामा साटासाट गर्ने साझा चौतारी मिलेकोमा। शिक्षक को प्रथम अङ्कको सम्पादकीय/प्रकाशकीयमा उल्लेख भएअनुसार पत्रिका प्रकाशन हुनुको उद्देश्य नै शिक्षण पेशाको सामाजिक प्रतिष्ठा पुनर्स्थापित गरी शिक्षकको मनोबल उकास्नु तथा 'शिक्षण'लाई जागिरको रूपमा भन्दा एउटा पूर्ण पेशाको रूपमा स्थापित गर्नु साथै शिक्षकका अप्ठ्यारा र आकाङ्क्षा नीतिनिर्मातासम्म तथा नीतिनिर्माता र सरकारका अपेक्षा शिक्षकसम्म पुर्‍याई एक सशक्त सन्देशवाहकको भूमिका निर्वाह गर्नेलगायत रहेको पढ्न पाउँदा पहिलेदेखि नै अपेक्षा गरिएअनुसारको समस्त शिक्षकहरूको साथी पाएको आभास भएको थियो। पहिलो अङ्कमै मेरो मन जित्ने सामग्री भएको कारणले पनि हुनसक्छ अहिलेसम्म पनि म सो अङ्क पल्ट्याएर हेर्ने गर्छु।

शुरु शुरुमा पत्रिका त्यति नियमित थिएन। २०६५ जेठमा पत्रिका निस्किएन, एकैचोटि असारमा पाचौं संयुक्ताङ्क निस्कियो। सातौं अङ्क भदौमा निस्कनुपर्नेमा ननिस्कँदा र ६ वटा अङ्कको लागि मात्र कुनै परियोजनाको आर्थिक सहयोगमा निस्किएको रे भन्ने गाइँगुइँ सुन्नमा आउँदा साह्रै दुःख लागेको थियो। स्पष्टीकरण र प्रतिबद्धतासहित असोजमा सातौं अङ्क पढ्न पाइयो तर आठौं अङ्क पढ्न मङ्सिरसम्म कुर्नुपर्‍यो। जेहोस् हरेक १ गते बजारमा आउने बाचा गरेको शिक्षक ले हालसम्म आफ्नो बाचा तोडेको छैन। विश्वास छ, आउँदा दिनमा पनि आफ्नो बाचा तोड्ने छैन। यो पत्रिका पढ्न एक महिनासम्म कुर्नुपर्ने अवस्था पटक्कै औचित्यपूर्ण छैन। कुनै घटनाविशेषको धारणा बनाउन, प्रतिक्रिया व्यक्त गर्न, अन्तरक्रिया गर्न, लेख-रचना लेख्न, पत्रिकाको कार्यालयमा पठाउन, त्यसको सम्पादन गर्न, प्रेसमा पठाउन आदि काम गर्नको लागि पक्कै पनि १५ दिनको समय अपर्याप्त छैन। तसर्थ पाक्षिक रूपमा पढ्न पाउने पाठकहरूको अपेक्षालाई शिक्षक ले गम्भीर रूपमा मनन् गरोस्।

राम्रो व्यवस्थापन भएका विद्यालयले गरेका प्रगति र राम्रा शिक्षकले विद्यालय र समाजमा दिएका योगदानलाई शिक्षक ले स्थायी स्तम्भको रूपमा समावेश गर्नु आवश्यक छ। त्यस्तै; अङ्ग्रेजी जस्तै गणित, विज्ञानलगायत अन्य विषयसँग सम्बन्धित सामग्रीहरू पनि नियमित रूपमा समावेश गर्दा शिक्षक पक्कै समावेशी देखिने छ।

**बालकुमार जमरकट्टेल**
**नवयुग मावि, जैसीदेवल, काठमाडौं**

शिक्षक
समीक्षा



डा. विनयकुमार कुशियैत



# ध्यान 'शिक्षक' हैन, समग्र शिक्षामा केन्द्रित गर्नुपर्छ

**८२ प्रतिशतभन्दा बढी ओगटेको सरकारी र सामुदायिक स्कूलको गुणस्तर नउकासी समग्र शिक्षाको विकास तथा सुधारको कुरा गर्नु अर्थहीन हुन्छ । त्यसैले *शिक्षक* मासिकका आगामी अङ्का विषयवस्तुमा समग्र सुधारलाई नै केन्द्रबिन्दु बनाउनुपर्ने देखिन्छ ।**

विद्यालयका *'शिक्षक'* लाई मियोको रूपमा उभ्याएर स्कूल शिक्षासँग सम्बन्धित सबैखाले समस्या र सम्भावनाहरूको खोजी गर्ने *शिक्षक* मासिकको प्रमुख ध्येय रहेको पाइन्छ । यसले शिक्षासँग सम्बन्धित जुनसुकै विषयवस्तु समेटिन सक्ने अवधारणा राखे पनि विषयलाई हेर्ने दृष्टिकोण चाहिँ शिक्षक वा शिक्षण पेशा हुने कुरालाई अत्यधिक जोड दिएको पाइन्छ । यस क्रममा पत्रिकाले थुप्रै प्रारम्भिक लक्ष्यहरू निर्धारण गरेको भेटिन्छ; जसमध्ये शिक्षक र समुदायबीच शिक्षा, शिक्षण र शिक्षकका बारेमा सञ्चारको ढोका खोल्ने, शिक्षकको शैक्षिक, बौद्धिक, मानसिक, पेशागत र सीपगत क्षमता अभिवृद्धिमा सहयोगी भूमिका निर्वाह गर्ने, शिक्षण पेशाको सामाजिक प्रतिष्ठा पुनर्स्थापित गरी यसलाई जागिर भन्दा रोजाइको पेशाको रूपमा स्थापित गराउने, शिक्षकका अप्ठ्यारा र आकाङ्क्षा नीतिनिर्माता वा सरकारसमक्ष अनि सरकारका नीति र कार्यक्रम शिक्षकसमक्ष पुऱ्याउने तथा शिक्षा र शिक्षण विधिको क्षेत्रमा देश विदेशमा भइरहेका चाखलाग्दा, ज्ञानबर्द्धक र उपयोगी चिन्तन, क्रियाकलाप र प्रविधिहरू नेपाली शिक्षकलाई उपलब्ध गराउने प्रमुख ध्येय रहेको पाइन्छ । यसको दीर्घकालीन लक्ष्य र नीति निर्धारण पाठक, शिक्षक समुदाय र शिक्षाबारे चासो राख्नेहरूको सुझावको आधारमा तय गर्ने सोच बनाएको देखिन्छ ।

*शिक्षक* मासिकका हालसम्म दुई दर्जन अङ्क प्रकाशित भइसक्दा यसले आफ्ना प्रारम्भिक लक्ष्य प्राप्त गर्न र दीर्घकालीन लक्ष्य निर्धारण गर्नमा कतिको सोच बनाउन सक्यो भन्ने कुरा आम पाठक वर्गले मूल्याङ्कन गर्ने बेला आएको छ । यसक्रममा हालसम्म यसले समेटेका विषयवस्तुहरूलाई वर्गीकरण गर्न यसले असल, योग्य, दक्ष शिक्षक तथा हेडमास्टरको आधार वा मापदण्ड, समुदायमा विद्यालय हस्तान्तरण, शिक्षक युनियन र शिक्षक, संविधानसभा र शिक्षक, शिक्षक विकास, शिक्षक र राजनीति, शिक्षक तालिम र कक्षाकोठा, विद्यालय व्यवस्थापन समितिको औचित्य र प्रभावकारिता, शिक्षकका अन्तर्राष्ट्रिय आयाम, एसएलसी परीक्षाको अवस्था र सुधार, राम्रा स्कूलका पूर्वाधार, शिक्षकलाई दाताहरूको सहयोग, शैक्षिक नीति जस्तै शैक्षिक लगानी तथा प्रतिव्यक्ति लागतको अवधारणा, मातृभाषामा शिक्षा, शिक्षा र चरित्र निर्माण, जनवादी शिक्षा, नि:शुल्क शिक्षा, बालमैत्री विद्यालय र शिक्षणमा सुधार, विद्यालय छाड्ने अवस्था र कारण,

मदरसा, गुम्बा र आश्रम शिक्षा, शिक्षामा निरीक्षण प्रणाली, दण्डरहित शिक्षण, गणित, अङ्ग्रेजी र विज्ञान शिक्षणका केही अप्ठ्यारा तथा शैली जस्ता प्रमुख विषयवस्तुहरू समेटेको पाइन्छ। यसबाहेक शिक्षा र शिक्षकसँग सम्बन्धित विभिन्न चेतनामूलक खोजखबर र जानकारी पनि पस्केको छ।

*शिक्षक* मासिकले समेटेका धेरैजसो विषयवस्तुहरू शिक्षककै सेरोफेरोमा रहेर प्रस्तुत गर्ने गरिएको भए पनि केही मात्रामा शिक्षासँग सम्बन्धित विषयवस्तुहरू पनि समेटेको पाइन्छ। तर, शिक्षासँग सम्बन्धित जुन परिमाणमा विषयवस्तु र मुद्दा समेट्नुपर्ने हो त्यसको अभाव यसमा महसुस गर्न सकिन्छ। समग्रमा देशको शिक्षा नीति र अवस्थामा सुधार नल्याई शैक्षिक विभेद र विषमता घटाउन असम्भव हुन्छ। आखिर शिक्षक पनि यही शिक्षा प्रणालीको उपज हो। त्यसैले एउटा प्रतिबद्ध र योग्य शिक्षकको कुरा गर्दा त्यहाँको शिक्षा प्रणाली/नीति, समुदाय समाजमा शिक्षाको महत्त्व आदि कुराले प्रमुख रूपमा प्रभाव पारेका हुन्छन्। त्यसैले भन्ने गरिन्छ; देशको शिक्षा प्रणाली/व्यवस्थाभित्र शिक्षक एउटा महत्त्वपूर्ण कडी हो।

कुनै पनि देशको शिक्षकको विकासमा त्यहाँको शिक्षा प्रणाली, सरकारले लिने शिक्षासम्बन्धी नीति, समुदायको चासो, स्वयं शिक्षकलाई पेशाको रूपमा छनोट गर्ने व्यक्तिको मनोविज्ञान महत्त्वपूर्ण मानिन्छ। हामीकहाँ शिक्षण कार्य पहिलो रोजाइको पेशा हुन नसक्दा शिक्षण पेशा नै धरापमा पर्दै गएको छ। यहाँ प्रायः शिक्षण पेशालाई बाध्यात्मक रोजाइको रुपमा हेर्ने गरिन्छ। यहाँ योग्य व्यक्तिहरूको पहिलो रोजाइ डाक्टर, इन्जिनियर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थामा आकर्षक जागिर हुन्छ; अन्त्यमा अवसरको पर्खाइमा शिक्षक (खासगरी निजी विद्यालयमा) बन्ने धुनमा हुन्छन्। सरकारी विद्यालयहरूमा केही वर्षयता पहुँच भएका व्यक्तिहरूको शिक्षक नियुक्तिमा वर्चस्व बढ्दै गएकाले समग्र विद्यालयको गुणस्तर, कक्षाकोठा र विद्यालयको वातावरण निर्माणमा नव-आगन्तुक शिक्षकहरूको भूमिका सन्देहको घेरामा छ। यसले योग्य शिक्षकको नियुक्तिका लागि सेवा आयोग जस्ता संस्थाहरूको संरचनात्मक विकासको खाँचो टड्कारो रूपमा देखिएको छ। शिक्षक बन्ने योग्यताको पहिलो खुट्किलो शिक्षक सेवा आयोगलाई नै बनाउँदा यसले योग्य शिक्षक छनोटमा मद्दत पुग्ने र यसबाट समग्र स्कूलको गुणस्तरमा पनि टेवा पुग्न सक्छ।

प्रायः निजी र सरकारी विद्यालयको शैक्षिक अवस्था र प्रभावमा देखिएको विभेद र विषमताले समग्रमा समाजमा पर्न जाने वर्गीय विभेदलाई झन् बढाउँदै जाने र यसले दीर्घकालीन रूपमा शिक्षाको समान अवसरबाट धेरैले वञ्चित हुनुपर्ने प्रस्ट देखिन्छ। यस सन्दर्भमा समयमै ठोस शिक्षा नीतिको तर्जुमा र कार्यान्वयन जरुरी भइसकेको छ। नाफामुखी अनियन्त्रित निजी विद्यालयको प्रभावले एकातिर शिक्षालाई व्यापारिक वस्तु/क्षेत्रको रूपमा स्थापित गर्दै गइरहेको छ भने अर्कोतिर सरकारी/सामुदायिक स्कूलको गुणस्तर उकास्नमा सरकार, समुदाय र स्वयं विद्यालय समेत असमर्थ देखिन्छन्। ८२ प्रतिशतभन्दा बढी ओगटेको सरकारी र सामुदायिक स्कूलको गुणस्तर नउकासी समग्र शिक्षाको विकास तथा सुधारको कुरा गर्नु अर्थहीन हुन्छ। त्यसैले *शिक्षक* मासिकका आगामी अङ्कका विषयवस्तुमा समग्र सुधारलाई नै केन्द्रबिन्दु बनाउनुपर्ने देखिन्छ। सरकारी स्कूलको गुणस्तर विकास, स्कूल शिक्षा विभेदको अन्त्य गर्ने खालको नयाँ शिक्षा नीतिको तर्जुमा, स्कूल शिक्षालाई व्यापारिक भन्दा सामाजिक धन वा वस्तुको रूपमा स्थापित गर्ने मुद्दा शिक्षकको पेशागत उन्नयनमा टेवा पुग्ने विषयवस्तु र कुराहरूमाथि जोड दिनुपर्ने वाञ्छित हुन्छ। शिक्षकले आफूलाई ताजा राख्न नयाँ-नयाँ ज्ञान र खोजसँग आत्मसात् गर्न सक्नुपर्दछ। यस क्रममा शिक्षा, शिक्षण विधि/प्रविधिमा भएको राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा अनुसन्धानात्मक खोजलाई स्थान दिनु अति आवश्यक देखिन्छ। यसले समग्रमा शिक्षकको शिक्षण सिकाइमा सुधार ल्याउन मद्दत मिल्नेछ र स्कूलको शैक्षिक वातावरणमा सुधार आउने अपेक्षा गर्न सकिन्छ।

शिक्षासँग सम्बन्धित जुन परिमाणमा विषयवस्तु र मुद्दा समेट्नुपर्ने हो त्यसको अभाव यसमा महसुस गर्न सकिन्छ। समग्रमा देशको शिक्षा नीति र अवस्थामा सुधार नल्याई शैक्षिक विभेद र विषमता घटाउन असम्भव हुन्छ।

स्कूलको सुधारमा प्रत्यक्ष भूमिका खेल्ने अर्को महत्त्वपूर्ण पक्ष विद्यालय व्यवस्थापनको सुधार हो।

## धेरैले पढ्छन्

**नेपाली** शिक्षकहरूले पढ्नै पर्ने पत्रिका बन्न सफल भएकोमा *शिक्षक* मासिकलाई बधाई ज्ञापन गर्छु। दुई वर्षमै पाठकहरूको विश्वास जित्न सफल हुनुमा समयमा प्रकाशित हुनु र समयमा पाठकको हातमा पुग्नु प्रमुख कारणको रूपमा रहेको छ। त्यसैले *शिक्षक* पढ्नेको सङ्ख्या मैले सोचेभन्दा धेरै भए जस्तो लाग्छ।

शिक्षकको पेशागत सीप विकासमा यस पत्रिकामा प्रकाशित भएका विषयगत शिक्षण विधिको प्रयोग, विद्वान्हरूका अनुसन्धानात्मक चिन्तन, शिक्षण पेशामा लामो अनुभव भएका शिक्षकहरूका अन्तरवार्ता जस्ता सामग्रीहरूबाट शिक्षण पेशामा लाग्ने हामी जस्ता शिक्षकलाई ठूलो सहयोग पुगेको छ। *शिक्षक* ले शिक्षकको स्तरोन्नति, पेशागत सीप र मनोबल उकास्नका निम्ति अत्यन्त ठूलो मेहनत गरेको महसुस हुन्छ। शिक्षक अनुशासित भएमा पेशा मर्यादित र सम्मानित हुने कुरामा दुईमत हुँदैन। यसनिम्ति *शिक्षक* ले शिक्षकलाई बाटो देखाउनु आवश्यक छ।

**शिवराज कोइराला**
**बालमन्दिर विद्यालय विराटनगर-१०, मोरङ**

स्कूलको सही व्यवस्थापनले स्कूलको भौतिक सुधार, स्रोतको परिचालन, शिक्षकलाई पुनर्ताजगी तालिम र प्रेरणामाथि जोड, स्कूल र समुदायको सुमधुर सम्बन्ध, अभिभावकको सहयोग अभिवृद्धि जस्ता कुरामा जोड दिन्छ। समुदायले जबसम्म स्कूललाई आफ्नो स्वामित्वको रूपमा स्वीकार गर्दैन तबसम्म स्कूलमा सुधार ल्याउने सम्भावना पनि रहँदैन। नेपालमा यही नै आजको प्रमुख चुनौती हो। प्राय: स्कूललाई समुदायले वास्तविक रूपमा स्वामित्व वहन नै गर्न सकेका छैनन्। हालको विद्यालय व्यवस्थापन समितिको निर्माण र कार्यान्वयनले यस कुरालाई बल दिनुको सट्टा तगारो हुने महसुस गरिएको छ। विद्यालय व्यवस्थापन समितिको निर्माणमा अभिभावकको भूमिकालाई अपरिहार्य मानिए पनि यसलाई राजनीति गर्ने कसरतको थलोको रूपमा विकास भएको छ। धेरैजसो ठाउँमा व्यवहारमा, विद्यालय व्यवस्थापन समितिको विद्यालय वातावरणको निर्माणमा निर्वाह गर्ने भूमिका प्रभावकारी हुन नसक्नु हाम्रो ठूलो कमजोरी भएको छ। यी कुराहरूलाई नै मनन् गरेर शिक्षाप्रति चासो र अध्ययन राख्नेहरूको सुझावका आधारमा *शिक्षक* मासिकको दीर्घकालीन सोच बनाउनुपर्ने देखिन्छ। 📖

(*नेपालमा बालबालिकाले विद्यालय छाड्नुका सामाजिक र आर्थिक सूचकहरू र प्राथमिक शिक्षाको गुणस्तरसँग यसको सम्बन्ध* विषयमा विद्यावारिधि कुशियैत, त्रिवि शिक्षाशास्त्र संकायमा प्राध्यापनरत छन्।)

# भरोशाको आधार

■ **डिल्लीप्रसाद शर्मा**

**आजभन्दा** दुई वर्षअघिको कुरा हो। भृकुटीमण्डपमा पुस्तक प्रदर्शनी भएको थियो। हाम्रो विद्यालयबाट पनि प्रदर्शनी हेर्न विद्यार्थीहरू गएका थिए। पढाइमा कमजोर भए पनि ज्यादै अनुशासित र इमानदार कक्षा ८ का विद्यार्थी गोपी दाहालले त्यसको भोलिपल्ट *शिक्षक* पत्रिका दिँदै "सर! हिजो पुस्तक प्रदर्शनीमा कक्षा शिक्षकलाई दिनु भनेर पठाउनुभएको छ" भनेर कक्षामा दिए। मैले पत्रिका हातमा लिँदै "कसले र किन पठाउनुभएको रहेछ तिमीले सोधेनौ?" भनेर जिज्ञासा राख्दा उनले अज्ञानतापूर्वक जवाफ दिए, "अहँ मैले त केही सोधिनँ सर!"

पत्रिका पठाउने को होला? के प्रयोजनले पठायो? कुन प्रयोजनले पठायो? नाफा, लाभ, चाकरी र स्वार्थमा बदलिँदै गएको यो दुनियाँमा नि:शुल्क पत्रिका पढाउने त्यो कुन व्यक्ति वा संस्था होला? भन्ने जिज्ञासा मनभरी दौडिरहेकै थिए। घर आएर पत्रिका ओल्टाईपल्टाई हेरेँ। यससँग सम्बन्धित कोही परिचित पो छन् कि भन्ने आशयले यसका सम्पादक, प्रकाशक, सम्वाददाता आदिका नामहरू हेरेँ। सबै अपरिचित! परिचितबाट पाएको उपहार हो कि, भन्ने मेरो जिज्ञासा आफैँ शान्त भयो। त्यसपछि पत्रिकाका पाना पल्टाएर हेर्दा प्रत्येक स्तम्भमा समेटिएका लेखहरू समसामयिक र उत्कृष्ट थिए।

आज त्यही पत्रिकाले आफ्नो रजत अङ्क प्रकाशित गर्न गइरहेको शुभ समाचार सुन्न पाउँदा एउटा नियमित पाठक हर्षित हुनु स्वाभाविकै हो। प्रत्येक शिक्षकका हातमा र विद्यालयमा यो पत्रिका पुग्न सकोस्! अझ फुलोस्, फलोस् र फैलियोस्!

हरेक नयाँ अङ्कसँगै म यो पत्रिकासँग नजानिँदो गरी नजिकिइरहेको छु। प्रत्येक महिनाको पहिलो साताभित्रै किनेर पढ्ने बानी बसिसकेको छ। यसका स्तम्भहरूले मलाई पनि केही लेख्नुपर्छ भन्ने बनाए। सामाजिक अध्ययन विषयको शिक्षक भएको नाताले विषयसँग सम्बन्धित समस्याहरू सँगालेर एउटा लेख तयार पारेँ। २०६६ को असार अङ्कमा 'कामचलाउ शिक्षकका काँधमा नौ विषयको बोझ' शीर्षक बोकेर मेरो लेख प्रकाशित पनि भयो। चिनेजानेका साथीभाइहरूबाट प्रतिक्रिया पाएपछि आफूभित्रको प्रतिभाको परिचय पाएँ। यसरी मैले आफूलाई चिन्ने मौका यही पत्रिकाले प्रदान गर्‍यो। यसका लागि पनि मैले *शिक्षक* पत्रिकालाई साधुवाद दिनै पर्छ।

*शिक्षक* का २४ ओटा अङ्कले शिक्षक समुदायलाई प्रशस्त बौद्धिक खुराक मात्र दिएका छैनन् शिक्षा क्षेत्रभित्रका अनगिन्ती समस्या एवम् विकृतिलाई दूधको दूध पानीको पानी हुने गरी छुट्याई पनि दिएका छन्। राहत शिक्षकका कोटा वितरण प्रणालीमा भएको शुभ-लाभ प्रवृत्ति, नक्कली प्रमाणपत्रधारी शिक्षकको विगविगी र राज्यको उदासीनताका कारण शिक्षण लाइसेन्सका लागि हुने परीक्षाको अनियमितता, शिक्षाका लागि आउने अनुदान र त्यसभित्रको अपारदर्शिता आदिलाई निकै मसिनो ढङ्गले चिरफार गरी विकृतिलाई उदाङ्गो पार्न सफल भएको छ। त्यतिमात्र होइन एसएलसी परीक्षामा हुने ठेकेदारी प्रथा र चिटको जुन बिगबिगी बढेको छ त्यसलाई सम्बन्धित क्षेत्रमै गई यथार्थ रिपोर्ट सङ्कलन गरेर त्यसको प्रमाण प्रस्तुत गर्न सक्नु यस पत्रिकाको सराहनीय काम हो। शिक्षा मन्त्रालय र शिक्षकहरूका पेशागत संस्थाहरूसँग भएका सम्झौता, सहमति र त्यसको कार्यान्वयन प्रक्रियाका सम्बन्धमा विवेचनात्मक, समाचारमूलक सामग्री प्रकाशित गरी सु-सूचित गर्ने कामले यो पत्रिका सम्पूर्ण शिक्षक समुदायको भरोशाको आधार बनेको छ।

यति हुँदाहुँदै पनि कक्षाकोठा स्तम्भमा नेपाली भाषा शिक्षण, व्याकरण, प्रजनन् स्वास्थ्य, सामाजिक अध्ययन, भूगोल आदि विषयसँग सम्बन्धित विषयवस्तुले कम महत्त्व पाएको अनुभव गरेको छु। अङ्ग्रेजी, गणित र विज्ञान विषयवस्तुका साथै अरू विषयवस्तुहरूलाई पनि आगामी अङ्कमा स्थान दिने विश्वास राख्दै नव वर्ष २०६७ को शुभकामना! 📖

**शर्मा नेपाल शिक्षक युनियन, काठमाडौँका सचिव हुन्।**

शिक्षक समीक्षा

# भरपर्दो पथप्रदर्शक

▮ चुडामणि नेपाल 'अकिञ्चन'



मोफसल र गाउँघरतिर बसी पठनपाठन गर्ने शिक्षकहरू देश–देशावरबाट प्रकाशित पत्रपत्रिका र इन्टरनेटबाट वञ्चित हुनुपरेको छ । अङ्ग्रेजी भाषा नजानेका कारण हामी ती सामग्रीहरू सजिलैसँग ग्रहण गर्न सक्ने अवस्थामा हुँदैनौं । त्यसैले शिक्षक मासिक देशका दूरदराजका शिक्षकका निम्ति महत्त्वपूर्ण शैक्षिक/बौद्धिक खुराक बन्न पुगेको छ ।

विद्यालय शिक्षाको स्तरोन्नतिका निम्ति शिक्षकको पेशागत सीप र मनोबल उकास्ने लक्ष्यका साथ माघ २०६४ देखि प्रकाशन हुन थालेको शिक्षक मासिकले पहिलो अङ्कमा शिक्षकको भविष्य कालो र रित्तो बोर्ड देखाई भविष्यप्रति सचेत गराएको थियो । अहिलेसम्मका २४ अङ्क हेर्दा शिक्षक आफ्नो लक्ष्यभन्दा १० खुट्किलो माथि उक्लिएको अनुभव हुन्छ । नेपालको विद्यालय शिक्षामा शिक्षक, विद्यार्थी, बुद्धिजीवी र अभिभावक सबैलाई यसले समसामयिक सूचना र ज्ञान दिएको छ । त्यसैले यो पत्रिका नेपालको शैक्षिक इतिहासको महत्त्वपूर्ण पत्रिकाको रूपमा स्थापित हुन सफल भएको छ ।

शिक्षक ले मेरो ज्ञान र शैक्षिक दृष्टिकोणमा आमूल परिवर्तन ल्याइदिएको छ । मैले स्नातकोत्तर गर्दा पाएको भन्दा बढी ज्ञान यो पत्रिका पढेर पाएको छु । त्यसैले यसलाई शिक्षाजगतकै गहकिलो शैक्षिक सामग्रीको अलवा अतिरिक्त पाठ्यपुस्तक भन्दा हुन्छ । मोफसल र गाउँघरतिर बसी पठनपाठन गर्ने शिक्षकहरू देश-देशावरबाट प्रकाशित पत्रपत्रिका र इन्टरनेटबाट वञ्चित हुनुपरेको छ । अङ्ग्रेजी भाषा नजानेका कारण हामी ती सामग्रीहरू सजिलैसँग




# शुभकामना !

▮ रम्भा पौडेल

**शिक्षक** पत्रिका आम नेपाली शिक्षकहरूबीचमा प्रिय भइसकेको कुरा यसका विभिन्न अङ्कहरूमा आएका लेख, रचना र सुझाव अनि समर्थनका टिप्पणीबाट नै स्पष्ट हुन्छ । यस पत्रिकाले शिक्षा क्षेत्रमा भएका गतिविधि, यसका समस्या, चुनौती, सम्भावना अनि सफल शिक्षकका अनुभवहरू दिएर शिक्षाक्षेत्रसँग सम्बन्धित सबैलाई खुराक प्रदान गरेको छ ।

पत्रिकामा शिक्षा क्षेत्रभन्दा बाहिरका विषयलाई प्राथमिकता दिनुभन्दा पठनपाठनभित्रकै कुराहरूलाई प्राथमिकता दिनु उचित हुन्छ । दूरदराजमा शिक्षण गर्ने शिक्षकका अनुभव र समस्या बाहिर ल्याउनु राम्रो हुनेछ । यसबाट पत्रिकाले अरु देशव्यापी रूपमा लोकप्रियता हासिल गर्ने छ भन्ने लाग्दछ । वातावरणीय कुराहरूलाई प्राथमिकता दिनुभन्दा कस्ता विद्यालय राम्रा र कस्ता शिक्षक राम्रा जस्ता विषयका लेखहरूले विद्यालय र शिक्षकबीच प्रतिस्पर्धात्मक रूपमा अगाडि बढ्न प्रेरणा मिल्दछ । त्यस्तै स्कूलमा व्यावसायिक शिक्षा जस्ता शीर्षकका लेख-रचनाहरूले नेपालको शिक्षाप्रणालीको अवस्था र यहाँबाट उत्पादन भएको जनशक्ति कहाँ फिट हुन्छ र डिग्री हासिल गरेको जनशक्तिले किन दु:ख पाइरहेको छ भन्ने कुरा प्रस्ट पार्दछ ।

हामी शिक्षकहरू चक र डस्टर लिएर कक्षाकोठामा गएका छौं । पढाएका पनि छौं । तर जनशक्ति भने केही गर्न नसक्ने उत्पादन गरिरहेछौं । यसलाई सुधार गर्ने पहल यस पत्रिका र सम्पूर्ण शिक्षकजगतबाट हुनु जरुरी छ । त्यसैले यसको सफलता र निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

ग्रहण गर्न सक्ने अवस्थामा हुँदैनौं। त्यसैले शिक्षक मासिक देशका दूरदराजका शिक्षकका निम्ति महत्त्वपूर्ण शैक्षिक/बौद्धिक खुराक बन्न पुगेको छ।

*शिक्षक* को पहिलो अङ्कमै असुरक्षित, उपेक्षित शिक्षकको तस्बिर आवरणमा छापेर शिक्षकहरूमा आशाको सञ्चार प्रवाह गरिएको थियो। यो पत्रिकामा छापिएका हेराइ र बुझाइ स्तम्भमा समेटिएका विषयवस्तुको मात्रै पनि एउटा शोध-ग्रन्थ बन्न सक्छ। पहिलो अङ्कमै छन्द पढाउँदा, शिक्षक र मर्यादा, तथ्याङ्कमा शिक्षक जस्ता शीर्षकअन्तर्गतका सामग्री प्रकाशित भएका थिए। शिक्षक को दोस्रो अङ्कले समुदायमा विद्यालय हस्तान्तरणको मुद्दा उठाएको थियो। आकर्षण र पैसा दुवै प्राप्त हुने ब्याङ्क छाडेर शिक्षणतिर लागेकी नेपालगञ्जकी नूतन पौडेलको कथा प्रेरक थियो।

शिक्षक को तेस्रो अङ्कमा नेपालमा सामुदायिक विद्यालय कसरी राम्रा भए? शीर्षकमा लगनशील र परिश्रमी शिक्षक, अभिभावक र विद्यार्थीको त्रि-पक्षीय समन्वय भएमा सरकारी स्कूल राम्रो बन्न सक्ने दृष्टान्त पेश गरिएको थियो। त्यस्तै चौथो अङ्कमा संविधानसभामा शिक्षाका मुद्दाका बारेमा चर्चा गर्दै शैक्षिक लगानीको सूत्र, व्यर्थ छ छडी जस्ता सामग्री समेटिएका थिए। पाँचौं अङ्कमा जनवादी शिक्षाको चिरफार गरिएको थियो भने छैटौं अङ्कमा एसएलसीको खस्कँदो स्तर र चोरीका कारण पठनपाठनको गिर्दो अवस्थालाई छर्लङ्ग पारिएको छ। स्कूल निरीक्षणलाई चुस्त र गतिलो बनाउन सक्ने हो भने सरकारी विद्यालयको स्तर स्वतः माथि उठ्ने कुरा सातौं अङ्कमा उल्लेख गरिएको छ।

त्यसपछिको अङ्कमा छापिएको गतिला शिक्षक गतिलो पढाइ ले राम्रो शिक्षणका निम्ति राम्रा मास्टर नभई नहुने कुरा बोध गराइएको छ। विज्ञानका गतिला शिक्षक जे.पी. श्रीवास्तवको तस्बिर आवरण पृष्ठमा छापेर धेरैलाई उनी जस्तै राम्रा बन्ने प्रेरणा दिइएको छ। त्यस अङ्कमा शिक्षक काजमा बस्नाले परेको समस्या, स्कूलमा राजनीति बन्द गरौं, अब्दुल कलामको विचारोत्तेजक भाषण, शिक्षकका गुण अवगुण, बालबालिकालाई मान्छे बनाउने कि घोडा? अक्षर त जादु जस्तै लाग्यो जस्ता शीर्षकमा समेटिएका सामग्री मन नपराउने व्यक्ति शायदै भेटिएलान्।

सामान्य विद्यार्थीले सानै कक्षादेखि नै गणित बुझ्न छाड्छ त्यसपछि उसलाई गणित हाउगुजी लाग्न थाल्छ। तर जसले राम्रोसँग गणित शिक्षण गर्छ र बुझाउन सक्छ, त्यसका लागि गणित गाह्रो छैन भन्ने मुद्दा अङ्क ८ मा उठाइएको छ। त्यस अङ्कमा काठमाडौं विश्वविद्यालयमा भारतका पूर्व राष्ट्रपति अब्दुल कलामले दिएको दीक्षान्त भाषण युवाहरूको हातमा छ नेपालको समृद्धि युवाहरूको रगत उमाल्छ। घरपायक शिक्षक कति राम्रो कति नराम्रो भन्ने महत्त्वपूर्ण विषयलाई आवरण पृष्ठमा सजाई देखा परेको अङ्क दश पनि उत्तिकै सङ्ग्रहणीय छ। एवम् रीतले शिक्षक का २४ अङ्कले शिक्षा र शिक्षक सम्बन्धी नयाँ मुद्दा, नयाँ सूचना र नयाँ शिक्षण शैलीका बारेमा प्रकाश पारेका छन्। त्यसैले यो पत्रिकाले शिक्षकको पेशागत सीप विकासमा महत्त्वपूर्ण योगदान गरेको छ। शिक्षक गुरु भएर हरेक शिक्षकको सहयोगी बनेर उदाएको छ। म शिक्षकबाट सिकेका कुरा कक्षाकोठामा उतार्ने प्रयत्न गर्दैछु।

*शिक्षक* मासिकका नकारात्मक भन्दा पनि सकारात्मक पाटाहरू धेरै छन्। यस पत्रिकाले शिक्षाजगतका विशेषतः माध्यमिक तहसम्मको शिक्षालाई आधार मानेर त्यससम्बन्धी धेरै सामग्रीहरू

# छलाङ मार्न सिकाउने पत्रिका

**डिल्लीराम कट्टेल**

**शिक्षक** मासिक पेशागत इमानदारी भएका शिक्षकलाई शिक्षण पेशाप्रति अरू कर्तव्यनिष्ठ र जिम्मेवार बनाउने भरपर्दो औजार हो। शिक्षक ले शिक्षण पेशालाई आकर्षक पेशा बनाउन र शिक्षकको आत्मबल बढाउने प्रयास गरेको छ। राजनीतिक विषयवस्तुलाई बढावा दिने मिडियाको वर्चस्व भएको देशमा शिक्षकको विषयवस्तुमा केन्द्रित भएर निक्लिएको शिक्षक मासिक २५ औं अङ्कमा पाइला टेक्नु नै ठूलो उपलब्धि हो। शिक्षाका राष्ट्रिय गतिविधि थाहा पाउन शिक्षकका निम्ति शिक्षक भन्दा अर्को भरपर्दो स्रोत छैन। हरेक महिनाको पहिलो हप्ता ६४ पेजमा आउने यो पत्रिका ज्यादै सानो पनि होइन र ठूलो पनि छैन। विज्ञापनको भीडमा समाचार सिला खोज्नुपर्ने आजको यथार्थभन्दा भिन्न छ शिक्षक मासिक। यसले पत्रकारिताको व्यावसायिक धर्म पूरा गरेको अनुभूति हुन्छ।

मेरो पेशागत विकासको लागि अतिरिक्त ज्ञान दिन शिक्षक सफल भएको छ। किनकि अङ्ग्रेजी भाषाको शिक्षक हुँ र शिक्षक मा दिइने 'इङ्गलिस टिचिङ' सम्बन्धी सामग्री मेरा लागि खुराक साबित भएका छन्। विश्वविद्यालयका शिक्षकले शिक्षण एवं अध्ययन अनुभवसहित सन्दर्भहरू उल्लेख गर्दै प्रस्तुत गर्ने अङ्ग्रेजी लेखले कक्षाकोठामा दोस्रो भाषालाई 'भाषाको बारेमा नभएर भाषाको रूपमा' शिक्षण गर्न ठूलो टेवा पुऱ्याएको छ। शिक्षक मासिक नियमित पढ्ने हो भने त्यसमा प्रकाशित कुराहरूलाई मनन् गरी शिक्षण शैली र सीप परिवर्तन गर्न ठूलो सहयोग पुग्छ।

## शिक्षक समीक्षा



तथापि शिक्षक का केही कमजोरी पनि छन् । हाम्रो देशका सार्वजनिक विद्यालयमा त्यस्ता शिक्षकहरू पनि छन् जो दश बजे नै रक्सीको तालमा विद्यालय पुग्छन् । आफूले पढाउने स्कूलमा सस्तो दाममा खेताला शिक्षक राखेर आफू अर्को ठाउँमा अर्कै पेशा वा व्यवसाय गर्ने शिक्षकहरू पनि धेरै छन् । त्यस्ता शिक्षकहरूले गर्दा समग्र शिक्षण पेशा नै कलङ्कित भएको छ । त्यसैले त्यस्ता खराब शिक्षकको भण्डाफोर गर्ने खालका सामग्रीको कमी शिक्षक मा देखिएको छ । सकारात्मक पाटो समेटेर मात्र विकृति रोक्न सकिँदैन । अङ्ग्रेजी, गणित, विज्ञान जस्ता विषयमा देखिने कक्षागत समस्याका समाधानका स्तम्भहरू खट्किएको छ । सफलताको कथा बनेर नायक जस्ता बनेका असली पथप्रदर्शक शिक्षक शहर र सुगम ठाउँमा मात्र नभएर विकट तथा ग्रामीण इलाकामा पनि छन् । तिनको खोजबिन गरी उनीहरूको कथा प्रकाशित गर्दा अरु राम्रो हुन्छ ।

शिक्षक मासिकमा प्रकाशित सबै नै सामग्री उम्दा लाग्छ । तीमध्ये पनि नक्कली लाइसेन्सको भरमा जागिर खाने वा नक्कली प्रमाणपत्रका आधारमा शिक्षक भएका शिक्षण पेशाका कलङ्कहरू अनि नक्कली नियुक्तिपत्र र कार्यरत शिक्षक भएको सिफारिसका आधारमा लाइसेन्सको फारम भर्नेहरूको भीडका बारेमा शिक्षक मा छापिएका रिपोर्टहरू घतलाग्दा छन् । शिक्षक को २२ अङ्कमा प्रकाशित 'परिवारै शिक्षक' शीर्षकको रिपोर्टले शिक्षण पेशालाई बेवास्ता गर्नेहरूलाई गतिलो जवाफ दिएको छ । जागिरको लागि शिक्षक बन्ने र आफ्नो पेशाप्रतिको गर्वलाई बेवास्ता गर्ने शिक्षकहरूको भीडलाई चुनौती दिइएको उक्त रिपोर्ट सकारात्मक पत्रकारिताको उदाहरण हो ।

### मेरा केही सुझाव

- खोजपत्रकारितामा जोड दिँदै ग्रामीण र दुर्गम क्षेत्रका शिक्षकका सफलता र असफलताका कथालाई आउँदा दिनमा समेटियोस् ।
- अङ्ग्रेजी विषयको जस्तै अरू विषयको पनि सामग्री प्रकाशित होस् ।
- सबै शिक्षकमा *'शिक्षक* मेरो पत्रिका हो' भन्ने भावना जगाउन उनीहरूका लेख र रचनालाई स्थान दिइयोस् ।
- शिक्षक र शिक्षासँग जोडिएका महत्त्वपूर्ण सवालमा जनमत बुझ्ने कुरालाई शिक्षक ले निरन्तरता दिनुपर्छ । जस्तैः तपाईं किन आफ्ना छोराछोरी आफूले अध्यापन गर्ने विद्यालयमा पढाउनुहुन्न ? तपाई कति दिन विना कारण बिदा बस्न चाहनुहुन्छ ? विद्यालयमा अतिरिक्त क्रियाकलाप किन गर्नुहुन्छ ? आदि जस्ता विषयमा मत-अभिमत चलाउने प्रयास गरियोस् ।
- देशभरका प्रत्येक विद्यालयमा *शिक्षक* नियमित रूपमा पुग्न सक्ने वातावरण बनाउन यसलाई शिक्षक सहयोगीको रूपमा विकास गर्ने वातावरण तयार गरियोस् । यसलाई हुलाकमार्फत नै पाठकको हातमा पुग्ने व्यवस्था गरियोस् ।
- शिक्षामा हुने ठाडो राजनीति र हस्तक्षेप एवं अनियमितता हटाएर यसलाई स्वच्छ र निष्पक्ष बनाउन शिक्षक ले अभियान नै चलाउनु आवश्यक छ ।

**विद्योदय निमावि, दमक- ८ झापा**

प्रकाशित गर्दै आएको छ । तैपनि व्यावहारिकताभन्दा बौद्धिकतामा बढी ध्यान दिए जस्तो लाग्छ कतिपय अङ्कमा । पृष्ठ थपेर अहिलेको बदलिँदो पाठ्यक्रम, शिक्षाका जल्दाबल्दा विषय, विद्यार्थीलाई पनि सहयोग पुग्ने सामग्री र कक्षा १२ सम्मलाई दृष्टिगत गरेर आगामी दिनमा शिक्षक लाई सुधार गर्नु आवश्यक छ ।

मेरो विचारमा शिक्षकमा हटाउनुपर्ने विषय भनेको फुर्सद स्तम्भ हो । हुन त यसमा पनि धेरै शिक्षकहरू सहभागी भएका छन् । तर यस्ता सामग्री गोरखापत्र लगायत अन्य पत्रिकामा पनि आउँछन् । त्यो स्तम्भ हटाई 'शिक्षकको साहित्य', 'कम्प्युटर', 'सामाजिक ऐन कानुन', 'सामान्य ज्ञान', 'स्कूल परिचय', 'विश्वमा शिक्षा', 'चिन्तन र प्रविधि' जस्ता स्तम्भहरू थप्न सकिन्छ । त्यसका लागि १२ पृष्ठ थपेर ५ रुपैयाँ मूल्य बढाए हुन्छ । पत्रिकामा शिक्षाविद्, विद्वान् वर्गका महत्त्वपूर्ण विचार त आउनै पर्छ । मोफसलमा रहेर चिनिन नसकेका र आजीवन शिक्षक बनी जीवन व्यतीत गरेका दूरदराजका विद्वान् प्रतिभाहरूलाई पनि स्थान दिएर राष्ट्रका सामु चिनाउने काम पनि शिक्षक कै हो ।

**गायत्री संस्कृत मावि विराटनगर, मोरङ**

अन्तर्वार्ता

सुदर्शन



# उदाहरणीय मन्त्री हुन चाहन्छु

**सर्वेन्द्रनाथ शुक्ल**
शिक्षामन्त्री

**तपाइँ स्कूलमा कस्तो विद्यार्थी हुनुहुन्थ्यो ?**

रुपन्देहीको मर्चबार नजिकैको गाउँको विद्यालयमा मैले प्रारम्भिक शिक्षा पाएको हुँ । पढाइमा धेरै ध्यान नदिए पनि सधैँ प्रथम श्रेणीमा उत्तीर्ण हुन्थेँ । भारत, आन्ध्रप्रदेश सरकारी कलेजबाट २०२७ सालमा मेकानिकल इन्जिनियरिङ विशिष्ट श्रेणीमा उत्तीर्ण गरेँ ।

**तपाइँ आफ्ना शिक्षकहरूलाई कसरी सम्झनुहुन्छ ?**

मलाई पढाउने शिक्षकहरू पछि देशको ठूलठूला ठाउँमा पुगे । प्राथमिक तहमा पढाउनुहुने बिहारीलाल श्रीवास्तव प्रमुख जिल्ला अधिकारी हुँदै केन्द्रीय तथ्याङ्क विभागको महानिर्देशकसम्म बन्नुभयो । आज पनि उहाँलाई म कहिलेकाहीं सपनामा देख्छु । शिक्षकहरूप्रति मेरो ठूलो सम्मान छ ।

**तपाइँको सबभन्दा मन पर्ने शिक्षक को थिए र किन ?**

गोरखपुरका कपिलदेव त्रिपाठी हुनुहुन्थ्यो । उहाँ हरेक विद्यार्थीको अनुहार पढ्न सक्ने सामर्थ्य राख्नुहुन्थ्यो । कुनै विद्यार्थीले चित्त बुझाएको छैन भने उसको घरैमा पुगेर कारण पहिचान गरेर उसको चित्त शान्त पार्नुहुन्थ्यो । विद्यार्थी र उसका अभिभावकसँग निरन्तर अन्तरक्रिया गरेर मात्र पढाइको स्तर राम्रो बनाउन सकिन्छ भन्ने गहिरो विश्वास उहाँमा थियो । उहाँ साँच्चिकै शिक्षक हुनुहुन्थ्यो । शायद यही गुणका कारण मलाई उहाँ धेरै मन पर्थ्यो ।

**तपाइँ आज जे हुनुहुन्छ, त्यसमा तपाइँका स्कूले शिक्षकहरूको कुनै हात रहेको छ ?**

राजनीतिमै हामफाल्ने तहको उत्प्रेरणा त मैले शिक्षकहरूबाट पाएको होइन । तर उहाँहरूबाट जुन काम गरे पनि आत्मविश्वाससाथ गर्नुपर्छ भन्ने कुरा सिकेँ । बाल्यकालमा शिक्षकहरूले सिकाउनुभएको त्यही कुरा नै मेरो जीवनको खास मूल्य बन्न पुग्यो ।

**तपाइँको विचारमा शिक्षक के हो ?**

शिक्षक यस्तो एउटा कलाकार हो जसले काँचो माटोको गुण पहिचान गरेर त्यसलाई सही आकार दिनसक्छ । केटाकेटीहरूले हामीले भनेको कुरा पत्याउँदैनन्, शिक्षकले स्कूलमा जे भनेको हुन्छ उनीहरूका लागि अन्तिम सत्य त्यही हुनपुग्छ । त्यसैले शिक्षक सही अर्थमा समाजको मार्ग-निर्देशक पनि हुन् ।

**पहिले र अहिले शिक्षकको मानसम्मानमा के फरक पाउनुहुन्छ ?**

हिजोका शिक्षक र आजका शिक्षकलाई समाजले उही तरिकाले हेर्दैन । हिजो निःसन्देह समाजमा शिक्षकको मर्यादा धेरै माथि थियो । अब पनि शिक्षकको मर्यादामा वृद्धि हुनुपर्दछ । यसको लागि एकातिर शिक्षकले आफ्नो पेशा र दायित्व निर्वाहमा खरो तरिकाले उत्रन भर मग्दुर प्रयत्न गर्नुपर्दछ भने अर्कोतिर सरकारले पनि शिक्षक छनोटलाई निष्पक्ष बनाउने र योग्य व्यक्तिलाई मात्र शिक्षक बनाउने नीतिलाई प्रभावकारीढङ्गले लागू गर्नुपर्दछ । शिक्षकहरूले आफ्नो पेशागत आचारसंहितालाई न्यूनतम रूपमा पालना गर्नैपर्छ । आफ्नो मर्यादा बढाउन सबैभन्दा बढी शिक्षक साथीहरूकै भूमिका देखेको छु ।

**शिक्षा ऐन, नियमावलीमा संशोधन हुँदैछ भन्ने सुनिएको छ नि ?**

व्यवस्थापन समितिको चुनावले राजनीतिक रङ पाइरहेको छ । नक्कली अभिभावक बनेर व्यवस्थापन समितिमा घुस्ने प्रवृत्ति बढेकाले त्यसलाई न्यूनीकरण गर्न अब विद्यार्थीका बाउ-आमा, बाजे-बज्यै बाहेक अरू कोही पनि अभिभावक बन्न नपाउने गरी शिक्षा नियमावलीमा संशोधन हुँदैछ । मन्त्रीका रूपमा स्कूलहरू भ्रमण गर्दा शिक्षक र व्यवस्थापन समिति दुवैलाई भन्ने गरेको छु, "कुनै पनि देशमा विशिष्ट व्यक्तिलाई भेट्न जाँदा सेक्युरिटीले मोबाइल बाहिर

राखिदिने गर्छ। त्यसैगरी तपाइँहरू विद्यालयभित्र आउँदा राजनीतिक कुरा बाहिरै राखेर आउनुपर्छ।" हामीले यति कुरालाई पालना गर्न सक्यौं भने सार्वजनिक विद्यालयको गुणस्तरमा धेरै ठूलो सुधार आउने छ।

**शिक्षामन्त्रीको हैसियतमा तपाईँका प्राथमिकता के के हुन् ?**

स्कूल क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी) लाई सफलतापूर्वक कार्यान्वयनमा लैजानु मेरो पहिलो प्राथमिकता हुनेछ। विद्यालयको लागि भनेर सरकार र दाता दुवैले हालेको पैसाको अधिकतम उपयोग गराउनेतर्फ ध्यान केन्द्रित गर्नेछु।

**स्कूलको अनुगमनको जिम्मेवारी बोकेका विद्यालय निरीक्षकहरूलाई पनि काममा फर्काउने सोच्दै हुनुहुन्छ कि ?**

सीमित सङ्ख्यामा मात्र विद्यालय निरीक्षक (विनि)हरूले काम गरिरहेका छन्, बाँकीको भूमिका प्रभावकारी हुन सकेन भन्ने तपाइँको आशयसँग म सहमत छु। उनीहरूलाई विद्यालयको अनुगमन तथा निरीक्षणको काममा प्रभावकारी तरिकाले परिचालन गर्नु आवश्यक छ। विनि र स्रोतव्यक्तिले काम गरिरहेका छन् कि छैनन् भन्ने कुराको नियमित अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

**कर्मचारीहरूलाई कामप्रति उत्प्रेरित र जिम्मेवार नबनाइकन केवल अनुमगनले मात्र के परिणाम देला र ?**

हो; शिक्षा मन्त्रालयका कर्मचारीदेखि स्रोतव्यक्तिसम्म अधिकांश मानिस काविल छन्। तर उनीहरूमध्ये धेरैजसो निदाइरहेका छन्। तिनलाई बिउँझाउनु आवश्यक छ। प्रेरणा र अनुगमन सँगसँगै लगेर उनीहरूलाई बिउँझाउने र कामप्रति लगनशील गराउन सकिन्छ। त्यसको सुरुआत म आफैंबाट शुरु गर्दैछु। म मन्त्री भएको करिब ४० दिन भयो। अहिलेसम्म मैले शनिबार पनि बिदा लिएको छैन। जरुरी काम भएको दिनमा बाहेक हरेक दिन बिहान ८ बजे मन्त्रालय आएर काम गर्दैछु। मेरो सक्रियता, प्रतिबद्धता र व्यवहारबाट मन्त्रालयका कर्मचारीहरूमा काम गर्ने ऊर्जा बढ्दै गएको महसुस गरेको छु। विस्तारै यसको प्रभाव शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्रलगायतका निकायहरूमा पर्न थालिसकेको छ। केही समयभित्र जिल्ला शिक्षा कार्यालयको तहमा पनि यसको सकारात्मक प्रभाव पर्न जानेछ। म उदाहरणीय मन्त्री हुन चाहन्छु।

**सरकार आफूले पर्याप्त आर्थिक स्रोतको व्यवस्था नगर्ने अनि नि:शुल्क शिक्षा भनेर अभिभावकसँग पनि शुल्क उठाउन नपाउने परिस्थितिका कारण विद्यालयहरूको पठनपाठनमा समेत गम्भीर नकारात्मक असर परिरहेको छ। यो सङ्कट हल गर्न तपाइँ केही गर्दै हुनुहुन्छ कि ?**

राज्यले पर्याप्त साधन-स्रोतको व्यवस्था नगरी नि:शुल्क शिक्षाको घोषणा गर्नुहुन्नथ्यो। गरेपछि स्कूलहरूलाई पर्याप्त रकम दिनै पर्छ। हामी यो मामिलामा व्यावहारिक भन्दा बढी नारावादी भयौं।

**मन्त्री भएको करिब ४० दिन भयो। अहिलेसम्म मैले शनिबार पनि बिदा लिएको छैन। जरुरी काम भएको दिनमा बाहेक हरेक दिन बिहान ८ बजे मन्त्रालय आएर काम गर्दैछु। विस्तारै यसको प्रभाव शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्रलगायतका निकायहरूमा पर्न थालिसकेको छ। म उदाहरणीय मन्त्री हुन चाहन्छु।**

तर अब पछाडि हट्ने स्थिति छैन। हामीले आवश्यक स्रोतको व्यवस्था गर्नै पर्छ। त्यसको विकल्प छैन।

**निजी र सार्वजनिक स्कूलबीचको खाडल कम गर्न केही सोच्नुभएको छ ?**

हो, निजी स्कूल र सरकारी स्कूलबीचको खाडलले समाजमा नै असन्तुलन पैदा गरिराखेको छ। तर यो अन्तर मैले चाहँदैमा तुरुन्तै घट्न सक्दैन। एउटा कुरा स्पष्ट छ, सार्वजनिक स्कूलको स्तर नउकासी यो अन्तर कम हुन सक्दैन। बरु निजी स्कूलहरूबाट पनि सार्वजनिक स्कूलहरूले राम्रो फाइदा उठाउन सक्ने एउटा आइडिया मेरो मनमा आइरहेको छ। शहरका निजी स्कूल र गाउँका सार्वजनिक स्कूलबीच लर्निङ्ग एक्सचेञ्ज प्रोगाम बनाएर लागू गर्दा त्यस्ता स्कूलले झन् बढी फाइदा उठाउन सक्छन्।

**तपाइँको कार्यकालका मुख्य उपलब्धि के के होलान् ?**

दिगो विकासका लागि शिक्षा भन्ने सोचमा आधारित भएर अगाडि बढ्ने 'टर्निङ्ग प्वाइन्ट' बनाउन सफल बनिनेछ। दोस्रो, हालका कार्यक्रमहरूको कार्यान्वयनमा प्रभावकारितामा उल्लेखनीय रूपमा वृद्धि हुनेछ। त्यसका लागि अनुगमन तथा पारदर्शितालाई विशेष जोड दिइनेछ। तेस्रो, शिक्षा मन्त्रालय र मातहतका निकायहरूमा जिम्मेवारी र जवाफदेहिता अहिलेभन्दा धेरै बढेको हुनेछ। यति हुनसक्यो भने शिक्षा मन्त्रालयमा देखिने गरी परिवर्तन आउने छ।

**यसअघिका शिक्षामन्त्री रामचन्द्र कुशवाहको कार्यकालमा राहत कोटा वितरणमा भएको भनिएको अनियमितताको दोषीमाथि कारबाही पनि हुन्छ कि हल्ला मात्र हो ?**

पाँचवटा टोली गठन गरेर ७५ वटै जिल्लामा यसबारे सत्यतथ्य कुरा खोज्ने कार्य भइरहेको छ। कहीँ स्कूल नै नभएको ठाउँमा कोटा गएको त कतै एउटै व्यक्तिले बुझेर ५० वटा कोटा लगेको पनि देखिएको छ। अन्तिम प्रतिवेदन आएपछि त्यसमा संलग्न देखिएका कर्मचारीलाई विभागीय कारबाही गर्न कुनै कसुर बाँकी राखिने छैन। बाँकी (पूर्वमन्त्री) का हकमा हाम्रो प्रतिवेदनसहित अगाडिको कानूनी बाटोका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउँछौं। बाँकी काम अख्तियारले नै गर्नेछ। तपाइँ ढुक्क हुनुहोस्, अनियमितता गर्ने कसैलाई पनि छाडिने छैन।

**सुदर्शन/ध्रुव**

बाबुराम विश्वकर्मा

# शिक्षक बढुवामा विसङ्गति

# सरकार नै गम्

‘शिक्षक बढुवा’ व्यवस्थाको उपयोग अहिले जस्तो शिक्षकहरूलाई थामथुम पार्नका निम्ति नभई कक्षा–कोठामा पठनपाठन सुधार्न र शैक्षिक उपलब्धि अभिवृद्धि गर्नका लागि हुनुपर्ने हो। योग्यता, अनुभव, निष्ठा र चरित्र बलियो भएका शिक्षकले पाउनुपर्ने बढुवा तुलनात्मक रुपमा कमजोर शिक्षकले पाए भने राम्रा शिक्षकलाई मात्र होइन, छात्रछात्रालाई समेत अन्याय हुन्छ। त्यसैले शिक्षक–बढुवा प्रक्रियालाई सामाजिक रूपले समेत उत्तरदायी, न्यायसङ्गत र पारदर्शी तुल्याउन स्पष्ट मापदण्ड र जवाफदेहीपूर्ण कार्यान्वयन प्रणाली अपनाउन ढिलो गरिनुहुँदैन।




रबिन सायमि

# भीर भएन

निराशा र हीनताबोधबाट ग्रसित शिक्षकले छात्रछात्रालाई गतिलो शिक्षा दिने आशा गर्न सकिँदैन । सार्वजनिक विद्यालयका शिक्षकहरूलाई समस्याबाट मुक्त राखी सार्थक एवं प्रभावकारी शिक्षण कार्य गराउन दण्ड र पुरस्कारका साथै आवधिक एवं तहगत बढुवा प्रणालीको व्यवस्था गरिएको हुन्छ । तर, हाम्रो मौजुदा शिक्षक बढुवा प्रणालीले बढुवा नभएर भौँतारिइरहेका तथा उमेर ढल्किसकेका शिक्षकलाई मात्र होइन, बढुवा भएका शिक्षकलाई समेत अपेक्षित मात्रामा उत्साहित र सन्तुष्ट तुल्याउन सकेको पाइँदैन ।

सरकारले शिक्षकलाई प्रोत्साहित गर्नका निम्ति बढुवाका अतिरिक्त शिक्षकलाई घरपायक नियुक्ति दिने, राम्रो कार्य गर्नेलाई पुरस्कृत गर्ने आदि नीति पनि लिएको छ । तर, यस्ता नीति तथा कार्यक्रमको कार्यान्वयन विवादमुक्त, पारदर्शी र निष्पक्ष हुनसकेको छैन ।

सार्वजनिक स्कूलमा लामो समय काम गरेर प्रावि, निमावि र मावि तहका विभिन्न श्रेणीमा बढुवा पाएका र बढुवा नपाएर भौँतारिइरहेका शिक्षकहरूको अनुभव/भोगाइ अध्ययन गर्दा बढुवा प्रणालीमा अनेक झमेला र समस्या फेला परेका छन् । काठमाडौंको कीर्तिपुर मावि, बाहिरी गाउँका शिक्षक पोष्टराज चापागाईंले मावि तृतीय श्रेणीबाट बढुवा हुन करिब १५ वर्ष कुर्नुपर्‍यो । त्यसपछि पनि उनको बढुवा सहज रूपमा हुन सकेन । बढुवाका सबै प्रक्रिया पूरा गरेका चापागाईंको नाम मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयका कर्मचारीहरूको खराब नियत अथवा लापर्वाहीका कारण प्रारम्भिक सूचीमै परेन । उनले शिक्षक सेवा आयोगमा उजुरी गर्नुपर्‍यो । आयोगमा निकै धाएपछि चाहिँ उनको नाम बढुवा सूचीको एक नम्बरमै निस्कियो ।

आफूले खेप्नुपरेको हैरानीबारे चापागाईं भन्छन्, "बढुवा हुनेमा ढुक्क थिएँ । तर प्रारम्भमै फेल भएपछि रन्थनिएर सोधखोज गर्न थालेँ । क्षेशिनिबाट २० अङ्कको कार्यसम्पादन मूल्याङ्कन फारमै बेपत्ता पारिएको थाहा पाएपछि जिशिकाको रेकर्डबाट झिकेर पुनः त्यो फारमको प्रतिलिपि आयोगमा लगेर बुझाएँ । त्यसपछि मलाई ८५ अङ्क दिएर बढुवा गरियो ।"

२०४८ सालमा प्रतिस्पर्धात्मक परीक्षामा एक नम्बरमा नाम निकालेर मावि तृतीय श्रेणीको दरबन्दीमा शिक्षक नियुक्त भएका चापागाईं नेपाली विषयका राम्रा शिक्षक मानिन्छन् । उनले एमए प्रथम श्रेणीमा उत्तीर्ण गरेका छन् । एकवर्षे बीएड गर्दा पनि उनी अब्बल शिक्षार्थीमध्ये पर्थे । उनले पढाउन थालेदेखि कीर्तिपुर माविका छात्रछात्रा नेपाली विषयमा एसएलसीमा अनुत्तीर्ण भएको भेटिँदैन । आफ्नो निराशा पोख्दै उनी थप्छन्, "राम्रै पढाएका कारण सबै सन्तुष्ट छन् । स्कूलको पठनपाठनका आधारमा बढुवा गरिन्थ्यो भने मेरो बढुवा पहिल्यै हुन्थ्यो ।"

## भोजपछिको निराशा

आयोगले बढुवाको अन्तिम नतिजा निकाल्दा प्रारम्भिक बढुवा सूचीमा परेका कतिपय शिक्षक हट्छन् र नयाँ नामले प्रवेश पाउँछन् । यसले प्रारम्भिक सूचीमा परेर पनि पछि पर्न नसकेका शिक्षकहरूको चित्त दुःखाउँछ । चापागाईं भन्छन्, "यसरी एउटालाई न्याय गर्दा अर्कोमाथि अन्याय हुने गरेको छ । बढुवाले शिक्षकलाई उचाल्ने र पछार्ने गरेको छ, यसमा सुधार चाहिन्छ ।"

शुरुमा बढुवामा परेर खुसियाली मनाउने शिक्षक अन्तिम सूचीमा आफ्नो नाम हट्दा छाँगाबाट खसे जस्तो अनुभूति गर्छन् । ललितपुरको सिद्धिपुर उमाविका प्रअ शम्भुबहादुर केसी यस्तै शिक्षकमा पर्छन् । २०६४ सालको कार्यसम्पादन मूल्याङ्कन (फाइल बढुवा) मा मावि प्रथम श्रेणीमा केसीको नाम थियो । सो सूचीका आधारमा बढुवा पक्का भएको ठानेर उनले स्कूलका शिक्षक, छात्रछात्रा र अभिभावकलाई भोज खुवाए । तर त्यसको केही दिनमै बढुवा नतिजाप्रति चित्त नबुझेको



बढुवाको प्रतीक्षामा रहेका नागार्जुन मावि, गोलढुङ्गा, काठमाडौंका शिक्षकद्वय प्रेमराज न्यौपाने (बायाँ) र सुदर्शन अधिकारी।

भन्दै ललितपुरकै बज्रबाराही उमाविका विज्ञान शिक्षक सन्तलाल साहले आयोगमा उजुरी दिएपछि केसीको सट्टा साहको बढुवा भयो।

बढुवामा एक पटक परेर पछि नाम काटिएका शिक्षकहरूको सूची यतिमै टुङ्गिदैन। एमएड/बीएल उत्तीर्ण काठमाडौंको सामाखुशीस्थित मनोहर उमाविका शिक्षक तुलाराम पाण्डे २०४८ सालमा प्रावि तृतीय श्रेणीमा स्वतः स्थायी भएका हुन्। अस्थायी सेवासमेत जोड्दा उनले पढाएको २० वर्ष पूरा भइसकेको छ। जिशिका र पाण्डेले काम गरेका काठमाडौंका

# 'लापरबाही सबैबाट भएको छ'

**आयोगले स्थायी शिक्षकहरूको बढुवा कसरी गरिरहेको छ ?**

शिक्षकहरूलाई आफ्नो पेशामा थप अभिप्रेरित गर्न शिक्षक बढुवाको नीति ल्याइएको हो। बढुवाका सामान्य सिद्धान्तका आधारमा ७५ प्रतिशत पदहरू कार्य सम्पादन मूल्याङ्कन (कासमू) र २५ प्रतिशत पद आन्तरिक प्रतिस्पर्धाबाट बढुवा गरिन्छ। शिक्षक बढुवाले शिक्षकको पेशागत दक्षता बढाउन मात्र होइन, शिक्षाको विकासमै पनि योगदान पुऱ्याउन सक्नुपर्छ। तर, यसमा सोचे जस्तो प्रगति भएको छैन।

**ऐनमा शिक्षक बढुवाका लागि हरेक वर्ष विज्ञापन खोल्नुपर्ने व्यवस्था भए पनि तपाईंहरूले त्यसको पालना गरेको देखिँदैन, किन ?**

हो, शुरुमा हामीले प्रत्येक वर्ष विज्ञापन गर्न सकेनौं। तर, अब प्रत्येक वर्ष बढुवाको विज्ञापन गर्ने तयारी गरिएको छ। आयोग आफैंले सबै काम गर्ने होइन, शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरूको समन्वयमा काम गर्नुपर्ने बाध्यता छ। स्रोत-साधनको अभाव आदि कारणले सालैपिच्छे विज्ञापन गर्न गाह्रो भएको हो।

**शिक्षकहरूले योग्यभन्दा शिक्षा अधिकारीहरूको वरपर घुम्नेहरूको बढुवा हुने गरेको आरोप लगाउने गरेका छन्; किन त्यस्तो भएको ?**

धेरैजसो शिक्षक जेष्ठताका आधारमा बढुवा हुन चाहन्छन्। आफूले पढाएका चेलाहरू आफूभन्दा सिनियर शिक्षक भइसक्दा पनि आफू सोही पदमा रहनुपर्दाका पीडा पनि शिक्षकहरूसँग छन्। तर, नियममा बढुवाका लागि जागिरको जेष्ठता बाहेक अरू मापदण्ड पनि छन्। स्कूलमै केन्द्रित भएका कारण शैक्षिक योग्यता बढाउन नसकेको र पुरानो जमानामा कम अङ्क पाएर शिक्षक तालिम पूरा गरेका शिक्षकहरू राम्रो शैक्षिक योग्यता र राम्रो तालिम पाएका शिक्षकहरूसँगको प्रतिस्पर्धामा पछिपरेका छन्। यसले गर्दा जुनियरको बढुवा भएको तर आफू पछिपरेको अनुभव धेरैलाई भएको होला। तैपनि बढुवामा पछिपरेका शिक्षकहरू 'अपडेट' हुनुपर्छ, एक दिन बढुवा हुन्छ।

**बढुवा प्रक्रियामा अनियमितता भयो भनी शिक्षकहरूले आयोग र अदालतमा समेत बढुवा नतिजाको विरोधमा उजुरी हालेपछि बढुवा भएका शिक्षकको बढुवा रद्द भएको तथा बढुवामा नपरेका शिक्षकको बढुवा भएको देखिन्छ; यो त गाईजात्रा नै भएन र ?**

कार्यरत र अनुभवी शिक्षकहरू जसले बढुवाका न्यूनतम मापदण्ड पूरा गरेका हुन्छन्, उनीहरूबीचमै बढुवा गर्ने गरिन्छ। सूचनाको अभावका कारण दूरदराजका शिक्षकहरूले बढुवाको दरखास्तै दिन भ्याएका हुँदैनन्। कार्य सम्पादन मूल्याङ्कन फारम समयभित्र भर्न नभ्याउने शिक्षकहरू पनि छन्। शिक्षकहरूको कमजोरीले पनि बढुवालाई प्रभावकारी र चुस्त तुल्याउन सकिएको छैन। अर्कोतिर जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क प्रणालीमा पनि कमजोरी छन्। बढुवा हुने शिक्षकका व्यक्तिगत विवरणहरू तल-माथि भएका धेरै घटनाहरू हामीसम्म आउँछन्। यसबाट बढुवा हुनुपर्ने शिक्षक पछि पर्ने र बढुवा नहुने शिक्षक बढुवा सूचीमा पर्ने गरेका छन्। तर, उजुरी परेपछि हामीले सकभर न्याय गर्ने कोशिश गरेका छौं। हाम्रो पुनरावेदनमा चित्त नबुझ्ने शिक्षकहरूले सर्वोच्च अदालत गएर पनि बढुवा पाएका छन्। अदालतबाट आयोग र शिक्षक दुवैका पक्षमा फैसला भएका छन्।

**उजुरी परेको ९० दिनभित्र आयोगले पुनरावेदन नतिजा सार्वजनिक गर्नुपर्ने व्यवस्था नियमावलीमा छ। तर, पुनरावेदनको**

विभिन्न स्कूलमा उनको शिक्षण शैली, आचरण, सामाजिक व्यवहार तथा गुणका बारेमा नराम्रो रेकर्ड भेटिँदैन। बरु सामाजिक विषय राम्रो पढाएका कारण काठमाडौंको *उत्तरभेगीय संयुक्त विद्यालय समिति नेपालटार* ले २०६५ सालमा उनलाई 'राम्रो शिक्षक'को सम्मान दिएको छ। तर, अझै उनको बढुवा भएको छैन।

बढुवाका निम्ति पाण्डेले प्रयास नगरेका भने होइनन्। २०६० सालमा बढुवाको प्रारम्भिक सूचीमा उनको नाम निक्लिएको थियो। उक्त सूचीमा नपरेका पाण्डेका प्रतिस्पर्धी शिक्षकको उजुरीपछि अन्तिम सूचीबाट उनको नाम हटेर काठमाडौंको जीतपुर उमाविका प्रावि तृतीय श्रेणीका शिक्षक रामप्रसाद तिमिल्सेनाको नाम समावेश भयो। एसएलसी उत्तीर्ण तिमिल्सेनाले १० महिने शिक्षक तालिम लिएका भए पनि उनी शैक्षिक योग्यताको आधारमा पाण्डेभन्दा धेरै 'जुनियर' देखिन्छन्।

एउटै वर्ष शिक्षक भएकामध्ये कम शैक्षिक योग्यता भएका शिक्षकको बढुवा हुनु र बढी शैक्षिक योग्यता भएका शिक्षक बढुवामा नपर्नुमा बढुवा प्रणालीको कमजोरीले भूमिका खेलेको छ। पाण्डे भन्छन्, "प्रावि तृतीय श्रेणीको दरबन्दीमा छु, प्राविलाई भन्दा बढी निमावि र माविलाई पढाएर पनि प्राविकै तलब खान्छु, तर पनि बढुवा भएन।" गत वर्ष फेरि प्रावि तृतीयबाट द्वितीयमा बढुवा हुन आवेदन गरेका पाण्डेको नाम प्रारम्भिक सूचीमै प्रकाशित भएन। आयोगमा पुनरावलोकनका निम्ति उजुरी गरेका उनी अन्तिम नतिजाको प्रतीक्षामा छन्। आयोगको नियमावलीमा

**शिक्षकका कार्यसम्पादन मूल्याङ्कन फारमहरू हराएको, गायब पारिएको गुनासा आउने गरेका छन्। यसको समाधानका निम्ति हामीले जिशिकामा फारम दर्ता गरेपछि दर्ता नम्बर लिन शिक्षकहरूलाई आग्रह गरेका छौं।**



**अशोककुमार अर्याल**
सहसचिव, शिक्षक सेवा आयोग

**नतिजा एक वर्षसम्म ननिकाल्नुको कारण के हो ?**

गर्नुपर्ने त्यही हो। तर, आयोगले अरू निकायको सहयोगमा काम गर्नुपर्ने भएकाले ढिलो हुने गरेको छ। हामीले मागेका विवरण जिशिका र क्षेशिनिबाट ढिलो आउने गरेका कारण बिलम्ब हुने गरेको छ।

**शिक्षकहरूले क्षेशिनि र जिशिकाबाट कासम् फारम नै गायब पारिने गुनासो पनि गरेका छन्, त्यसलाई आयोगले किन रोक्न नसकेको ?**

शिक्षकका कार्य सम्पादन मूल्याङ्कन फारमहरू हराएको, गायब पारिएको गुनासा आउने गरेका छन्। यसको समाधानका निम्ति हामीले जिशिकामा फारम दर्ता गरेपछि दर्ता नम्बर लिन शिक्षकहरूलाई आग्रह गरेका छौं। कागजात तलमाथि परेकै कारण आयोगमा धेरै उजुरी पर्ने गरेका हुन्। अदालतसम्म शिक्षकहरू गुनासा लिएर पुग्नुको एउटा कारण यो पनि हो। त्यसैले यस्ता कमजोरीहरू सम्बन्धित निकायले नै हटाउनुपर्छ।

**कासमूको ४० अङ्क शिक्षकको काम र योगदानका आधारमा नभई हेडमास्टर, जिशिअ आदिसँगको व्यक्तिगत निकटताका आधारमा दिइने गरेको सुनिन्छ; यसले काम गर्ने शिक्षकलाई भन्दा अरूलाई बढुवामा प्रोत्साहित गरेको छ जस्तो लाग्दैन ?**

शिक्षकहरूलाई कार्य सम्पादन मूल्याङ्कन बापतको अङ्क आयोगले दिने होइन। तथापि हामी यसमा सजग छौं। मूल्याङ्कन प्रणालीका सूचकहरू प्रभावकारी नभएका कारण ४० अङ्क व्यक्तिको स्वविवेकको आधारमा दिइने गरिएको छ। यसले जेनियुन शिक्षकलाई तल पारेको छ। बढुवालाई निष्पक्ष र पारदर्शी तुल्याउने ढङ्गले मापदण्ड निर्धारण गरिनुपर्छ। बढुवाको मापदण्ड भरपर्दो, विश्वसनीय र वैज्ञानिक तुल्याउनुपर्छ भन्ने हाम्रो जोड छ। अहिले दिने गरिएको ४० अङ्कलाई 'अब्जेटिक' तुल्याउने गरी नियमावली संशोधन गर्न आयोगले सरकारलाई सिफारिस गरेको छ।

**तपाईंको विचारमा शिक्षकहरूको बढुवा प्रक्रियामा सबैभन्दा बढी त्रुटि कहाँनेर हुने गरेको छ ?**

बढुवाका निम्ति शिक्षकहरूले नै समयमा आवश्यक कागजात पेश नगरेर समस्या भइरहेको छ। बढुवा अङ्क दिने प्रमुख अधिकार प्रअको हुन्छ। त्यहाँ पनि समस्या छ। त्यस्तै विनि, जिशिअ र क्षेशिनिबाट शिक्षकको कामको प्रत्यक्ष निरीक्षण भएको हुँदैन तर उनीहरूले कार्य सम्पादन मूल्याङ्कनबापतको अङ्क दिनुपर्ने नियम छ। यसले गर्दा पनि सही मूल्याङ्कन गर्न समस्या भइरहेको हुनसक्छ। प्रअले दिएको अङ्कको अनुपातमा जिशिअ, विनि र क्षेशिनिले नम्बर दिनुपर्ने हो। तर, कसले कुन आधारमा कति दिने भन्ने मापदण्ड नभएका कारण कार्य सम्पादन मूल्याङ्कन फरक हुने गरेको छ। त्यसैले लापरबाही सबैबाट भएको छ।

बढुवासम्बन्धी उजुरी परेको ९० दिनभित्र पुनरावेदन गरेर निर्णय गर्नुपर्ने व्यवस्था छ। तर एकवर्षअघि दिएको बढुवासम्बन्धी उजुरीको नतिजा आयोगले अझै सार्वजनिक गर्न सकेको छैन।

गत वर्ष बढुवा फारम भरेका काठमाडौंको गोलढुङ्गा गाविस ६ स्थित नागार्जुन माविका प्रावि तृतीय श्रेणीका शिक्षक सुदर्शन अधिकारीको नाम पनि बढुवामा निक्लिएन। बढुवामा नपरेपछि उनले आयोग, क्षेशिनि र जिशिकामा सोधखोज गर्दा आयोगले कार्यसम्पादन मूल्याङ्कनबापतको २० अङ्क प्राप्त नभएका कारण बढुवामा नपरेको जवाफ पाए। यस्तो कसरी भयो त? काठमाडौं जिशिकाका कर्मचारीले उक्त अङ्क आयोगमा पठाउन छुटेको जवाफ अधिकारीलाई दिए। तर २० अङ्क मात्रै कसरी छुट्यो? नियतवश कि जिशिकाका कर्मचारीको लापर्वाहीका कारण भन्ने प्रश्नको जवाफको खोजबिन कसैले गरेको पाइँदैन। जिशिकाबाट छुटेको अङ्कसहित आयोगमा पुनरावेदन गरेका अधिकारी अहिले बढुवाको अन्तिम नतिजाको पर्खाइमा छन्। शैक्षिक योग्यताका आधारमा उनीभन्दा 'जुनियर' शिक्षक प्रेमराज न्यौपानेको भने बढुवाको प्रारम्भिक सूचीमै नाम निक्लिएको छ। २०४८ सालमै स्थायी भएका उनी सोही स्कूलका प्रावि तृतीय श्रेणीका शिक्षक हुन्। अधिकारी र उनले बढुवाका निम्ति सँगसँगै कार्यसम्पादन (कासमू) मूल्याङ्कन फारम भरी आयोगमा आवेदन गरेका थिए। न्यौपाने भन्छन्, "उहाँको पनि बढुवाको प्रारम्भिक सूचीमा नाम आउनुपर्ने हो, तर आएन, अन्तिम नतिजामा के हुन्छ, कुनै टुङ्गो छैन।" नागार्जुनमा माविका प्रअ प्रभुराम नेपालले १० चैत २०६६ मा शिक्षक प्रतिनिधिसँगको छलफलमा भने, "मैले दुवै जनालाई बराबर अङ्क दिएको हुँ, तर, एक जनाको निक्लियो, अर्काको निक्लिएन।" बढुवाको अन्तिम नामावलीको प्रतीक्षा गरिरहेका न्यौपानेलाई पुनरावेदनपछि बढुवा सूचीबाट आफ्नो नाम हट्ने हो कि भन्ने चिन्ता छ भने अधिकारीलाई अन्तिम सूचीमा आफू परिन्छ कि भन्ने आश छ।

आयोगको पुनरावेदन नतिजाप्रति असन्तुष्ट शिक्षकहरू अदालतको ढोकामा समेत पुग्ने गरेका छन्। २०६० को बढुवा नतिजामा शुरुमा नाम निक्लिए पनि अन्तिममा काटिएपछि रुष्ट भएका सर्लाहीको शिशुकल्याण जनता मावि हरिवनका निमावि तृतीय श्रेणीका शिक्षक गोपीचन्द्र साहले सर्वोच्चको आदेशपछि बढुवा पाए। अदालतले साहलाई पहिला दिइएको अङ्क काटेर पछि कम अङ्क दिइएको ठहर गरी १० कात्तिक २०६६ मा बढुवा गर्न आदेश दिएको छ। अदालतको आदेशपछि उनको बढुवा निम्ति आयोगले जिशिकालाई सिफारिस गरेको छ। तर, उनीसँगै सर्वोच्चमा रिट दायर गरेका सर्लाहीकै चक्र जनता शहीद गङ्गा मावि बरहथवाका शिक्षक रामशङ्कर कुमारको रिट भने अदालतले खारेज गरेको छ। "नतिजा चित्त नबुझेर अदालत गएका केही शिक्षकले मुद्दा जितेका छन् भने केही मुद्दा आयोगले जितेको छ" आयोगका सहसचिव अशोककुमार अर्यालले भने (हे. अन्तर्वार्ता)।

## किन हुँदैन बढुवा ?

बढुवाको न्यूनतम मापदण्ड पुगेका धेरै शिक्षकले बढुवा पाइने आशले हरेक वर्ष कार्यसम्पादन मूल्याङ्कन फारम भरेर जिशिकामा बुझाउने गरेका छन्। तर, फारम भर्नेहरूमध्ये अधिकांश शिक्षकहरू बढुवा नभएकाले निराश हुन थालेका छन्। त्यसको असर कक्षाकोठाको पठनपाठनमा पनि पर्ने गरेको छ। सिन्धुलीको रानीवास गाविसस्थित जनता उमावि; चन्दनपुरका धेरै शिक्षक बढुवा नभएकै कारण निराश भेटिए। १८ वर्षदेखि प्रावि तृतीय श्रेणीको दरबन्दीमा रहेका उक्त स्कूलका शिक्षक डिल्लीराम बराल (५०) भन्छन्, "मैले स्कूलमा नपढाएर हाकिमहरूको सेवा गरेको भए बढुवा हुन्थ्यो



बढुवा भएर पछि नाम काटिएका काठमाडौंको सामाखुशीस्थित मनोहर उमाविका शिक्षक तुलाराम पाण्डे। र, उनलाई सामाजिक विषयका राम्रा शिक्षकको रूपमा गरिएको सम्मान पत्र।





धेरै दौडधुपपछि बढुवा पाएका कीर्तिपुर मावि, बाहिरी गाउँ, काठमाडौंका शिक्षक पोष्टराज चापागाईं।
आवरणमा पनि



होला, नियमित पढाएर गल्ती गरेँ, अब त बढुवा होला भन्ने आशै मरिसक्यो।" बरालको जस्तै धारणा उक्त स्कूलका शिक्षक लालचन अधिकारी, माधवप्रसाद पौडेल र चूडामणि बराललगायतको पनि छ। उनीहरूमध्ये धेरैजसोले हाकिमहरूलाई भाले काटेर नखुवाएका कारण कार्यसम्पादन मूल्याङ्कनमा राम्रो नम्बर नआएको गुनासो गरे। तिनको भनाइमा निरन्तर स्कूलको सेवामा मात्र लाग्ने शिक्षकहरूले कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवा पाउन कठिन छ।

स्थायी शिक्षकहरूले न्यूनतम योग्यता पुगेर पनि बढुवा नपाउनुमा मौजुदा बढुवा प्रणाली र बढुवा गर्ने जिम्मा पाएका अधिकारीहरूको प्रवृत्ति र लापरबाही सबैभन्दा बढी जिम्मेवार देखिन्छ। शिक्षक सेवा आयोगको नियमावलीको परिच्छेद ४ को बढुवासम्बन्धी प्रावधान अनुसार प्रावि, निमावि र माविका प्रथम र द्वितीय श्रेणीका रिक्त पदहरूमध्ये २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षा र ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा गर्ने व्यवस्था गरिएको छ। आन्तरिक प्रतिस्पर्धाबाट गरिने २५ प्रतिशत बढुवामा शिक्षकले लिखित र अन्तर्वार्तामा पाउने अङ्कलाई आधार बनाइन्छ। यसलाई धेरैले त्रुटिरहित माने पनि कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने ७५ प्रतिशत पदको बढुवामा भने व्यापक धाँधली समेत हुने गरेको भुक्तभोगी शिक्षकहरूको गुनासो छ। कतिपय जिल्लामा कार्यसम्पादन मूल्याङ्कनबापतको अङ्क पाउनका निम्ति बढुवाका प्रत्यासी शिक्षकले प्रअ, विनि र जिशिअलाई घुस खुवाउने गरेको आरोप समेत लाग्ने गरेको छ।

कार्यसम्पादन मूल्याङ्कनको कुल १०० अङ्कलाई नोकरीको जेष्ठताबापत ३०, शैक्षिक योग्यताबापत १५, तालिमबापत १५ र कार्यसम्पादन मूल्याङ्कनबापत ४० अङ्कमा विभाजन गरिएको छ। यसमध्ये माविको प्रअलाई विनि, जिशिअ र क्षेशिनिले ४० अङ्क दिन्छन् भने निमावि र प्राविको प्रअलाई विनि, जिशिअले तोकेको अधिकृत र जिशिअले उक्त अङ्क दिने गरेका छन्। प्रावि, निमावि र माविका शिक्षकहरूलाई दिइने ४० अङ्क चाहिँ सम्बन्धित स्कूलका प्रअ, विनि र जिशिअले दिएका हुन्छन्। प्रावि र निमावि तहका कार्यसम्पादन मूल्याङ्कन गरिनुपर्ने शिक्षकको भन्दा प्रअ तल्लो श्रेणीको भएमा उसको मूल्याङ्कनकर्ता विनि, जिशिअले तोकेको अधिकृत र जिशिअ हुने गरेका छन् भने मावि तहको लागि विनि, जिशिअ र क्षेशिनिले यस्तो मूल्याङ्कन अङ्क दिने व्यवस्था छ। तीन जना मूल्याङ्कनकर्तामध्ये प्रअले २० अङ्क र अरूले १०/१० अङ्क दिने व्यवस्था छ। कार्यसम्पादन मूल्याङ्कनबापत दिइने ४० अङ्क भने गोप्य राख्ने गरिएको छ (हे. बक्स. शिक्षक बढुवाको कानुनी व्यवस्था)।

## सन्तुष्टि छैन

सरकारले बढुवा भएका विभिन्न तह र श्रेणीका शिक्षकहरूलाई निजामती कर्मचारीसरहको तलब/सुविधा दिएको भए पनि शिक्षकहरू आफ्नो पेशा अथवा जागिरप्रति सन्तुष्ट पाइँदैनन्। समान स्केलको तलब खाने भए पनि निजामती कर्मचारीको सामाजिक/आर्थिक हैसियत र मर्यादा आफ्नोभन्दा धेरै उच्च रहेको देख्ने शिक्षकहरू हीनताबोधबाट ग्रसित पाइन्छन्। आर्थिक/सामाजिक हैसियतमा रहेको असमानताकै कारण लामो समय शिक्षण पेशा गरेर बढुवा भएका शिक्षकहरू पनि आफ्नो उन्नतिबाट सन्तुष्ट र उत्साहित पाइँदैनन्। बालाजु, काठमाडौंको तरुण माविका प्रअ उदय श्रेष्ठ (मावि प्रथम श्रेणी) को पदीय हैसियत निजामती सेवाको उपसचिवसरह छ। सरकारको उपसचिव र उनले पाउने तलब स्केलमा पनि कुनै भिन्नता छैन। तर उनी आफूलाई उपसचिव होइन सरकारी अड्डाका नासुसँग तुलना गर्दै भन्छन्, "प्रथम श्रेणीको हेडमास्टर र एउटा सुब्बाबीच तुलना गर्दा

हामी कहाँ छौं र हाम्रो अवस्था के छ भन्ने कुरा स्वतः स्पष्ट हुन्छ। कतिपय ठाउँमा त हेडमास्टरलाई साइकल त के बस्ने कुर्सी र कार्यालय समेत उपलब्ध छैन।"

निजामती सेवामा प्रवेश गरेको कुनै पनि तहको कर्मचारीको १५/२० वर्ष सेवा गर्दा कम्तीमा एक तह स्वतः बढुवा पाउँछ। २०६४ सालमा निजामती सेवा ऐनमा गरिएको संशोधनले लामो समय काम गरेका निजामती कर्मचारीको बढुवालाई झन् सहज तुल्याएको छ। ऐनको दफा २४ को (घ) १ मा १० वर्ष सेवा गरेको राजपत्र अनङ्कित द्वितीय श्रेणी, १२ वर्ष सेवा गरेको राजपत्र अनङ्कित प्रथम श्रेणी, १५ वर्ष सेवा गरेको राजपत्राङ्कित तृतीय श्रेणी र १८ वर्ष सेवा गरेको राजपत्राङ्कित द्वितीय श्रेणीलाई स्वतः एक तह बढुवा गर्ने व्यवस्था गरिएको छ। यीमध्ये कुनै पनि पदमा रहेको कर्मचारीको एक तह माथिको शैक्षिक योग्यता भएकालाई यो अवधि अरु कम गरिएको छ।

शिक्षण पेशा र निजामती सेवा आपसमा तुलनायोग्य हुन् कि होइनन् र हाम्रा शिक्षकहरूले आफूलाई खरिदार, सुब्बासँग दाँजेर हीनभावना राख्नु कति तर्कसङ्गत कुरा हो भन्ने पक्षमा आजसम्म खुला बहस भएको पाइएको छैन। शिक्षकका प्रतिनिधि संस्थाहरूले पनि सुविधाका दृष्टिले शिक्षकलाई निजामती कर्मचारीसरह तुल्याउनमै जोड दिने गरेको पाइन्छ। शिक्षकहरूको चर्को दबाबपछि सरकारले शिक्षण सेवामा पनि निजामती सेवासरह समयबद्ध पदोन्नति (अर्थात् निश्चित वर्षपछि स्वतः बढुवा) प्रणाली लागू गर्ने स्वीकार गरिसकेको छ। सरकार र आन्दोलनरत शिक्षकका प्रतिनिधि संस्थाहरूबीच ११ कात्तिक २०६६ मा भएको सहमति अनुसार २०६६ माघभित्र शिक्षक सेवा आयोगको नियमावली संशोधन गरी चालू आर्थिक वर्षबाटै शिक्षकहरूको समयबद्ध पदोन्नतिको व्यवस्था लागू हुनुपर्ने थियो। तर, अहिलेसम्म आयोगको नियमावली संशोधन हुनसकेको छैन। तथापि शिक्षकहरू सो सहमति लागू हुनेमा अझै आशावादी देखिन्छन्। शिक्षक-सरकार सहमतिमा हस्ताक्षर गर्नेमध्येका एक युनियनका अध्यक्ष कृष्णप्रसाद ढकाल भन्छन्, "सरकारले तत्कालै लागू गर्न सकिने प्रतिबद्धता जनाएको हुनाले लागू होला भन्ने छ, लागू भएन भने सरकार बेइमान ठहर्छ।"

**लामो समय शिक्षण पेशा रहेर पनि बढुवामा नपरेका जनता उमावि, चन्दनपुर, सिन्धुलीका केही शिक्षक।**

शिक्षा मन्त्रालय र शिक्षा विभागसँग नेपालमा कुन श्रेणीका कति शिक्षक छन् भन्ने तथ्याङ्क छैन। शिक्षा विभागको कार्यक्रम तथा बजेट शाखा तथा विद्यालय व्यवस्थापन शाखाका अधिकारीहरूले आफूसँग त्यस्तो तथ्याङ्क नभएको तर जिशिकाले सम्बन्धित जिल्लाका शिक्षकहरूको श्रेणीगत सङ्ख्या र विवरण राख्ने गरेको जवाफ दिएका छन्। शिक्षकको व्यक्तिगत विवरण अद्यावधिक गर्नका निम्ति खडा गरिएको शिक्षक किताबखानासँग पनि शिक्षकहरूको श्रेणीगत विवरण छैन। किताबखानाका उपसचिव मधुसूदन अधिकारीले आफूहरूले शिक्षकहरूको श्रेणीगत सङ्ख्याको सट्टा तहगत सङ्ख्या दैनिक रूपमा अद्यावधिक गर्ने गरेको जानकारी दिए। १४ चैत २०६६ सम्ममा किताबखानाले अद्यावधिक गरेको विवरण अनुसार प्राविको जम्मा ७८ हजार ९३१ दरबन्दीमा ४३ हजार ९५१ स्थायी शिक्षक छन् भने निमाविको १६ हजार २०४ दरबन्दीमा १४ हजार १९८ स्थायी शिक्षक छन्। त्यसैगरी माविको १२ हजार ७१८ दरबन्दीमा जम्मा ३२ हजार ५३८ स्थायी शिक्षक कार्यरत रहेको पाइन्छ। स्थायी शिक्षकमध्ये दैनिक औसत १० जना शिक्षकले अवकाश लिने गरेका कारण उक्त आँकडा फेरबदल भइरहने शिक्षक किताबखानाले जनाएको छ।

शिक्षक आयोगले २०५९ देखि अहिलेसम्म तीन पटक शिक्षक बढुवाको विज्ञापन खोलेको छ।




तस्बिरहरू: बाबुराम विश्वकर्मा

**यदि कुनै शिक्षकले कक्षाकोठामा कस्तो व्यवहार गर्छ, पाठयोजना तयार पार्छ कि पार्दैन, बुझ्ने गरी पढाउन सक्छ कि सक्दैन भन्ने जस्ता कुराको वस्तुगत मूल्याङ्कन गर्न प्रधानाध्यापक र विद्यालय निरीक्षकहरूलाई राजनीतिक कारणले कठिन भएको हो भने, त्यसको जिम्मा सम्बद्ध विद्यार्थी र अभिभावकहरूलाई किन नदिने ?**




**शिक्षकहरूले आफूलाई खरिदार, सुब्बासँग दाँजेर हीनभावना राख्नु कति तर्कसङ्गत कुरा हो भन्ने पक्षमा आजसम्म खुला बहस भएको पाइँदैन। शिक्षकका प्रतिनिधि संस्थाहरूले पनि सुविधाका दृष्टिले शिक्षकलाई निजामती कर्मचारीसरह तुल्याउनमै जोड दिने गरेका छन्।**

अहिलेसम्म आयोगले आन्तरिक प्रतिस्पर्धाबाट ४४६१ र कार्यसम्पादन मूल्याङ्कनका आधारमा १३०९८ जना शिक्षकको बढुवा गरेको छ। आयोगले गरेको शिक्षकहरूको बढुवा र नियुक्तिमा पनि चित्त नबुझेको भन्दै अहिलेसम्म सर्वोच्च अदालतमा १६५ वटा रिट परेका छन्। यसमध्ये ३६ वटाको फैसला भएको छ भने अरूको टुङ्गो लाग्न बाँकी रहेको छ।

### खाँचोः वैज्ञानिक र पारदर्शी मापदण्डको

शिक्षण पेशामा समर्पित शिक्षकलाई जागरुक तुल्याई पेशाप्रति अझ निष्ठावान बनाउन शिक्षक बढुवामा धेरै सुधार आवश्यक देखिएको छ। कक्षाकोठाको पढाइ सुधार्नका निम्ति शिक्षकको नैतिक र पेशागत बल माथि उठ्नुपर्ने कुरामा शिक्षकहरूले भन्दा बढी शिक्षा अधिकारी र शिक्षाका सरोकारवालाले जोड दिने गरेका छन्। दण्ड र पुरस्कार प्रणाली लागू गरेको खण्डमा शिक्षकहरूमा कामप्रतिको लगाव र जागरुकता बढ्ने धेरैको विश्वास रहेको देखिन्छ। तर, पुरस्कारकै एउटा कडीको रूपमा रहेको शिक्षक बढुवा प्रणालीलाई शिक्षकको शैक्षिक योगदानमा भन्दा अरू क्रियाकलापतिर लक्षित गरिएका कारण बढुवाले शिक्षकलाई अपेक्षित मात्रामा उत्साहित तुल्याउन सकेको पाइँदैन। यस निम्ति बढुवाको मौजुदा नीति, बढुवा संयन्त्र र बढुवा गर्ने अख्तियार पाएका अधिकारीको त्रुटि र लापरबाही दोषी देखिन्छन्।

बढुवा प्रणाली सुधार्नका निम्ति बढुवा हुन चाहने शिक्षकको क्रियाकलापलाई विद्यालयको पठनपाठन र छात्रछात्राको शैक्षिक उपलब्धिसँग गाँस्नै पर्छ। बढुवा हुन योग्य शिक्षकले पढाएका छात्रछात्राले हासिल गरेको शैक्षिक उपलब्धिलाई आधार मानेर राम्रा शिक्षकलाई बढुवा गर्ने र खराबलाई बढुवा हुन नदिने नीति लिएमा अहिले जस्तो 'जुनियर' शिक्षक बढुवा हुने 'सिनियर' चाहिँ उही पदमा रहने गुनासो र परिपाटीको अन्त्य हुनसक्छ। शिक्षकहरूले पठनपाठन सुधार्नका निम्ति निर्वाह गरेको भूमिकाका आधारमा बढुवा गर्ने प्रचलन शुरु गर्दा त्यसले शिक्षकको व्यक्तिगत उन्नति मात्र होइन, कक्षाकोठाको पढाइ सुधार्नका निम्ति समेत सहयोग पुऱ्याउँछ। र, त्यसबाट शिक्षक बढुवाको औचित्य पनि पुष्टि हुन्छ।

तर बिडम्बना के देखिन्छ भने, शिक्षकहरूको सङ्गठित शक्तिको दबाबमा परेर शिक्षकहरूलाई निजामती कर्मचारीसरह बढुवालगायत सुविधा दिन मञ्जुर गरे पनि सरकारी पक्षले शिक्षकका सवाललाई गम्भीरतापूर्वक लिने गरेको पाइँदैन। सरकारी पक्षको बेवास्ताकै कारण ऐनमा व्यवस्था भएर पनि शिक्षक-बढुवाको प्रक्रिया नियमित नहुने; बढुवा प्रक्रियामा देखिएका समस्या र विकृतिहरू नसच्याइने, कार्यसम्पादन मूल्याङ्कनका आधारहरू स्पष्ट, पारदर्शी र वैज्ञानिक तुल्याउनुपर्ने खाँचोप्रति सधैं आँखा चिम्लिने, कर्मचारीहरूले लापर्वाही गर्ने र राजनीतिक तथा अन्य तत्वको हस्तक्षेप निम्तिने गरेको पाइन्छ।

कार्यसम्पादन मूल्याङ्कनका आधारहरू स्पष्ट र पारदर्शी तुल्याई त्यस्तो मूल्याङ्कन गर्ने अधिकारीलाई आफ्नो कामप्रति जिम्मेवार तुल्याउने सानो प्रयासले मात्रै पनि शिक्षक-बढुवासम्बन्धी थुप्रै विकृतिको अन्त्य गर्न सक्ने देखिन्छ। यदि कुनै शिक्षकले कक्षाकोठामा कस्तो व्यवहार गर्छ, पाठयोजना तयार पार्छ कि पार्दैन, बुझ्ने गरी पढाउन सक्छ कि सक्दैन भन्ने जस्ता कुराको वस्तुगत मूल्याङ्कन गर्न प्रधानाध्यापक र विद्यालय निरीक्षकहरूलाई राजनीतिक कारणले कठिन भएको हो भने, त्यसको जिम्मा सम्बद्ध विद्यार्थी र अभिभावकहरूलाई किन नदिने? प्रशिक्षकको मूल्याङ्कन प्रशिक्षार्थीहरूले गर्ने प्रचलनलाई वैज्ञानिक मात्र मानिएको छैन, आम प्रचलनमा समेत रहेको छ। १०० पूर्णाङ्कमा २० वा २५ अङ्क मात्रै विद्यार्थीहरूले दिन पाए भने त्यसले बाँकी मूल्याङ्कनकर्तालाई पनि जथाभावी गर्न दिँदैन र जिम्मेवार भएर नम्बर दिन बाध्य तुल्याउँछ। विद्यार्थीलाई लागेको कुरा सही ढङ्गबाट अभिव्यक्त हुनसक्ने गरी प्रश्नावली र मूल्याङ्कन फर्म तयार पार्न सकिन्छ। यो एउटा उदाहरण मात्र हो। विज्ञहरूको सहयोग लिने हो भने शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्नका निम्ति वैज्ञानिक र पारदर्शी मापदण्ड एवं विधिहरू सहजै निर्माण गर्न सकिन्छ।

# शिक्षक बढुवासम्बन्धी कानुनी व्यवस्था

**२७. बढुवाको निमित्त सम्भाव्य उम्मेदवार बन्न सक्ने:**

बढुवाका लागि उम्मेदवार हुन सम्बन्धित श्रेणीको तहमा पाँच शैक्षिक सत्रको नोकरी अवधि पूरा गरेको स्थायी शिक्षक हुनुपर्नेछ।

तर देहायका अवस्थामा देहायको अवधिभर कुनै पनि शिक्षक बढुवाको लागि उम्मेदवार हुन पाउने छैन:

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा गरेकोमा घटुवा भएको मितिले दुई वर्षसम्म,

(घ) तलब वृद्धि (ग्रेड) रोक्का भएकोमा रोक्का भएको मितिले एकवर्षसम्म।

**२८. बढुवाको लागि पद निर्धारण र बढुवाको आधार**

१) प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको प्रथम र द्वितीय श्रेणीको रिक्त पदहरूमध्ये २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षा र ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गरिने छ।

२) आयोगले शिक्षकलाई बढुवाको लागि सिफारिस गर्दा निजको कार्य क्षमताको आधारमा गर्नेछ। शिक्षकको कार्य क्षमताको मूल्याङ्कन गर्दा देहायबमोजिम बढीमा १०० अङ्क दिइने छ:

| | | |
|---|---|---|
| नोकरीको जेष्ठताबापत | - | ३० अङ्क |
| शैक्षिक योग्यताबापत | - | १५ अङ्क |
| तालिमबापत | - | १५ अङ्क |
| कार्यसम्पादन मूल्याङ्कनबापत | - | ४० अङ्क |

३) आयोगको उपनियम (२) बमोजिम मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने शिक्षकलाई सबैभन्दा पहिले बढुवाको लागि सिफारिस गर्नुपर्नेछ। समान अङ्क प्राप्त गर्ने शिक्षकको हकमा नोकरीको जेष्ठताको आधारमा बढुवाको लागि सिफारिस गरिने छ।

**२९. नोकरीको जेष्ठता:**

१) नोकरीको जेष्ठता गणना गर्दा हाल बहाल रहेको श्रेणीको तहमा काम गरेको प्रत्येक शैक्षिक सत्रका लागि अङ्क २ का दरले बढीमा ३० अङ्क प्रदान गरिने छ।

तर,

१) जेष्ठताबापतको अङ्क गणना गर्दा एक शैक्षिक सत्रभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइने छ।

२) यस खण्डको प्रयोजनका लागि स्थायी सेवाबीचमा टुटेको भए त्यस्तो टुटेको अवधि कट्टा गरी बाँकी काम गरेको अवधि समेत गणना गरिने छ। साथै अटुट रूपमा अस्थायी शिक्षक भई काम गरेको भए सो अवधिको पचास प्रतिशत समेत गणना गरिने छ।

तर, तलब नपाउने गरी विद्यालयमा अनुपस्थित रहेको अवधिलाई काम गरेको अवधि मानिने छैन।

**३०. शैक्षिक योग्यता:**

१) शिक्षकलाई शैक्षिक योग्यताबापत अङ्क दिँदा सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणीमा भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइने छ। न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको कुनै एक शैक्षिक उपाधि हासिल गरेको भए सो एक उपाधिको प्रथम श्रेणीको भए ५ अङ्क, द्वितीय श्रेणीको भए ३ अङ्क र तृतीय श्रेणी भए २ अङ्क दिइने छ।

२) श्रेणी नखुलेको शैक्षिक योग्यताबापत द्वितीय श्रेणीसरहको अङ्क दिइने छ।

**३१. तालिम:**

१) तालिमबापत देहायका दरले बढीमा १५ अङ्क दिइने छ:

(क) न्यूनतम शैक्षिक योग्यता पूरा गरी सम्बन्धित तह वा सोभन्दा माथिल्लोस्तरको शिक्षा शिक्षणसँग सम्बन्धित दश महिना वा सोभन्दा बढी अवधिको तालिम प्राप्त गरेको वा प्राथमिक शिक्षकको हकमा ४०० पूर्णाङ्कको शिक्षा विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण गरेकोलाई तालिमबापत प्रथम श्रेणीको भए १५ अङ्क द्वितीय श्रेणीको भए अङ्क र तृतीय श्रेणीको भए १० अङ्क।

(ख) न्यूनतम शैक्षिक योग्यता पूरा गरी सम्बन्धित तह वा सोभन्दा बढी अवधिको तालिम प्राप्त गरेकालाई प्रथम श्रेणीको भए ८ अङ्क, द्वितीय श्रेणीको भए ६ अङ्क र तृतीय श्रेणीको भए ५ अङ्क।

(ग) न्यूनतम शैक्षिक योग्यता पूरा गरी सम्बन्धित अढाई महिना वा सोभन्दा माथिल्लोस्तरको शिक्षा शिक्षणसँग सम्बन्धित अढाई महिना वा सोभन्दा बढी अवधिको तालिम प्राप्त गरेकालाई प्रथम श्रेणीको भए ४ अङ्क, द्वितीय श्रेणीको भए ३ अङ्क र तृतीय श्रेणीको भए २.५ अङ्क।

२) श्रेणी नखुलेको तालिमबापत द्वितीय श्रेणीसरहको अङ्क दिइने छ।

३) शिक्षा विषय लिई प्रमाणपत्र तह, स्नातक तह वा स्नातकोत्तर तह उत्तीर्ण गरेकाहरूलाई न्यूनतम योग्यता र तालिम बापतको अङ्क समेत दिइने छ।

**३२. कार्यसम्पादन मूल्याङ्कन:**

१) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्न अनुसूची (१) बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फारम प्रयोग गरिने छ।

२) माध्यमिक विद्यालयको प्रधानाध्यापकको सुपरीवेक्षक विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारी तथा पुनरावलोकनकर्ता सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशक हुनेछ। निम्नमाध्यमिक विद्यालय र प्राथमिक विद्यालयको प्रधानाध्यापकको सुपरीवेक्षक विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत तथा पुनरावलोकनकर्ता जिल्ला शिक्षा अधिकारी हुनेछ।

२ क) उपनियम (१) बमोजिमका विद्यालयका प्रधानाध्यापकबाहेक अन्य शिक्षकको सुपरीवेक्षक सम्बन्धित प्रधानाध्यापक र विद्यालय निरीक्षक तथा पुनरावलोकनकर्ता जिल्ला शिक्षा अधिकारी हुनेछ।

तर कुनै विद्यालयमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्ने शिक्षकभन्दा एक तह वा श्रेणी माथिको प्रधानाध्यापक नभएमा प्राथमिक र निम्नमाध्यमिक विद्यालयको शिक्षकको सुपरीवेक्षक सम्बन्धित विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत तथा पुनरावलोकनकर्ता जिल्ला शिक्षा अधिकारी र माध्यमिक विद्यालयको शिक्षकको सुपरीवेक्षक सम्बन्धित विद्यालय निरीक्षक र

जिल्ला शिक्षा अधिकारी तथा पुनरावलोकनकर्ता सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशक हुनेछ ।

३) कार्यसम्पादनको मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारमको औसतबाट हिसाब गरिने छ । यो नियमावली प्रारम्भ भएपछि हुने विज्ञापनमा सबै शिक्षकको शैक्षिक सत्र २०५७/५८ को कार्य सम्पादन मूल्याङ्कन गरी अङ्क गणना गर्दा यसै नियमावलीबमोजिम कार्यसम्पादन मूल्याङ्कन अनुसार गरिने छ । बढुवा हुन जतिसुकै वर्षको कार्यसम्पादन मूल्याङ्कन फारम आवश्यकता भए तापनि शैक्षिक सत्र २०५७/०५८ को निमित्त यसै नियमबमोजिम एक अवधिको दोस्रो वर्ष दुई अवधिको, तेस्रो वर्ष तीन अवधिको, चौथो वर्ष चार अवधिको र पाँचौं वर्ष पाँच अवधिको कार्यसम्पादन मूल्याङ्कन फारमको औसत गणना गरिने छ ।

४) यो उपनियम प्रारम्भ हुँदाको बखत कार्यसम्पादन मूल्याङ्कन गराई नसकेको शिक्षकले यो उपनियम प्रारम्भ भएको ६ महिनाभित्र नियमबमोजिम कार्यसम्पादन मूल्याङ्कन गराउन सक्नेछ ।

**३३. बढुवा नामावलीको प्रकाशनः**

आयोगले बढुवाका लागि सिफारिस भएका शिक्षकहरूको नामावली सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ । सो नामावलीमा सबैभन्दा न्यूनतम अङ्क प्राप्त गर्ने शिक्षकले प्राप्त गरेको अङ्कसमेत उल्लेख गर्नुपर्नेछ । त्यसरी बढुवा सिफारिसको नामावली प्रकाशन भएपछि सम्बन्धित कुनै उम्मेदवारले आफूले प्राप्त गरेको अङ्क हेर्न इच्छा गरेमा कार्यसम्पादन मूल्याङ्कन बाहेक अन्य आधारहरूबापत निजले प्राप्त गरेको अङ्क निजलाई हेर्न दिनुपर्नेछ ।

**३४. बढुवा सिफारिसउपरको उजुरी पुनरावलोकनः**

१) नियम ३३ बमोजिम सिफारिस भएको बढुवा नामावलीको सूचीमा नाम समावेश नहुने शिक्षकले सो बढुवा निर्णयउपर उजुरी दिन चाहेमा बढुवा नामावली प्रकाशन भएको मितिले ३५ दिनभित्र आयोगसमक्ष स्पष्ट आधार र प्रमाणहरू उल्लेख गरी उजुरी दिन सक्नेछ ।

२) उपनियम (१) बमोजिम पर्न आएको उजुरीउपर आयोगले उजुरी गर्ने म्याद समाप्त भएको मितिले सामान्यतया नब्बे दिनभित्र पुरावलोकन गरी निर्णय दिनुपर्नेछ ।

३) उपनियम (२) बमोजिम पुनरावलोकन गर्दा पहिले प्रकाशित बढुवा सिफारिसको नामावलीमा संशोधन गर्नुपर्ने देखिए सोको निर्णय गरी आयोगले संशोधित बढुवा सिफारिसको नामावली प्रकाशित गर्नुपर्नेछ ।

**३५. बढुवा मिति र बढुवा नियुक्ति**

१) नियम ३३ बमोजिम बढुवा नामावली प्रकाशित भएपछि बढुवाको उजुरीको प्रयोजनको लागि सो नामावली प्रकाशित भएको मितिबाट पैंतीस दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतीक्षा सूचीमा राखिने छ । सो बढुवा सिफारिसउपर उजुरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले छत्तीसौं दिनको मितिबाट बढुवा हुने श्रेणीको जेष्ठता कायम हुनेगरी नियुक्त दिनुपर्नेछ ।

२) बढुवा सिफारिसउपर उजुरी परेमा देहायबमोजिम जेष्ठता मिति कायम गरी नियुक्ति दिनुपर्नेछ ।

(क) नियम ३४ को उपनियम (३) बमोजिम बढुवा सिफारिसको नामावलीमा संशोधन गर्ने निर्णय भएमा सोबमोजिम संशोधित नामावली प्रकाशन भएको मितिदेखि,

ख) उजुरी खारेज भएमा वा आयोगको पहिलेको सिफारिस नै कायम भएमा पहिलो पटकको बढुवा सिफारिस प्रकाशित भएको मितिले छत्तीसौं दिनदेखि ।

**३६. आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवाको लागि आधारः**

नियम २८ बमोजिम छुट्याइएको प्रतिशतअनुरुप आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाद्वारा पूर्ति गर्नुपर्नेछ । सो विज्ञापनमा बढुवा हुने पदको सङ्ख्या, आवश्यक शैक्षिक योग्यता एवं सेवा अवधि, दरखास्त बुझाउने ठाउँ तथा अन्तिम मिति, जाँच हुने ठाउँ र आवश्यक अन्य विवरणसमेत उल्लेख गरेको हुनुपर्नेछ ।

**३७. आन्तरिक पाठ्यक्रम तथा बढुवा सिफारिससम्बन्धी अन्य व्यवस्थाः**

आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम आयोगले तोकेबमोजिम हुनेछ ।

(क) लिखित परीक्षा (ख) अन्तर्वार्ता

**३८. परीक्षाको पाठ्यक्रम तथा बढुवा सिफारिससम्बन्धी अन्य व्यवस्थाः**

१) आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम आयोगले तोकेबमोजिम हुनेछ ।

२) शिक्षकलाई आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गर्दा लिइने लिखित परीक्षा र अन्तर्वार्ताको अङ्क विभाजन तथा अन्य व्यवस्था खुल्ला प्रतियोगितात्मक परीक्षासरह हुनेछ । त्यसरी अन्तर्वार्ताको अङ्क विभाजन गर्दा शिक्षकलाई अनुभवबापत प्रत्येक वर्षको एक अङ्कका दरले बढीमा दश अङ्क दिइनेछ ।

**३९. बढुवासम्बन्धी विशेष व्यवस्थाः**

१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि तहको श्रेणीमा शिक्षक पदमा स्थायी नियुक्ति भई सोही तहको श्रेणीबाट निवृत्तिभरण पाउने गरी अनिवार्य अवकाश पाउने शिक्षकलाई एक महिनाअगावै सोही तहको माथिल्लो श्रेणीमा बढुवा गर्नको लागि आयोगले सिफारिस गर्नेछ ।

२) उपनियम (१) बमोजिम अवकाश पाउने शिक्षकले आफूले अवकाश पाउने मितिभन्दा ६ महिनाअगावै आवश्यक कागजात संलग्न गरी सम्बन्धित जिल्ला कार्यालयमा निवेदन दिइनुपर्नेछ ।

२ क) उपनियम (२) बमोजिम प्राप्त भएको निवेदनसहितको कागज छानबिन गर्दा निवेदन दिने शिक्षकलाई बढुवा गर्न मिल्दो देखिएमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो शिक्षकलाई अवकाश हुनुभन्दा ९० दिनअगावै आयोगमा सो निवेदन पठाउनुपर्नेछ ।

२ ख) उपनियम (२क) बमोजिम प्राप्त भएको निवेदनसहितको कागजात छानबिन गर्दा निवेदन दिने शिक्षकलाई बढुवा गर्न उपयुक्त देखिएमा आयोगले त्यस्तो शिक्षकलाई उपनियम (१) बमोजिम बढुवा गर्न सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्नुपर्नेछ ।

२ ग) उपनियम (२ख) बमोजिम आयोगबाट सिफारिस भई आएमा जिल्ला शिक्षा अधिकारीले निवेदन दिने शिक्षकलाई अवकाश हुनुभन्दा एक महिनाअघि सोही तहको एक तहमाथिको श्रेणीमा बढुवा गर्नुपर्नेछ ।

३ उपनियम (१) बमोजिम बढुवा गर्दा स्वतः विशेष पद सिर्जना भएको मानिने छ र त्यस्तो शिक्षकले सेवाबाट अवकाश पाएपछि सो बढुवा भएको पद स्वतः खारेज भई साविक पद कायम रहने छ ।

## आवरण टिप्पणी

लवप्रसाद त्रिपाठी



# मूल्याङ्कन प्रणाली नै प्रभावकारी छैन

गुणात्मक शिक्षाको विकासका लागि शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ । शिक्षकले कक्षामा गर्ने क्रियाकलापले विद्यार्थीको सिकाइ उपलब्धिमा असर पार्छ । त्यसैले शिक्षक बढुवा प्रणालीको उद्देश्य शिक्षकको शिक्षण क्रियाकलापसँग जोडिएको छ । बढुवाले शिक्षकको मान-मर्यादा र सामाजिक प्रतिष्ठामा पनि ठूलो असर पार्ने ठानिन्छ । बढुवाबाट उत्साहित शिक्षक विद्यालयको विकास र गुणात्मक शिक्षणमा अभिप्रेरित हुन्छन् भन्ने विश्वास हो । तर, नेपालमा लागू गरिएको शिक्षक बढुवा प्रणालीले यस्ता उद्देश्य हासिल हुनसकेका छैनन् ।

शिक्षक बढुवा निजामती कर्मचारीहरूको झैँ फाइल बढुवा र खुला प्रतियोगिताबाट गर्ने गरिएको छ । फाइल बढुवामा निजामतीसरह नै शिक्षकको अनुभव, माथिल्लो योग्यता (पदमा राखिएको न्यूनतम योग्यताभन्दा एक तह माथिको योग्यता), कार्य सम्पादन मूल्याङ्कन आदि मापदण्ड निर्धारण गरिएको छ । निजामती कर्मचारीको काम, कर्तव्य, अधिकारभन्दा शिक्षण पेशामा लाग्नेहरूको काम, कर्तव्य र पेशागत दायित्व नितान्त भिन्न हुन्छ । त्यसैले शिक्षकको कामको प्रकृति अनुसार बढुवाका मापदण्ड फरक हुनु जरुरी हुन्छ; जुन अहिले छैन । शिक्षकको कार्य सम्पादन मूल्याङ्कन शिक्षकले पढाएको विषयमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि र विद्यालयमा गरेको कार्य उपलब्धिका आधारमा गरिनु आवश्यक छ ।

> **राजनीतिक आस्थाका कारण पनि शिक्षक बढुवामा ठूलो असर परेको छ । प्रधानाध्यापकले आफ्नो राजनीतिक आस्थाको आधारमा बढुवाका प्रत्यासी शिक्षकलाई कार्य सम्पादन मूल्याङ्कनबापत अङ्क दिने गरेको देखिन्छ ।**

शिक्षक बढुवामा विभिन्न विकृतिहरू देखिएका छन् । आफूले पढाएर शिक्षक बनेका र १० वर्ष मात्र अनुभव भएका चेलाको बढुवा हुने तर आफू भने २०-२५ वर्षको अनुभव हुँदा पनि बढुवा नहुने समस्या धेरै शिक्षकले भोगेका उदाहरण छन् । यस्तो विकृति देखिनुमा मूल्याङ्कनकर्ताको लापरबाही, नियमित मूल्याङ्कन गरी अभिलेख नगर्ने परिपाटी, जिल्ला शिक्षा अधिकारी र विद्यालय निरीक्षकको चाँडो-चाँडो सरुवा आदि मुख्य कारक हुन् ।

राजनीतिक आस्थाका कारण पनि शिक्षक बढुवामा ठूलो असर परेको छ । प्रधानाध्यापकले आफ्नो राजनीतिक आस्थाको आधारमा बढुवाका प्रत्यासी शिक्षकलाई कार्य सम्पादन मूल्याङ्कन बापत अङ्क दिने गरेको देखिन्छ । यसका अलावा मूल्याङ्कन गर्ने विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीको राजनीतिक आस्थाले पनि शिक्षकको कार्य सम्पादन मूल्याङ्कनमा असर पारेको छ । यस्तो असरबाट मुक्त हुन बढुवाका निम्ति प्रभावकारी मापदण्डको खोजी गरी कार्यान्वयन गर्नु जरुरी छ ।

कार्यसम्पादन मूल्याङ्कनमा बढी अङ्क पाउन आफ्नो कक्षा शिक्षण र सिकाइ उपलब्धि वृद्धि गर्नुभन्दा केही शिक्षक मित्रहरूले पहुँचवालालाई रिझाउन बढी मेहनत र शक्ति खर्च गरेका पनि भेटिन्छ । शिक्षण पेशालाई अति उच्च राख्न र पेशागत हकहितको लागि खुलेको नेपाल शिक्षक युनियनले पनि सबै शिक्षक वर्गलाई एउटै छातामा राख्न सकिरहेको छैन । यसले गर्दा शिक्षक साथीहरू राजनीतिमा हावी हुन बाध्य भएका छन् । जसको फलस्वरुप बढुवामा भेदभाव भइरहेको छ, बढुवा पाउनुपर्नेले पाएका छैनन् नपाउनुपर्नेले पाएका छन् ।

शिक्षक युनियन, विज्ञहरू तथा नेपाल सरकारबीचको अन्तर क्रियाबाट हालको परिपाटीलाई परिमार्जन गरी शिक्षक बढुवा प्रक्रियालाई सुधार गर्न सकिन्छ । शिक्षकलाई अध्ययनशील बनाई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न कार्य सम्पादन मूल्याङ्कनका लागि पनि लिखित परीक्षाको व्यवस्था गर्नु एउटा विकल्प हुन सक्छ । बढुवाका निम्ति लिइने परीक्षाले शिक्षकलाई नियमित अध्ययन गर्ने बानी बसाल्छ । जसबाट विद्यार्थीको सिकाइ उपलब्धिमा पनि वृद्धि हुन्छ ।

शिक्षक तालिम लिएका शिक्षकले बढुवामा अलि बढी अङ्क पाउने व्यवस्था छ । तर, तालिम प्राप्त शिक्षकले कक्षा शिक्षणका क्रममा तालिममा हासिल गरेको सीपको खासै प्रयोग गरेको पाइँदैन । तालिमको प्रयोजन बढुवाको लागि अङ्क पाउनेमा सीमित भएको छ भने शिक्षक तालिम रमाइलो गर्ने माध्यम बनेको छ । तालिमप्राप्त शिक्षकबाट शिक्षण सिकाइमा वृद्धि भई यसको उपलब्धिले शिक्षकको बढुवा पनि होस् भन्ने उद्देश्य हो तर यस्तो भइरहेको छैन । त्यसकारण तालिमबाट प्राप्त सीपलाई कक्षा शिक्षणमा प्रयोग गराई सिकाइ उपलब्धिमा वृद्धि गर्न र सिकाइ उपलब्धि वृद्धि गर्ने शिक्षकले बढुवाको लागि राम्रो अङ्क पाउने व्यवस्था गरिनु उचित हुन्छ । यसनिम्ति विद्यालयका प्रअ र स्रोतव्यक्तिले शिक्षण अनुगमन गर्नुपर्छ । प्रअले प्रत्येक महिना बढुवा हुन चाहने शिक्षकलाई कक्षा शिक्षणको बारेमा एउटा लेख लेख्न लगाई त्यसका आधारमा अङ्क दिने व्यवस्था पनि कार्यसम्पादन मूल्याङ्कनको मापदण्डमा थप्न सकिन्छ ।

कुनै पनि शिक्षकको बढुवा हुनु भनेको उसको व्यावसायिक शिक्षण सीप अभिवृद्धि भएको मानिनुपर्ने हो । तर, यस्तो व्यावसायिक शिक्षण सीपको विकास गर्ने प्रयत्न कसरी गर्ने र कसले गर्ने भन्ने प्रश्नको जवाफ छैन । सामान्यत: शिक्षकको शिक्षण सीपको विकास गर्ने कार्य सम्बन्धित प्रअ र स्रोतव्यक्तिको हो भने प्रधानाध्यापकको क्षमता वृद्धि गर्ने कार्य विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीको हो । तर, सार्वजनिक विद्यालयका प्रअले ५-१० वर्षमा कति सक्षम प्रअ उत्पादन गरेका होलान् ? यो प्रश्नको जवाफ हेडमास्टरबाट फेला नपरुन्जेल स्कूल सुधारको अभियान फलदायी हुन सक्दैन । र हेडमास्टर सक्षम नभई शिक्षकहरूको कामको वस्तुगत मूल्याङ्कन पनि हुनसक्दैन ।

**(त्रिपाठी शिक्षा मन्त्रालयका पूर्व सहसचिव हुन् ।)**

ओशो



नयाँ पाठकहरूको निम्ति *शिक्षक* को पहिलो अंक, २०६४ माघमा प्रकाशित एउटा सामग्री

# विनम्र शिक्षकले मात्र सिकाउन सक्छ



**हामी भन्थ्यौं– सिक्नका लागि विनम्र हुनुपर्छ । अब यो सूत्र नै बदल्नुपर्छ । अब त, जो विनम्र छ उसले मात्र सिकाउन सक्दछ । वास्तवमा विनम्र नभइकन कसैले पनि सिकाउन सक्दैन । जुन दिन सिकाउने व्यक्ति विनम्र हुनेछ, त्यसै दिनदेखि सिक्ने व्यक्ति विनम्र हुनेछ ।**

आधुनिक शिक्षक कस्तो हुनुपर्छ ? प्रश्न महत्त्वपूर्ण छ, तर यसको उत्तर दिन भने सजिलो छैन । किनभने आजभन्दा अगाडि संसारमा शिक्षक छँदै थिएनन् । शिक्षकको उपस्थिति नै आधुनिक कुरा हो । शिक्षकको काम व्यवसाय भएको नै आधुनिक सभ्यतामा हो । पहिला पनि गुरुहरू थिए, तर तिनीहरू आधुनिक शिक्षकहरूभन्दा निकै भिन्न थिए । शिक्षण उनीहरूको पेशा थिएन, उनीहरूको आनन्द थियो । अहिलेको संसारमा शिक्षण व्यवसाय बनेको छ । त्यसको परिणाम के भएको छ भने शिक्षण संस्थाहरू फ्याक्ट्री र कारखानाहरू जस्ता भएका छन् ।

सबै ठाउँका शिक्षकहरूको एउटा साझा समस्या छ: विद्यार्थीहरू उनीहरूलाई आदर गरिरहेका छैनन् । भनिन्छ: पहिले यस्तो थिएन । तर वास्तवमा पहिला जसले आदर प्राप्त गरेको थियो, ऊ शिक्षक थिएन गुरु थियो । शिक्षक निकै नै भिन्न कुरा हो । शिक्षकलाई आदर प्राप्त हुन सक्दैन । उसले आदर पाउने आकाङ्क्षा नै छोडिदिनु पर्छ, होइन भने गुरु हुने हिम्मत जुटाउनु पर्छ । गुरुलाई आदर गर्नुपर्छ भन्ने कुरा पनि होइन । कुरा उल्टो छ । जसलाई आदर नगरिकन धरै छैन, जसले हाम्रो आदरलाई तानेरै लिन्छ, त्यसलाई नै हामी गुरु भन्दछौं । तर शिक्षकको कुरा बेग्लै हो । शिक्षकले काम नै अलिकति बेग्लै गरिरहेको छ ।

गुरु त्यो हो, जसले कसैको आत्मालाई ब्यूँझाउन सक्छ, कसैको व्यक्तित्वलाई गरिमा प्रदान गर्न सक्छ, उसभित्रको नफूलेको फूल फुलाई दिनसक्छ । शिक्षक भने सूचना र जानकारी बाँड्ने वाहनको काम गर्छ र विदा हुन्छ । पुराना पिँढीहरूले आर्जन गरेको ज्ञानलाई नयाँ पिँढीसम्म जोड्ने काम मात्र गर्छ । ऊ माध्यम मात्र हो ।

जिससको मृत्युपछि लगभग साढे अठार सय वर्षमा मनुष्य जातिको ज्ञान जति बढेको थियो, त्यति नै ज्ञान गएको डेढसय वर्षमा बढेको छ र गएको डेढसय वर्षमा जति ज्ञान बढेको थियो, त्यति नै ज्ञान पछिल्लो पन्ध्र वर्षमा बढेको छ । जति ज्ञान बढ्नलाई साढे अठार सय वर्ष लाग्दथ्यो, त्यति ज्ञान अहिले पन्ध्र वर्षमा बढिरहेको छ । यसको एउटा धेरै गहिरो परिणाम हुनु स्वाभाविक छ । आजभन्दा दुई सय वर्ष पहिले बाउ सधैं छोराभन्दा बढी जान्दथ्यो, गुरु सधैं चेलाभन्दा बढी जान्दथ्यो, आज त्यसो हुनु जरूरी छैन । सम्भावनाहरू आज बिल्कुल बदलिएका छन्, किनभने बीस वर्षमा एउटा पुस्ता फेरिन्छ, बीस वर्षमा नयाँ ज्ञानको ठूलो विष्फोट हुन्छ र बीस वर्ष पहिले शिक्षित भएको व्यक्ति अहिले आफ्नो विद्यार्थीभन्दा पनि पछाडि पर्छ ।

पहिला सारा ज्ञान अनुभवबाट मात्र उपलब्ध हुन्थ्यो । ज्ञान स्थिर हुन्थ्यो, हजारौं वर्षसम्म त्यसमा कुनै परिवर्तन हुँदैनथ्यो । यसैले शिक्षकलाई ढुक्क थियो । पछिल्लो सय

# चिन्तन

**अब परिस्थिति फेरिएको छ र शिक्षकले विनयी हुनुपर्ने भएको छ । सारा विद्यार्थी शिक्षकको अविनयी प्रवृत्तिको विरूद्धमा छन् । अब शिक्षण संस्थाको केन्द्र शिक्षक हैन, विद्यार्थी हुनेछन् ।**

वर्षमा सबै कुरा अस्तव्यस्त भएको छ । आज एउटा शिक्षक 'म जे भनिरहेको छु, ठीक भनिरहेको छु' भनेर आत्मविश्वासपूर्वक भन्न सक्दैन । किनभने पन्ध्र वर्ष पहिला ऊ विश्वविद्यालयबाट पास भएर आएका बेला उसलाई ज्ञानी सम्झिइन्थ्यो । पन्ध्र वर्षमा उसका सबै ज्ञानहरू पुराना भएका छन् । तीमध्ये कति त अब ज्ञान नै रहेनन् । आज शिक्षक र विद्यार्थीबीच अक्सर एक घण्टाको मात्रै दूरी हुने गर्छ । शिक्षक एक घण्टा पहिले तयारी गरेर आउँछ, एक घण्टापछि विद्यार्थीहरू पनि त्यति नै कुरा जान्दछन् । उनीहरूबीचको दूरी साह्रै थोरै हुन्छ र उसलाई धेरै आदरणीय मान्न सकिदैन । आदर दूरीबाट पैदा हुन्छ । कोही शिखरमा उभिएको छ र हामी भुइँमा उभिएको छौं भने सम्मान पैदा हुन्छ । तर अचेल अलिकति अगाडि कोही उभिएको छ भने एकैछिनमा हामी पनि त्यहीं पुग्छौं ।

पहिला हमेसा बाउ छोरोभन्दा ज्ञानी हुन्थ्यो, किनभने ज्ञान अनुभवबाट मात्रै मिल्दथ्यो । एउटा मान्छे असी वर्ष बाँचेको थियो भने उसँग ज्ञान हुन्थ्यो । तर आज हालत धेरै फेरिइसकेको छ । आज उमेरसँग ज्ञानको कुनै सम्बन्ध रहेको छैन । बाउभन्दा बढी छोरो जानकार हुने सम्भावना धेरै बढी छ । किनभने बाउको जान्ने क्रम कहीं रोकिएको होला र छोरो अहिले पनि जानिरहेको छ । र, बाउले जे जानेको थियो ती सब ज्ञानहरू बद्लिइसकेका छन् । फलत: बाउका खुट्टा पनि कामेका छन् र शिक्षकका खुट्टा पनि कामेका छन् । आज कसैले पनि पहिला जन्मिएको कारण अरूमाथि आफ्नो कुरा थोपर्न सक्दैन । यसैले आधुनिक शिक्षकलाई धेरै विनम्र हुनुपर्ने बाध्यता छ । पहिला विनम्र शिक्षकले हुनुपर्दैनथ्यो विद्यार्थीले मात्र विनम्र हुनुपर्थ्यो । शिक्षक अविनम्र नै थियो, निकै जर्कट्टे थियो । ठूलो अहङ्कारले भरिएको थियो ।

अब परिस्थिति फेरिएको छ र शिक्षकले विनयी हुनुपर्ने भएको छ । सारा संसारका विद्यार्थीहरू शिक्षकको अविनयी प्रवृत्तिको विरूद्धमा छन् । अबका विद्यार्थीहरूको भनाइ छ, अब शिक्षक शिक्षण संस्थानको केन्द्र बनेर रहँदैन, त्यहाँको केन्द्र त अब विद्यार्थी हुनेछन् ।

हिजोसम्म शिक्षक केन्द्र थियो । विद्यार्थी उसको परिधिभित्र थियो, अब स्थिति एकदम बद्लिएको छ । विद्यार्थी केन्द्र हुनेछ, शिक्षक परिधिमा हुनेछ । यदि ऊ पुरानै बानी लिएर हिँड्छ भने शिक्षक र विद्यार्थी बीचको खाडल ठूलो हुँदै जान्छ । त्यो खाडललाई सानो बनाउनु पहिलो आवश्यकता हो । यसका लागि शिक्षकहरूले आदरको विचार छोडेर प्रेमको विचारतिर आउनुपर्छ । मेरो मान्यता छ, आदरभन्दा प्रेम बढी मूल्यवान् छ । किनभने प्रेममा आदर त समाविष्ट छ, तर आदरमा जरूरी रूपले प्रेम समाविष्ट हुँदैन । प्रेम साह्रै ठूलो कुरा हो, आदर त्यति ठूलो कुरा होइन । जसलाई हामीले आदर गर्नुपर्ने हुन्छ, त्यसलाई हामी घृणा नै गर्छौं । तर जसलाई हामी प्रेम गर्छौं, उसलाई हामी गहिरो गरी आदर पनि गर्न थाल्छौं । आदर मागिन्छ भने त्यो अपमानजनक हुन जान्छ । र, आदर थोपरिन्छ भने त्यसले भित्र निषेध र विद्रोह पैदा गर्छ । माथिबाट आज्ञा खन्याइन्छ भने त्यसले आफैंलाई तोड्ने निमन्त्रणा दिन्छ ।

त्यसैले अब शिक्षकले आफ्नो सम्पूर्ण व्यक्तित्वको छविलाई नै फेर्नु जरूरी भइसकेको छ । नत्र शिक्षक र विद्यार्थी दुई वर्ग बन्नेछन् । मजदुर र पूंजीपतिबीच जस्तो तिनको बीचमा पनि सङ्घर्ष हुनेछ । यस विषयमा शिक्षकसँग कुरा हुँदा उनीहरू कडाइका साथ केही थप व्यवस्था गर्नु पर्‍यो भन्छन् । शिक्षकको हातमा दण्ड दिने शक्ति बढी हुनुपर्दछ र मात्र हामी अनुशासन राख्न र आदर बचाउन सक्छौं भन्ने उनीहरूको भनाइ हुन्छ । तर जति शक्ति दिइनेछ, त्यति नै विपरीत शक्ति त्यसलाई छिनाल्नका लागि उभिनेछ । किनभने नयाँ स्थितिमा शिक्षकको स्थान पूरै बद्लिएको छ । ऊ अब केन्द्रमा छैन । केन्द्रमा अब विद्यार्थी छ । बाउ केन्द्रमा हुनुहुँदैन, छोरो नै केन्द्र हुनुपर्दछ । किनभने छोरो भविष्य हो र बाउ अतीत । बाउ गइसकेको छ, छोरो आइरहेको छ । जो आइरहेको छ, उही केन्द्रमा हुनुपर्दछ, जो गइरहेको छ, ऊ होइन जो तैरिरहेको छ, उही केन्द्रमा हुनुपर्दछ, जो डुबिरहेको छ ऊ होइन ।

नयाँ शिक्षकको काम अब बढीभन्दा बढी भयो भने दाजुको जस्तो हुन्छ, पिताको जस्तो होइन । नयाँ शिक्षक ठीक अर्थमा मित्र हुन्छ, गुरु होइन । उसले मित्रताको कुनै धारणा विकसित गर्नुपर्नेछ । उसले आज्ञा दिने व्यक्तिको अनुहार त्याग्नु पर्दछ । उसले आज्ञा दिने छैन, कडाई गर्ने छैन, ज्यादाभन्दा ज्यादा सम्झाउनेछ, बुझाउनेछ, राजी तुल्याउनेछ । राजी भयो भने ठीक छ, राजी भएन भने पनि ऊ रिसाउने छैन । यसैले आजको शिक्षकको अगाडि जुन ठूल्ठूला प्रश्नहरू छन्, ती के हुन् भने उसले शिक्षकका पुराना छविहरू छोड्ने र नयाँ छविहरू विकसित गर्ने गर्नुपर्दछ । उसले विनम्र हुनुपर्दछ ।

हामी भन्थ्यौं- सिक्नका लागि विनम्र हुनुपर्छ । अब यो सूत्रलाई नै बदल्नुपर्छ । अब त, जो विनम्र छ उसले मात्र सिकाउन सक्दछ । वास्तवमा विनम्र नभइकन कसैले पनि सिकाउन सक्दैन । मेरो मान्यता छ, जुन दिन सिकाउने व्यक्ति विनम्र हुनेछ, त्यसै दिनदेखि सिक्ने व्यक्ति विनम्र हुनेछ । किनभने सिकाउने व्यक्ति नै विनम्र भएन भने सिक्ने व्यक्ति कसरी विनम्र हुनसक्छ ? सिकाउने व्यक्ति अहिलेसम्म धेरै अविनम्र थियो । पुरानो शिक्षकलाई सम्झियौं भने भने ऊ कति धेरै नै अहङ्कारले भरिएको थियो भन्ने थाहा पाउँछौं । ऊ निहुँराउँथ्यो, ढोगाउँथ्यो र सबैतिरबाट नयाँ पुस्तालाई झुकाउने काम गर्थ्यो ।

तर अब यो सम्भव छैन र उचित पनि छैन । त्यो व्यवहारले मानिसलाई विकसित हुन दिँदैनथ्यो । हामीलाई कसैबाट अन्धश्रद्धा चाहिएको छ भने पहिले हामीले उसभित्रको विचारको हत्या गर्नुपर्दछ । जो विचार गर्नसक्छ, त्यसले अन्धश्रद्धा दिन सक्दैन । त्यसैले पुरानो शिक्षा अन्धविश्वास र अन्धश्रद्धामाथि निर्भर छ । त्यसबेला विचार गर्ने प्रेरणा दिइन्नथ्यो, विचारलाई रोक्ने चेष्टा गरिन्थ्यो ।

ध्यान रहोस्, विचार विद्रोही हुन्छ । विचारको अर्थ नै विद्रोह हो, किनभने विचार हमेशा इन्कार गर्नुबाट शुरु हुन्छ । जसले

'नाइँ' भन्दैन ऊ विचार पनि गर्न सक्दैन । यदि म 'हो' भन्छु भने विचारका लागि कुनै ठाउँ रहँदैन । जब म 'होइन' भन्छु, तब तर्क गर्नुपर्ने हुन्छ, सोच्नुपर्ने हुन्छ, प्रमाण दिनुपर्ने हुन्छ । 'हो' भन्न सजिलो छ । न सोच्नुपर्छ, न तर्क दिनुपर्छ न प्रमाण पुऱ्याउनु पर्छ ।

पुराना सबै व्यवस्थाहरूले 'हो' भन्न सिकाउँथे । त्यसबाट एउटा फाइदा के थियो भने यी 'हो' भन्नेहरूका कारण समाजको विद्यमान व्यवस्था कहिल्यै बदलिँदैनथ्यो । तर ठूलो नोक्सान के थियो भने समाज विकसित हुँदैनथ्यो । यो संसारमा जति विकास भएको छ, त्यो 'होइन' भन्नेहरूकै कारणले भएको हो । जसले कुनै गहिरो धरातलमा गएर इन्कार गरेको छ, ऊ विकासको कारण बनेको छ । चाहे त्यो कुनै पनि विधा होस्, चाहे गणित, चाहे दर्शन, धर्म र विज्ञानकै क्षेत्रमा होस्, इन्कार गर्नेहरू नै विकासको आधार बनेका छन् । जसले 'हो' भनेका छन्, उनीहरू पुरानो घेरामा बाँचिरहेका छन् ।



पुरानो व्यवस्था एउटा निकास नभएको दहजस्तो थियो । नबग्ने पानी, त्यहीँ जम्थ्यो, कुहिन्थ्यो । घाममा वाफिन्थ्यो र गन्हाउँथ्यो । नयाँ मनुष्यले त्यस तलाउका किनाराहरू भत्काइदिएको छ र त्यसले नदीको रुप लिएको छ । यो राम्रो कुरा हो । तर नदीबाट हामीले तलाउको अपेक्षा गर्न सक्दैनौं । तलाउ बन्द भएर एकै ठाउँमा बाँच्दथ्यो, नदी दिनहुँ किनारा बद्लिरहन्छ । दिनहुँ किनारा बद्लिन्छ र पानी बगेर जान्छ । गङ्गा हिजो जहाँ थियो, आज त्यहाँ छैन । भोलि कहाँ हुनेछ, त्यसको हामीलाई पत्तो छैन ।

आज पहिलोपटक मनुष्यको चेतना नदी बनेको छ र दिनहुँ अज्ञाततिर दौडिँदै गइरहेछ । शिक्षकको काम थियो- थाहा भएको कुरा बताउनु । अहिलेसम्म तलाउको संसार भएकोले सबै ज्ञात थियो । हजारौं वर्षदेखि त्यही किनारा थियो, उही वृक्षहरू थिए, उही माछाहरू थिए, उही सूर्य थियो । सब बन्द थियो । यसैले शिक्षक ज्ञान दिने काम गर्थ्यो । पुरानो शिक्षकको महत्त्वपूर्ण काम थियो- बच्चाहरूलाई ज्ञान दिनु । नयाँ शिक्षकको महत्त्वपूर्ण काम ज्ञान दिनु मात्र हुने छैन, बरू अज्ञातको बोध गराउनु पनि हुनेछ । किनभने बच्चाहरू भोलि त्यहाँ हुनेछन्, जहाँ हामी कहिले पनि थिएनौं । यदि हामीले उनीहरूलाई अतीतको ज्ञान मात्रै दियौं भने हामीले उनीहरूलाई भविष्यको बालुवामाथि उभिन समर्थ बनाउन सक्नेछैनौं ।

शिक्षकको अगाडि एउटा नयाँ काम आएको छ, उसले अज्ञातको बोध देओस् । उसले हामी के जान्दछौं भन्ने कुरा मात्र नबताओस्, उसले यो पनि भनोस्- हामी जे जति जान्दछौं भोलि त्यो व्यर्थ हुनेछ अनि नयाँ कुरा जान्ने द्वारहरू खुल्नेछन् ।

पुरानो शिक्षक एउटा निश्चयमा थियो । आजको शिक्षक एउटा अनिश्चयमा छ । ऊ निश्चित हुन सक्दैन । यदि निश्चित भयो भने मानिसलाई गति दिन सक्दैन । पुरानो शिक्षक भन्थ्यो- 'म जे भन्छु त्यो ठीक छ र तिम्रो काम त्यसलाई मान्नु हो ।' नयाँ शिक्षकलाई निकै सापेक्षवादी हुनुपर्दछ । उसले भन्नुपर्दछ- म जे भन्दछु सायद त्यो ठीक छ । अहिलेसम्म ठीक छ, भोलि गलत पनि हुनसक्छ ।

के सूचना दिनु नै शिक्षाको काम हो ? त्यसबाट शिक्षा पर्याप्त हुन्छ ? ध्यान रहोस्, सूचना र ज्ञानमा धेरै फरक छ । सूचना त्यो हो, जुन बाहिरबाट प्राप्त हुन्छ र ज्ञान त्यो हो जुन हामीभित्रबाट आउँछ । अब सूचनाका भरमा मात्र काम चल्दैन । युरोप र अमेरिकामा कलेज र कलेजका कक्षाहरू छोडेर हिँडेका लाखौं युवा-युवतीहरू भनिरहेका छन्, 'यदि यस्तै हो भने हामीलाई यसको खाँचो छैन । हामीलाई सूचनाले मात्र पुगेन, ज्ञान चाहियो । अनि उनीहरू ज्ञानको खोजीमा चाहिने नचाहिने, अनेक थरिका प्रयोग गरिरहेका छन् । नाथरिका लागूपदार्थ

**"पहिला जसले आदर प्राप्त गरेको थियो, ऊ शिक्षक थिएन, गुरु थियो । शिक्षक र गुरु भिन्न कुरा हुन् । शिक्षकलाई आदर प्राप्त हुन सक्दैन । उसले या त आदर पाउने आकाङ्क्षा छोड्नुपर्छ या गुरु हुने हिम्मत जुटाउनु पर्छ ।"**

लिइरहेका छन्, समाधि पनि लगाइरहेका छन्, ध्यान पनि गइरहेका छन्, कुनै गुरुको पछि लागिरहेका पनि छन्, उनीहरू अनेक गरिरहेका छन् । उनीहरू भन्छन्- हामी यदि यी सूचनाहरूको सङ्ग्रह हौं भने त यो काम कम्प्युटरले नै गरिदिन्छ, यसको लागि मानिसको के खाँचो ?

शिक्षा बाहिर भएका कुरा मान्छेमा खाँद्नु होइन । टिम्बकटू कहाँ छ, मेडागास्कर कहाँ छ, भन्ने कुरा मानिसको खोपडीमा भर्नुको कुनै ठूलो अर्थ छैन । यो काम कम्प्युटरले नै गर्नसक्छ । मानिसलाई ज्ञान चाहिन्छ । ज्ञानको अर्थ हो- मानिसभित्र जे लुकेको छ, त्यसलाई कसरी हुन्छ पूरै बाहिर प्रकट गर्नु, त्यो कसैगरी प्रकट होस् । मानिसभित्र जुन बीज लुकेको हुन्छ, त्यो फूल बनोस् । सिकाएर मात्र पुग्दैन । बच्चा पाँच वर्षको हुँदादेखि हामी सिकाउन शुरु गर्छौं र पच्चीस वर्षसम्म पनि हामी सिकाइरहन्छौं । र, यदि हामीले विश्वविद्यालयबाट निक्लेको पच्चीस वर्षको व्यक्तिको खोपडीको जाँचबुझ गर्‍यौं भने हामी पाउँछौं- ऊ कुनै बुद्धिमत्ता लिएर आउँदैन, केवल स्मृतिको संग्रह लिएर बाहिर आउँछ । र, यसैले नै अक्सर के हुन्छ भने विश्वविद्यालयले जसलाई स्वर्णपदक दिन्छ, जिन्दगीले उसलाई माटोको पदक पनि दिँदैन । उनीहरू हराउँछन्, उनीहरू कहाँ जान्छन् भन्ने केही पत्तो हुँदैन ।

*हिन्दीबाट रूपान्तरः गोविन्द वर्तमान*

नेपाल-अध्ययन चिडियाखाना चहार्दा-२

डा. तीर्थबहादुर श्रेष्ठ



# न उड्ने चरो बिचरो !

**अरबी भाषामा ऊँटलाई सुतुर र कुखुरालाई मुर्ग भनिन्छ। यो 'ऊँट कुखुरा' उड्न सक्दैन। त्यस हिसाबले यो चरो नभई बिचरो हुन आउँछ; तर दौडमा भने सुतुरमुर्गलाई अरू कुनै चराले भेट्दैन। आपतविपतमा आफ्नो टाउको मात्र बालुवाभित्र लुकाई शत्रुबाट जोगिएँ भन्ने 'सुतुरमुर्ग भ्रम' संसारभरको प्रचलित कथन हो। तर, यो कथन पनि सत्य भने होइन। सुतुरमुर्गले बालुवा खनेर अण्डा लुकाउँछ, टाउको होइन।**

*'बालक बबुरो द्विज शुकनामा, हुँ म परेको छु पिँजरामा"*
- *पिँजराको सुगा* बाट

बाघ, भालु, गैँडा जस्ता दुर्लभ स्तनधारी वन्यजन्तु चिडियाखानाका विशेष आकर्षण हुने गर्छन्। तर त्यहाँ चरा र चिडियाको उपस्थिति पनि कम रोचक हुँदैन। चराचुरुङ्गीको प्राकृतिक वैभव र विविधतामा नेपालले विश्वमै विशेष स्थान ओगट्छ। सङ्ख्यात्मक दृष्टिले विश्वका ८.३ प्रतिशत चरा प्रजाति (८५२ प्रजाति) नेपालभित्र पाइन्छन्। ती सबैको प्रतिनिधित्व कुनै पनि चिडियाखानामा सम्भव हुँदैन। त्यहाँ ५७ प्रजातिका २८० जति चराचुरुङ्गी मात्र अटाउन सकेका छन्। तीमध्ये नेपालमा पाइने ५० प्रजातिका छन्। हिमाल चिनाउने डाँफे र मधेश चिनाउने मयुरसँग त यहाँ साक्षात्कार भई नै हाल्छ। विश्वकै सर्वाधिक ठूलो कद भएको चरा अफ्रिकाको सुतुरमुर्ग तथा उड्न सक्ने क्षमता भएका चरामध्ये सबैभन्दा अग्लो नेपाली सारस पनि आपसमा देखादेख गर्दछन् जावलाखेलको


भाले मयुरको नाच

चिडियाखानामा। उड्ने क्षमताको कुरा गर्दा विश्वकै सर्वोच्च पर्वतभन्दा माथि उडेर हिमाल पार गरी आउने खोया हाँस पनि चिडियाखानाको पिँजडाभित्र देख्न पाइन्छ। त्यसैगरी अति नै तीव्र गतिमा हान्निएर आफ्नो सिकार छोप्न सिपालु शाहीवाज र तिनको सिकार बन्ने निरीह चरा कऱ्याङकुरुङ पनि खोरभित्र एकअर्कालाई हेराहेर गर्छन्। विश्व कीर्तिमानका यी पन्छीहरूलाई कति संवेदनशील स्थितिमा पालनपोषण गरिएको छ भन्ने कुरा प्रत्येक दर्शकले बुझ्नुपर्दछ र सोहीअनुरुप अवलोकन गर्नुपर्दछ। तिनलाई जिस्क्याउने, भड्काउने वा अनावश्यक आहारा दिने क्रियाकलाप गर्नुहुँदैन।

चिडियाखानाभित्र चरा-परिसरमा पुग्नासाथै पोथी मयुरको 'मियाउ...मियाउ' आवाज र नाच्न तम्सेको भाले मयुरका फिँजिएका रङ्गीन प्वाँखले आगन्तुकहरूलाई तुरुन्तै आकर्षित गर्दछ। चराको संसारमा विश्व सुन्दरीको रूपमा मात्र नभई नाचेर समेत आफ्नो सौन्दर्य प्रदर्शन गर्न सक्ने चराको रूपमा मयुरको प्रख्याति स्थापित छ। हाम्रो धर्म, संस्कृति र साहित्यसँग पनि मयुर निकै घनिष्ठ छ। शिरमा मयुरको प्वाँख सिउरेर हातमा मुरली सुहाएपछि मात्र भगवान श्रीकृष्णको अवतरण पूर्ण हुन्छ। तराई मधेशका प्रायः सबै जनजातिका कला र संस्कृतिमा मयुरको उच्च स्थान रहेको भेटिन्छ। वनबाट मयुरको प्वाँख बटुलेर मयुरकै नक्कल गरी देखाउने 'मयुर नृत्य' आजभोलि थारूनाचको अभिन्न अङ्ग बनिसकेको छ। प्रत्येक वर्ष मयुरले आफ्नो पुरानो प्वाँख झारेर नयाँ प्वाँख फेर्ने हुनाले प्वाँख बटुल्न समस्या पर्दैन।

काष्ठ कलाकृतिमा पनि मयुरले विशेष स्थान ओगट्ने गरेको छ। भक्तपुरका मल्ल राजाका पालामा बनेको 'मयुर झ्याल' नेपाली काष्ठकलाको उत्कृष्ट नमुनाको रूपमा स्थापित छ। भारतमा मुगल वादशाह शाहजहाँको निम्ति सङ्गमरमरमा बनाइएको मयुरआसन (पिक्क थ्रोन) उत्कृष्ट कलाकृतिको अर्को नमुना मानिन्छ। नेपाल र भारतमा मयुरलाई महादेव पुत्र कार्तिकेय अर्थात् कुमारको वाहनको रूपमा पुजिन्छ। मयुरलाई नेपाली कानुनअनुसार संरक्षित पन्छीको कोटिमा राखिएको छैन तर यो पन्छी भारतको राष्ट्रिय पन्छी हो र त्यहाँको वन्यजन्तु संरक्षण ऐनद्वारा यसलाई संरक्षण प्रदान गरिएको छ।

मयुरका विषयमा हाम्रो समाजमा विभिन्न विश्वास र अन्धविश्वासका कथाहरू पनि बुनिएका छन्। भाले मयुरले आफ्ना सबै प्वाँख एक विशाल पङ्खाको रूपमा फिँजारेर नाच्दै नाच्दै वनै गुञ्जायमान हुने गरी 'मियाउ...मियाउ' कराएर आफ्नी सँगिनीलाई पुकारेको आवाजलाई एक रोदनको रूपमा चित्रण गरिन्छ। भनिन्छ, मयुरले आफ्नो शरीरलाई नसुहाउने नाङ्गो र नराम्रो खुट्टा देखेपछि यस्तो विलौना गर्दछ। त्यस्तै अर्को कथन अनुसार भाले मयुरहरू नाच्दानाच्दै यौन उत्तेजनाको पराकाष्ठामा पुगेर आफ्नो वीर्य स्खलन गर्दछन् र पोथी मयुरले मोती टिपे

**भाले मयुरहरू नाच्दानाच्दै यौन उत्तेजनाको पराकाष्ठामा पुगेर आफ्नो वीर्य स्खलन गर्दछन् र पोथी मयुरले तिनलाई टिपेर खाएपछि गर्भधारण हुन्छ भनिन्छ, तर यो अन्धविश्वास हो।**

तस्बिरहरू: डा. तिमिला श्रेष्ठ

सारसको जोडी



जस्तै गरेर तिनलाई टिपेर खाएपछि गर्भधारण हुन्छ। तर यो अन्धविश्वास हो। हामीले यस्ता अन्धविश्वासलाई छोडेर के विश्वास गर्नुपर्छ भने प्रकृतिका यी अनुपम कृतिहरूलाई हामी मानिसबाटै जोगाउनुपरेको छ।

वर्तमान विश्वको सबभन्दा ठूलो चरा अष्ट्रिच अर्थात् सुतुरमुर्ग चिडियाखानाको सानो चउरभित्र वेचैन यताउता गरिरहेको भेटिन्छ। अरबी भाषामा ऊँटलाई सुतुर र कुखुरालाई मुर्ग भनिन्छ। यो 'ऊँट कुखुरा' उड्न सक्दैन। त्यस हिसाबले यो चरो नभई बिचरो हुन आउँछ; तर दौडमा भने सुतुरमुर्गलाई अरू कुनै चराले भेट्दैन। ऊँट जस्तै यो चरा पनि मरुभूमिको विशेष आकर्षण हो। आपतविपतमा आफ्नो टाउको मात्र बालुवाभित्र लुकाई शत्रुबाट जोगिएँ भन्ने 'सुतुरमुर्ग भ्रम' संसारभरको प्रचलित कथन हो। तर, यो कथन पनि सत्य भने होइन। सुतुरमुर्गले बालुवा खनेर अण्डा लुकाउँछ, टाउको होइन।

सुतुरमुर्गकै बगालमा एकजोडी सारस चरा राखिएको छ। लगभग साढे एक मिटर (पाँच फिट) अग्लो सारसलाई ज्यादै शुभलक्षणको मानिन्छ। धानको फसल तयार हुने बेलामा सारसहरू सलबलाएको देखिन्छ। सारसका गाला र गर्धन तथा तिनका लामा-लामा खुट्टा अति सुन्दर रातो रङले पोतिएका हुन्छन्। यो नेपालको संरक्षित पन्छी हो। कपिलवस्तुको लुम्बिनी क्षेत्रमा अझै पनि उडेको सारस देख्न सकिन्छ। तर यसको सङ्ख्या घट्दो छ र दिनपरदिन दुर्लभ हुने क्रममा छ। सुखी दाम्पत्य जीवनको प्रतीकको रूपमा सारसले विशेष मान्यता पाएको छ। यसको प्रणय-नृत्यले हामीलाई पनि रोमाञ्चित बनाउँछ। पखेँटा फिँजारेर एकले अर्कालाई भुइँसम्म निहुरेर ढोग्दै घुम्ने प्रेमालापको प्रशंसा नगरी कोही पनि रहन सक्दैन। यो चरा आफ्नो रैथान छोडेर अन्यत्र जाँदैन। त्यसैले लुम्बिनी यात्रामा निस्कनेहरूले सारस दर्शनको कार्यक्रम पनि राख्नु उचित हुन्छ।

नेपाली आकाशमा जति कऱ्याङकुरुङको महत्त्व छ, चिडियाखानाको चरा देखेपछि त्यो यतिकै मलिन हुन्छ। आकाशमा अङ्ग्रेजी 'भी' (V) आकारको ताँतीमा उडेर दशैं-तिहारताका उत्तरतिरबाट नेपाल भित्रिने र चैत-वैशाखतिर दक्षिणबाट उत्तरतिर लाग्ने कऱ्याङकुरुङको बथान ५० वर्ष पहिलेसम्म काठमाडौंकै आकाशमा पनि देख्न पाइन्थ्यो।

# नेपाल-अध्ययन चिडियाखाना चहार्दा-२

अहिले यिनीहरूको आवागमन अवलोकन गर्न पर्यटक एवं चरा विशेषज्ञहरू मुस्ताङको कालीगण्डकीमा ढुकेर बस्छन्। यो चराको शरीर फुस्रो खरानी रङको हुन्छ र गला तथा घाँटीमा लत्रिएका काला प्वाँख देखिन्छन्। ठूल्ठूला नदी किनार र बगरमा बस्दा यिनीहरू ज्यादै चनाखो भएर बस्छन्। केही भय वा त्रासको सङ्केत मिल्नासाथ कन्याङकुरुङ आवाज निकालेर एकले अर्कालाई खबर गर्दै भाग्छन्। विशेष गरेर हाम्रो पहाडी क्षेत्रमा काँक्रो र फर्सी रोप्नका लागि कन्याङकुरुङको बाटो हेरिबस्ने चलन छ। यिनीहरूले उपयुक्त मौसमको सूचना किसान वर्गमा प्रवाह गर्ने परम्परा आजभोलि गौण हुँदैछ। हिमालको सिरानीलाई नाघेर ८ हजार मिटरभन्दा उच्च आकाश छिचोल्दै उड्ने खोया हाँसका दुई जोडी चिडियाघरभित्र चार मिटरभन्दा होचो घरमा खुम्चेर बस्न बाध्य छन्। आहारा-पानीले गर्दा मोटाएका यी सेता हाँस देखेपछि यिनमा त्यस्तो उड्ने शक्ति छ भनी विश्वास गर्न गाह्रो पर्छ। यिनको सेतो टाउकोमा दुई वटा बाक्ला-बाक्ला धर्साहरू पछाडिबाट घुमेर आँखा छेउसम्म पुग्छन्। जाडोयाममा नारायणी, गण्डकी, कर्णालीका किनारमा चारा खोज्दै हिँड्ने यी हाँस कसरी ८ हजार मिटरको उचाइमा उड्न सक्छन्- त्यो लीला बुझ्न सजिलो छैन। हामीलाई भए ४००० मिटरबाटै अक्सिजन सिलिण्डर बोकी लैजानुपर्ने हुन्छ।

खोया हाँसको छेउमा प्रेमकथाका अमूल्य जोडी 'चखेवाचखेवी' लाई अर्को खोरभित्र देख्न सक्छौं। गाढा सुर्ती रङ वा गेरु रङको चमकमा यो हाँस अलग्गै चिनिन्छ। गर्धनमा कालो औंठी आकारको चक्का भएको चरा छ भने त्यसलाई भाले चखेवा भनेर चिन्नुपर्दछ। जाडोयाममा तराईका ठूलाठूला नदी किनारमा पनि यिनका जोडी देखिन्छन्। गर्मी लागेपछि यिनीहरू हिमालपारि पुग्छन्। यिनको जोडीमध्ये एकको मृत्यु भयो भने अर्काले पनि विरहै विरहमा मृत्युवरण गर्दछ भन्ने कथन छ। चखेवा-चखेवीको जस्तै वियोगान्त प्रेमकथा महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनमा उजागर हुन्छ।

जीउभरी थोप्ला भएको लौकाट चरा, त्यस्तै; कालो कालिज, सेतो कालिज, सुनौला कालिज र विभिन्न वाज र गरुड पनि चिडियाखानाका महत्त्वपूर्ण सङ्कलन हुन्। धनेश चरा भने अहिले त्यहाँ देखिँदैन। त्यस्तै सुगा-मैनाको उपस्थिति पनि न्यून पाइन्छ। मानिससँग सजिलै रतिने चरामध्ये च्याखुराको उपस्थिति निकै रमाइलो हुन्छ। आकाशको चन्द्रमासँग प्रेमालाप गर्न च्याखुरा अर्थात् चकोर सधैं तल्लीन हुन्छ भन्ने आम विश्वास छ। भेट्न नसकिने प्रेमीसँगको अगाध प्रेमकहानी चन्दा-चकोरको कथामा जोडेर हेर्ने गरिन्छ। चिडियाखानामा पालिएका च्याखुरा भने चन्द्रमासँग होइन आफ्नै सँगिनीसँगको वियोगमा चुपचाप भेटिन्छन्। यिनले धूलोले नुहाएर जुम्रा वा अन्य कीराकिर्ना जीउबाट भगाउँदै गरेको दृश्य भने दुर्लभ हुँदैन।

